# शुभारम्भ



❖ प्रा. राजेन्द्र सुवेदी

कविले कवितालाई कुण्ठाग्रस्त भावनाबाट मुक्त राख्न पहिले त साधनारत हुनुपर्छ अनि कवि, कविताको प्राध्यापक र साहित्यको कविताविभागको प्राज्ञ हुँ भन्नेले पनि चारओटा भए पनि शास्त्रीय मर्यादाका कविताको नियम र लयको रक्षा गर्ने कला त आर्जन गर्नै पर्छ र गद्यका पनि प्रवाहमय, आनुप्रासिक तथा ध्वन्यार्थक पदयोजना तथा पङ्क्तिविन्यास र पठनको शैलीसँग समेत परिचित बन्नै पर्छ। कविले कविताको भावको प्रवाहलाई निर्वाधरूपमा गतिवान् बनाउन र शिल्पमा सुमधुर अन्तर तथा बाह्य लयविन्यास गर्नसक्ने कुशलता प्राप्त गर्नुपर्दछ। यसो गर्नसके मात्र अकुण्ठित कवित्व आर्जन गर्ने हैसियत प्राप्त गर्दछ। गीता सापकोटाका कवितामा यो सामर्थ्य देखिन्छ। उनका कविता बेवारिसे गन्थन होइनन्।

*– प्रा. राजेन्द्र सुवेदी (कवि गीता सापकोटाको कवितासङ्ग्रह 'भान्से बाहुनी'को भूमिकाबाट साभार)*

❖ सम्पादकीय

# ठालुपन, छाडा संस्कृति र पैसामुखी लम्पट प्रवृत्ति

राजनीतिमा इमान, नैतिकता, निस्वार्थता र कर्तव्यबोध भएन भने राजनीति सर्वोच्च नीति बन्नसक्तैन र त्यस्तो अवस्थामा कहिल्यै पनि मुलुकको सही नेतृत्व राजनीतिले गर्नसक्तैन । जब राजनीतिले सही नेतृत्व गर्नसक्तैन तब मुलुकको समृद्धि कहिल्यै पनि हुनै सक्तैन । राजनीतिमा जब इमान हराउँछ, नैतिकता हराउँछ, कर्तव्यबोध हराउँछ, आफैँले गरेका बाचाकसम बिर्सिइन्छन्, देश र जनता सर्वोच्च हुन् भन्ने मूल आदर्शलाई जब किनारा लगाइन्छ, जब एकचोटि जनमत प्राप्त गर्नु भनेको लुटको इजाजत प्राप्त गरेको हो, बेइमानीको इजाजत प्राप्त गरेको हो र यही वेलामा देश र जनतालाई लुटेर आफ्नो स्वार्थको घैँटो भरिहाल्नुपर्छ भन्ने दुराशयले ग्रस्त बेइमान र लम्पटहरूलाई राम्रो मानेर, ठानेर जनताले जब विवेकको मत दिनुपर्ने अवस्था आउँछ र दिन्छन् त्यसपछि फेरि आफ्नै टाउकामा धारे हात लगाउनुपर्ने अवस्था आउँदो रहेछ ! ‘कुकुरको पुच्छर बार वर्ष ढुङ्ग्रामा हाले पनि बाङ्गाको बाङ्गै’ भन्ने उखानको पुनरावृत्ति हुँदो रहेछ !

स्वार्थी लम्पटहरू, बेइमानहरू, आफ्नै बोलीमा अडिननसक्ने नराधमहरू चुनावको वेला जनताका सामु जाँदा हजुर ! हजुर ! गर्दै म्याउँ म्याउँ गरेको पनि जित्नासाथ बिर्सँदा रहेछन् ! छेपाराको जस्तो रङ फेर्दा रहेछन् ! आफूलाई निकै ठुलो अनि ठालु ठान्दा रहेछन् ! र जनतालाई र जनताले छानेका अरू जनप्रतिनिधिलाई होच्याउने काम गर्दा रहेछन् ! ‘एक माघले जाडो जाँदैन’ भन्ने यथार्थलाई पनि भुसुक्कै बिर्सँदा रहेछन् ! राजनीति गर्नु भनेको लुट्नका लागि हो, जनता र देशको सेवाका लागि होइन आफ्नो भुँडी भर्नका लागि हो, देशको समृद्धिको कुरा त बोल्ने बकवास मात्र हो, खास समृद्धि गर्ने भनेको त आफ्नो, परिवार र आसेपासेको हो भन्ने अन्तरमनमा खुनी नियत राख्दा रहेछन् ! जनताका सामु म्याउँ म्याउ गर्ने हिजोको बिरालोप्रवृत्ति एकाएक सिंहप्रवृत्तिमा रूपान्तरण गर्नखोज्दा रहेछन् !

सबैलाई थाहा छ, चुनावका वेला धेरै आश्वासन दिइएको हुन्छ । सबै पूरा हुन पनि सक्तैनन्, एकैपटक गर्न पनि सकिदैन तर इमान्दार प्रयत्न गरिरहने हो भने, इमान नचुकाउने हो भने, स्वार्थमा नदौडने हो भने, जनताको सेवामा सकेजति निष्ठापूर्वक लागिरहने हो भने जनता र समाजको हितमा धेरै काम गर्नसकिन्छ पनि । त्यसैगरी आफूलाई सर्वेसर्वा र ठालु नठान्ने हो भने पनि अर्को आवधिक निर्वाचनमा जनताका बिचमा जाने ठाउँ रहन्छ नै । जनता निर्विवेकी हुँदैनन् । उनीहरूलाई थाहा छ प्रेमिकाका पछि लागेका वेलामा प्रेमीले आकाशका तारा नै झारिदिन्छु भन्छ तर यथार्थ जीवनमा त्यो सम्भव हुँदैन र पछि गएर ठाकठुक पर्छ, झगडा पर्छ, कसै कसैको त छुटानाम पनि हुन्छ र अन्तमा यथार्थको धरातलमा टेकेपछि हो त नि, यस्तै हो भनेर घरजम गर्नथाल्छन् ! ठिक त्यसैगरी जनताले आफ्नो अमूल्य मत

दिएर जिताएका जनप्रतिनिधिले पनि जनताले पचाउनेसम्मका हर्कत र व्यवहार गर्नु मात्र उचित हुन्छ। राजनीति नै गर्ने हो र फेरि पनि जनतासामु गएर हजुर ! भन्दै ढोग्नुपर्ने हो भने आफूले आफूलाई ठालु घोषणा गरेको कत्ति पनि सहाउँदैन, बदनियत राखेर राज्यकोष लुट्ने प्रपञ्च गरेको खुनी नियत जनताका सामु छर्लङ्ग हुन्छ र आफूलाई ठालु ठान्ने जनप्रतिनिधिको औकात पनि नाङ्गोझार हुन्छ। त्यसैले त 'एक माघले जाडो जाँदैन' भनिएको हो नि।

जनताको मत प्राप्त गरेर सांसद बनेका वा बनाइएकाहरूले आफूलाई ठालु ठान्नलागेको अलि अगाडिदेखि नै देखिएको, सुनिएको हो ! निर्वाचित भएपछि अनुशासनको सीमामा बस्नै पर्दैन भन्ने र पाँच वर्षपछि जनताका बिचमा जाँदा त सबै दुष्कर्महरू बिर्सिहाल्छन् नि भन्ठान्ने, आफूलाई सर्वेसर्वा ठानेर र आफ्नो हैसियतसमेत भुलेर जे पायो त्यही बोल्दै हिँड्ने नराधम प्रवृत्ति, आफ्नो धरातल बिर्सिने प्रवृत्ति अनि स्वार्थका लागि लम्पसार पर्दै हिँड्ने लम्पट प्रवृत्ति र म मात्र जान्नेसुन्ने हुँ भन्ठान्ने आडम्बरी प्रवृत्ति पनि देखापरिरहेको छ ! सांसद भनेको जनताको प्रतिनिधि हो, उसको काम भनेको मुलुकको लागि आवश्यक पर्ने नीतिनिर्माणका लागि सम्पूर्ण क्षमताको प्रयोग गरी योगदान गर्नु हो भन्ने बिर्सेर कसरी पैसा कमाउनसकिन्छ ? कसरी लुट्नसकिन्छ ? ठेक्कापट्टा कसरी हात पार्नसकिन्छ ? कसरी पद र प्रतिष्ठा हात लाग्छ ? भन्ने मात्र ध्याउन्नमा लाग्ने अनुशासनहीन र निर्लज्ज प्रवृत्ति अहिले झन सुरुमै देखिनथालेको छ ! केन्द्रमा मात्रै दुई सय पचहत्तर जना सांसद रहेका छन् तर मन्त्री पच्चिस जना बनाउनुपर्ने छ ! अनि सबैले पद कसरी पाउनसक्छन् ? पद जसरी पनि हात पार्नुपर्छ भन्दै नेताका पछाडि लाग्ने ! घर घरमा धाउने ! सकेसम्म दबाब दिने ! मरिहत्ते गर्ने प्रवृत्तिलाई निष्ठा र इमानको कसीमा कसरी घोट्नसकिन्छ ? यो स्वार्थी र लम्पट प्रवृत्ति हो कि होइन ?

मुलुकको इतिहासमा पहिलोपटक वामपन्थीको अत्यधिक बहुमतका साथ सरकार निर्माण भएको छ। भोलि वामपन्थीको सरकार बन्छ अहिले नै पछिसम्म अप्ठ्यारो पार्नेगरी निर्णय गरिदिनुपर्छ भन्ने गलत सोच भएका, मालिकको इसारामा चल्ने लम्पट र अरौटे खेतालारूपी पूर्ववर्ती सरकारले गरेका गलत निर्णय सच्याउनुपर्ने र आफूले पनि सकेसम्म जनता र देशको हितमा मात्र हुनेगरी राम्रा र असल काम गर्नुपर्ने जनताको पूर्ण भरोसाको यो सरकारको दायित्व पनि थियो । अनि संसारभर फैलाइएको ' वामपन्थीहरू तानाशाही सरकार चलाउँछन्' भन्ने गैरजिम्मेवार अफवाह चिर्नु र सोहीअनुसारको सीमित स्रोत र साधनभित्रै रहेर देश र जनताको हितमा बजेट निर्माण गर्नु पनि यो सरकारको दायित्व रहेको थियो। 'काम्लोमा सातु नमुछ्नु, मुछेपछि नघिनाउनु' भने झैँ हाम्रो जस्तो सानो मुलुकले धान्नै नसक्ने सङ्घीयतारूपी घाँडो गलामा झुन्ड्याएर सीमित स्रोत र साधनको बटवारा गर्नुपर्ने बाध्यात्मक अवस्थामा बजेट निर्माण भइरहँदा तलब बढाउनै पर्ने दबाब कर्मचारीले दिने ! आफूखुसी खर्च गर्नेगरी दस करोड दिनै पर्ने सांसदको दबाब रहेको पनि सार्वजनिक भयो ! राज्यकोषबाट जनताले तिरेको करबाट तलब खाने कर्मचारीले मात्रै

प्राथमिकता पाउनुपर्ने हो र ? राज्यले प्राप्त गर्ने आयमा कर्मचारीको योगदान कति छ ? जबकि उपसचिवसम्मका कर्मचारीले लगभग आयकर तिर्नुपर्दैन, सामान्य सहभागिता मात्रै हो ! ए बाबा ! मुलुकमा सरकार छ, सरकारी संयन्त्र छ, योजना बनाउने राष्ट्रिय योजना आयोग छ, जनताले जिताएका जनप्रतिनिधि छन्, राज्यले अब त सोझै स्थानीय निकायलाई बजेट पठाउने व्यवस्था कार्यान्वयन भएको छ । प्राप्त बजेटले के र कस्तो काम गर्ने भन्ने निर्णय गर्न स्थानीय निकाय स्वायत्त छन् । यस्तो वेलामा आफूखुसी आसेपासे पोस्न, स्वेच्छाले खर्च गर्न र नक्कली बिलभरपाई बनाएर लुट्न सांसदलाई अलग्गै राज्यले बजेट किन दिनुपर्‍यो ? सांसदलाई सरकार र उसका कानुनबमोजिमका संरचनाभन्दा माथि हुनुपर्ने किन ? ठालु पल्टिनुपर्ने किन ? बजेट दिनुपर्ने किन ? दिँदै नदिनुपर्ने रकम चार/चार करोड दिइयो किन ? यो मामलामा सरकारका प्रधानमन्त्री र राजनीतिक दलहरूको गम्भीर गल्ती भएको छ ! सांसदलाई ठालु बनाउने काम गरिएको छ ! सच्च्याइहाल्नुपर्ने अत्यन्त गलत कार्य हो यो ।

संसदको रोस्टममा सार्वजनिक सञ्चार माध्ममको अगाडि उभिएर सांसद बनाइएका केही नराधमहरूले आफूखुसी खर्च गर्ननपाउने, स्थानीय जनप्रतिनिधिसँग समन्वय गरी योजना छनोट गरेर मात्र खर्च गर्नपाउने बजेट नलिने उद्घोष गरे ! बरु यो त राम्रै कुरा थियो, राज्यकोष लुटिने त थिएन ! कम्तीमा अर्थमन्त्रीले यत्ति अङ्कुश त लगाइदिएछन्, उनलाई धन्यवाद भन्नुपर्छ तर एक जना अर्का नराधमले त वडाध्यक्ष र आफू सांसदको हैसियत कसरी बराबर हुन्छ ? आफूलाई वडाध्यक्षसँग दाँजेको भनेर गर्जेको पनि सुनियो ! जनताको अभिमत भनेको चाहे वडाध्यक्षका लागि होस्, चाहे सांसदका लागि होस् बराबर हुन्छ, उत्तिकै मत्त्वको हुन्छ । ती लम्पट, अहङ्कारी नराधमलाई जनताको अभिमतको मूल्यसमेत थाहा रहेनछ ! विचरा ! तिनको हैसियत ! अब विचार गरौँ त ! यस्ता निकृष्ट विचारका, स्वार्थप्ररित, विभेदकारी चिन्तन बोक्ने लम्पटबाट मुलुक र जनताको समृद्धि कसरी हुनसक्छ ? त्यसैले चुनावताका जनता र देशको पक्षमा काम गर्ननसक्ने पिलन्धरेलाई उसको पदबाट फिर्ता बोलाउनपाउने व्यवस्था कानुनमा कतै न कतै गरिनुपर्छ भन्ने आबाज उठेको पनि थियो र यो सुरुकै अवस्थामा त्यस्तोखालको कानुन अपरिहार्य रहेछ भन्ने प्रमाणित हुनआएको छ ।

लोकतन्त्रमा जनता सर्वोच्च हुन्छन् । जनताको अभिमत सर्वोच्च हुन्छ । जनताको अभिमतलाई होच्च्याउने वा अवमूल्यन गर्ने हकअधिकार कोही कसैलाई हुँदैन । करिब अढाइ सय वर्षको राजतन्त्ररूपी निरङ्कुशतालाई समाप्त पार्दै जनताको रगतको बलमा स्थापित लोकतन्त्रको आशय यस्ता ठुटे राजा जन्माउने होइन, छाडातन्त्र बढाउने होइन, ठालु संस्कार विकास गर्ने होइन र पैसामुखी लम्पट प्रवृत्तिको बढोत्तरी होइन, सरकारलगायत कसैलाई पनि बेलगाम हिँड्नदिने होइन । चेतना भया ।

*रमेश पोखरेल*

## यस अङ्कमा


**विशेष संवाद**

**साहित्य र राजनीति...**

*मोहनविक्रम सिंह/१२*

**कविता/हाइकु**

**शान्ति...** - *वासुदेव अधिकारी/३०*

**गर्भे...** - *कौशिला रिसाल /३८*

**नेपाल...**- *गङ्गा लिगल/३५*

**हाइकु...** - *मुकुन्द न्यौपाने/४३*

**लक्ष्य**- *डम्बर घिमिरे/४४*

**पलहरु**- *सुरज रेग्मी/४५*

**अभावमा**- *जेबी खत्री/५३*

**म...**- *तारा गाउँले/५७*

**गजल**- *जनार्दन अधिकारी 'धड्कन'/६०*

**अनुवाद/कविता**

**स्मृति/रातो...**- *संगीता सिंह 'भावना'/३१*

**कथा/लघुकथा**

**भक्तलालको...** - *राममणि पोखरेल/३२*

**समानता** - *दुर्गा वनवासी /५८*

**स्वाभिमान...** - *नवराज भट्ट/४८*

**यस पटक**

*प्रभाती किरण/८*

**संस्मरण/निबन्ध/समालोचना/कृति समीक्षा**

**प्रफुल्लित...** - राम विनय/२८

२०७४...- *अच्युत घिमिरे/३९*

**मखमली...**- *डा. पुष्करराज भट्ट/४६*

**प्रगतिशील...**- *गणेश घिमिरे मार्मिक/५४*

**स्थायी स्तम्भ**

**शिखर व्यक्तित्व**

महाकवि अश्वघोष/७

**समाचार** /६१

**अनूभूति**

*गङ्गाप्रसाद उप्रेती/६४*



शब्द संयोजन मासिक

# शब्द-संयोजन

(मासिक साहित्यिक प्रकाशन) वर्ष १५ अङ्क ३ पूर्णाङ्क १७०/२०७५ असार

जिप्रकाका द.नं. १४/२०६०/०६१

**सल्लाहकार**: डा. मोदनाथ प्रश्रित, प्रा. डा. जीवेन्द्र देव गिरी, राम विनय
प्रा. केशव सुवेदी, ई. महेन्द्र गुरुङ

साहित्य सन्ध्याका लागि **प्रकाशक/संरक्षक**: वासुदेव अधिकारी

**प्रधान सम्पादक**: रमेश पोखरेल

**कार्यकारी सम्पादक**: सुमी लोहनी

**सम्पादक**: रूपक अलङ्कार

**अन्तर्वार्ता संयोजन**: अच्युत घिमिरे

**कला**: गणेशकुमार जी.सी.

**आवरण : गुगल**

**प्रतिनिधि**: पुण्यप्रसाद खरेल(झापा), हरिप्रसाद तिमिल्सिना (नेपालगन्ज), नमुना शर्मा (चितवन)

Email : s_samyojan@yahoo.com website: sahityasandhya.org.np

**मुद्रण**: फर्म्याट प्रिन्टिङ प्रेस, भत्केको पुल हाँडिगाउँ, काठमाडौँ

**साजसज्जा**: टच क्रिएसन प्रा. लि.

जनताको पिरमर्का सुन्न र रचनात्मक सुझावहरू ग्रहण गर्न नेपाल सरकार सधैँ तत्पर र जागरुक छ। साथै समस्या निराकरण गर्न सुझावको अपेक्षा पनि गर्दछ।

नेपाल सरकार
सूचना तथा सञ्चार प्रविधि मन्त्रालय
**सूचना विभाग**

## शिखर व्यक्तित्व

### ❖ महाकवि अश्वघोष

अश्वघोष संस्कृत काव्य इतिहासका महाकवि हुन् । सङ्ख्यात्मक रूपमा थोरै काव्यहरू वर्तमानमा प्राप्त भए तापनि संस्कृत साहित्यको इतिहासमा उनको योगदान सदा अविस्मरणीय रहेको छ । अश्वघोष आर्ष महाकाव्य र ललित महाकाव्यलाई जोड्ने कवि हुन् भने कलात्मक धारका अग्रणी कवि हुन् । अश्वघोषलाई कालीदासभन्दा परवर्ती मान्नेहरू पनि छन् तर उनी कालीदासभन्दा पूर्ववर्ती नै हुन् भन्नेमा धेरै अन्वेषकहरू सहमत भएका छन् । अधिकांश संस्कृत कविहरूको जन्ममिति र जन्मस्थानमा विवाद भए जस्तै अश्वघोषका विषयमा पनि विवाद नभएको होइन तर उनको जन्ममिति इशाको प्रथम शताब्दी र जन्मस्थान अयोध्या हो भन्ने प्रमाणहरू धेरै भेटिएका छन् ।

अश्वघोष दार्शनिक, सङ्गीतज्ञ र कवि थिए । तत्कालीन अयोध्यामा युनानीहरूको पनि आवतजावत भइरहने हुँदा अश्वघोष पनि उनीहरूको चालचलन र रीतिरिवाजका जानकार थिए । युनानीहरूको नाट्यकलाबाट प्रभावित भएर उनले उर्वशीवियोग नाटक लेखे । उनको विद्वता र कवित्वबाट प्रभावित भएकी युनानी युवतीप्रति अश्वघोषको झुकाव बढ्यो । उनले परम्परा र आफ्नो जात र धर्मको समेत बेवास्ता गर्दै यवनवनितासित माया साटे । तत्कालीन समाजसित जुध्न गारो हुने हुँदा सामाजिक, धार्मिकबन्धन अलिक खुकुलो भएको बौद्धधर्मलाई अश्वघोषले अँगाले । यिनी राजा कनिष्कका दरबारमा बौद्ध आचार्यका रूपमा अश्रित थिए भने बौद्धधर्म र दर्शनका विशिष्ट विद्वान्का रूपमा यिनी परिचित थिए ।

अश्वघोषले रचना गरेका प्रमुख कृतिहरू बुद्धचरित र सौन्दरानन्द हुन् । यी दुबै कृतिहरू बुद्धचरित र बौद्धधर्मसित सम्बधित छन् । बुद्धचरित संस्कृत भाषामा जम्मा सत्र सर्गसम्मको पाइएको छ भने जापानी र चिनियाँ अनुवादमा भने अठ्ठाइस सर्गसम्म पाइएको छ त्यसैले यस महाकाव्यमा अठ्ठाइस सर्ग नै थिए भन्ने कुरा अवगत हुन्छ । यस महाकाव्यमा गौतमको जन्मदेखि ज्ञान प्राप्त गरेर उपदेश गर्न थालेसम्मका बुद्धका चरित्रहरूको वर्णन गरिएको छ । अश्वघोषको अर्को महत्त्वपूर्ण कृति सौन्दरानन्द हो यस महाकाव्यमा अठार सर्ग छन् । यसमा बुद्धका सौतेनी भाइ नन्दले प्रव्रज्याग्रहण गरेको विषयलाई महत्ता दिइएको छ । काव्यतत्त्वका आधारमा भने बुद्धचरितभन्दा सौन्दरानन्द शक्तिशाली देखापर्छ ।

अश्वघोषका महाकाव्यमा पनि समाजको व्यापक परिवेशले स्थान पाएको छैन । राजप्रासाद र उच्चकुलीनहरूको भव्यताको वर्णनलाई उनले महत्त्व दिएका छन् भने उनको कवित्वशक्ति पनि मध्यमस्तरकै रहेको पाइन्छ । हुन त उनी कलात्मक महाकाव्य धाराका कवि हुन् तैपनि उनका काव्यमा कविताभन्दा बौद्धधर्म एवम् दर्शन महत्त्वपूर्ण भएर देखा परेका छन् । उनका महाकाव्यहरू बौद्धदर्शनका काव्यात्मक रूपान्तरण हुन् ।

अश्वघोषले आफ्ना महाकाव्यहरू बुद्धिविलास र मनोरञ्जनका लागि नभएर मोक्ष र शान्तिका लागि भएको उल्लेख गरेका छन् । यद्यपि उनले आफ्ना महाकाव्यमा अधिकांश रसहरूको उपयोग गरेका छन् । अश्वघोषले बृहत्तम आर्षमहाकाव्यको परम्परालाई तोड्दै कलात्मक सङ्क्षिप्त महाकाव्य लेखनको परम्परा बसाले जसलाई उनीपछिका कविले पनि अनुसरण गरेका छन् । ।

*-रूपक अलङ्कार*

# यस पटक



❖ **प्रभाती किरण**

वि.सं.२०३६ साउन ९ गते माता सीतादेवी तथा पिता रामप्रसाद अधिकारीका सुपुत्रका रूपमा नुवाकोट जिल्लाको दाङसिङ ६ मा जन्मिएका अर्जुन अधिकारी साहित्यमा प्रभाती किरणका नामबाट कलम चलाउँछन् । नेपाली साहित्यमा बी.एड. र स्नातकोत्तरसम्मको शिक्षा ग्रहण गरेका प्रभाती अहिलेका नयाँ पुस्ताको प्रिय विधाको रूपमा रहेको गजलमा केन्द्रित रहेर क्रियाशील संस्था अनाम मण्डलीका अभियन्ता पनि हुन् भने त्रिसुली वाङ्मय प्रतिष्ठान, प्रगतिशील लेखक सङ्घ जस्ता सङ्घसंस्थामा समेत क्रियाशील रहेका छन् । उनका 'अवरुद्ध गलाहरू' गजलसङ्ग्रह, 'विचारका भग्नावशेष' गजलसङ्ग्रह, 'निबन्ध र रचनाशिल्प'जस्ता साहित्यिक कृतिका अतिरिक्त विद्यालय तथा कलेजका पुस्तकहरू निकै प्रकाशित भइसकेका छन् भने फुटकररूपमा कविता, समीक्षा, समालोचनाहरू विभिन्न पत्रपत्रिकामा प्रकाशित भइरहेका छन् । त्यसैगरी उनले 'नेपाली गजल : विगत र वर्तमान', 'त्रिशूली त्रिवेणी' तथा 'समकालीन नेपाली कथाहरू' जस्ता कृतिहरूको सम्पादनसमेत गरेका छन् । राष्ट्र, राष्ट्रियता, स्वाभिमानका पक्षमा वकालत गर्ने; सामाजिक रूपान्तरणका पक्षमा अभिमत जाहेर गर्ने र सरलताका माध्यमबाट गम्भीर भाव सम्प्रेषण गर्ने कवि प्रभाती शास्त्रीय छन्दलाई संरक्षण र सम्वर्द्धन गर्नुपर्छ भन्ने मान्यता राख्ने र त्यसैमा आफू पनि समर्पित हुने अभियन्तासमेत हुन् । समकालीन समाज र युगीन विकृति, विसङ्गतिको जीवन्त चित्रण गर्दै समाज र मान्छेले भोगेका विकृतिलाई उदाङ्ग पार्ने र राष्ट्र, प्रकृति अनि रूपान्तरणलाई केन्द्रमा राखी सिर्जना गर्ने अहिलेको समयका सक्रिय कवि प्रभाती किरणका तीनओटा कविता हामीले 'यसपटक' स्तम्भमा समावेश गरेका छौँ ।

पहिलो 'रुख र मान्छे' शीर्षकको अनुष्टुप छन्दको कवितामा प्रकृतिको अनुपम उपहार रुख हो तर मान्छे कृतध्न दास बनेको, सदैव अतृप्त बनेको, त्यागको मूल्य बुझ्दै नबुझेको र रुखबाट पनि नसिकेको; रुखले खेपेको शीत, तुसारो, झरी, गर्मी नदेखेर, नबुझेर, नसिकेर मान्छे आफ्नै स्वार्थमा मात्र लिप्त रहेको; रुखले आफ्नो सर्वस्व सुम्पन्छ तर मान्छे लिन मात्र जान्दछ, दिन जान्दैन; घातप्रतिघात, गुट र स्वार्थमा डुबेको, त्यागको मूल्य नबुझ्ने अहिलेको कृतघ्न मान्छेका प्रति आक्रोश व्यक्त गरिएको छ । दोस्रो 'आह्वान' शीर्षकको पञ्चचामर छन्दको कवितामा देश, परिवार र समाज सबै त्यागेर अनि स्वाभिमान गुमाएर रोजगारीका निम्ति युवा बिदेसिनुको पीडा उजागर गर्दै प्रवास जहिले पनि घातक हुन्छ, देशविकासमा युवाका सबल हात आवश्यक छन्, पसिना बगाई खोरिया खनेर अभावको कालो बादल पन्छाएर मुलुकको काँचुली फेर्नका लागि युवा देश फर्केर आऊ भन्ने प्रखर राष्ट्रवादी स्वर गुञ्जिएको छ । तेस्रो 'शुभेच्छा' शीर्षकको द्रुतविलम्बित छन्दको कवितामा उर्लेको र उम्लेको रगतको भेलले अभिमानजति पखालिन्छन्, ढाँट र छलले दुनियाँ चल्नसक्तैन, जनताको अपमान र तिरस्कार गर्नेलाई शिरमा होइन पाउमा पनि स्थान दिनुहुन्न, मुलुक चुसेर खाने उडुस प्रवृत्तिले जनता पीडामा छन् र उनीहरूका आँखाबाट आँसुका भेल बगेका छन्; समाजमा व्याप्त लुट, छल र ढाँट सहने सामर्थ्य जनतामा बाँकी छैन । तसर्थ यस्तो चुसाहा प्रवृत्तिको अन्त होस् र मुलुकको समृद्धि होस् भन्ने रूपान्तरणप्रेमी अन्यन्त गम्भीर भाव अभिव्यक्त भएको छ ।

# रूख र मान्छे

प्राणीको प्राण हो रूख, मान्छे कृतघ्न दास हो
सृष्टिको मूल हो रूख, मान्छे अतृप्त प्यास हो ।
त्यागको मूर्ति हो रूख, झुक्दैन कहिल्यै तल
बुन्दछ जाल मान्छेले, जान्दैन रूख क्यै छल ।

तुसारो, शीत थाप्लोमा खेपेर रूख बाँच्दछ
शिरमा गृष्मको धूप, थापेर रूख बाँच्दछ ।
जान्दैन किन मान्छेले, दुःख खेप्न बनी रुख
चाहन्छ किन पोल्टामा, समेट्न मात्र ऊ सुख ।

जान्दछ लिन मान्छेले, जानेन कहिल्यै दिन
रूखले बाँड्छ सर्वस्व, मान्छे सक्तैन चोखिन ।
फलफूल हुँदै शाखा, दिन्छ सम्पूर्ण जीवन
आफू रित्तो हुँदै रूख, मान्छेको भर्छ जीवन ।

पशुपंक्षीहरू सारा, रूखमै भर पर्दछन्
रूखलाई सजाएर, रूखमै घर गर्दछन्
छहारी धूपमा दिन्छ, झरी वर्षातमा पनि
हाँस्दछ रूख फाँडेर, मान्छे यो विजयी बनी ।

घातैघात छ मान्छेमा, झुटको खेल खेल्दछ
गुटफुट गरी आफैं, नमीठो दुःख झेल्दछ ।
स्वार्थैस्वार्थ छ मान्छेमा, मान्छे कृतघ्न जीवन
कठै ! सक्तैन मान्छेले, चाहेर रूख झैं हुन ।



# आह्वान

अनेक कष्ट गाथमा, अनेक शोक माथमा
स्वदेश नित्य सम्झँदै, प्रभातमा र रातमा ।
न दिन्छ सुत्न शान्त भै, सताउँदो छ सम्झना
सकिन्न भुल्न क्यै गरी, स्वदेशकै छ कल्पना ।

हुँदै छ देह थिल्थिलो, खपेर त्रास त्राटन
मुमाबुबासँगै प्रिया बिछोडमा कुँडी मन ।
प्रवास बग्छ नेत्रमा, न स्वाभिमान बाँच्दछ
दिएर चोट छट्पटी, अनन्त सान मास्दछ ।

स्वदेश भन्छ पौरखी, युवा जमात हात द्यौ
चुकेर हुन्न कर्ममा, विकास गर्न साथ द्यौ ।
दिँदैन काम दामले, प्रवास बन्छ घातक
बुझेर मर्म देशको, फिरेर आउ स्वागत ।

खनेर खोरिया स्वयम्, निचोर्नुपर्छ आँचल
बजार्नुपर्छ पाखुरी, सिँगार्नुपर्छ भूतल
अवश्य खुल्छ भोलिको, अकास फाट्छ बादल
हटेर जान्छ काँचुली, रमेर नाच्छ मादल ।

हिमाल हाँस्छ नेत्रमा, गुराँस फुल्छ केसमा
पहाड उच्च माथमा, छ प्राण नै मधेसमा ।
झुलेर नाच्छ कोइली, वसन्त बाग सुन्दर
समस्त विश्व भेटिने, छ देश फर्क है घर ।



# शुभेच्छा

रगतको भल उर्लिन थाल्छ कि ?
अबुझको अभिमान पखाल्छ कि ?
पवनले पनि वेग बदल्छ रे
छल गरी दुनियाँ अब चल्छ रे ?
कति पुजे जनता मत खातिर
मत बुझे जनता मत आखिर ।
शिर चढे उनकै अझ नाग झैँ
अनि फँडा अझ गर्जन बाघ झैँ ।
शिर बनाउनु हुन्न गयो दिन
पयरमा पनि वास दिने किन ?
उडुस झैँ अति पोख्त जमात छन्
मिलिजुली सरकार चलाउँछन् ।
विरहका रहमा कति बाँच्नु हो ?
नयनमा भल झन् कति साँच्नु हो ?
घरघरै लुटपाट र ढाँट छ
अति भयो सहने न त आँट छ ।
मलिन भो किन कान्ति भयो क्षति
प्रगतिको यसरी क्षय भो गति ।
खुन चुसी जनको अति मस्त छन्
महलको मदमा कति बस्दछन् ?
अब कतै पनि कंश नदेखियोस्
अनि कतै पनि वंश नमेटियोस् ।
जगतको धमिलो मुख फेर्नु छ
जगसुधारकको पथ हेर्नु छ ।



# साहित्य र राजनीति दुबैले समाजको सेवा गर्नुपर्दछ

❖ मोहनविक्रम सिंह



ने.क.पा.मसालका महामन्त्रीसमेत रहनुभएका साहित्यकार तथा वरिष्ठ राजनीतिज्ञ क.मोहनविक्रम सिंहसँग प्रा.डा.कृष्णप्रसाद घिमिरे र सहप्रा.डा.गोविन्द प्रसाद शर्मा (सुकुम शर्मा)ले राष्ट्रिय जनमोर्चाको केन्द्रीय कार्यालयमा यो अन्तर्वार्ता लिनुभएको हो र उहाँसँग भेट्न उप.प्रा.गोविन्दप्रसाद आचार्यले सहजकर्ताको भूमिका निर्वाह गर्नुका साथै रामप्रकाश पुरीले समय र स्थानको वातावरण मिलाइदिनुभएको हो। प्रश्नकर्ता प्राध्यापकहरूको जिज्ञासाको समाधान दिने क.महामन्त्री सिंहप्रति  आभार व्यक्त गर्दै उक्त संवादको प्राप्त अंश जस्ताको तस्तै राखेका छौँ।

**प्रश्न : समाज रूपान्तरण गर्न साहित्य र राजनीतिमध्ये कसको भूमिका ठूलो हुन्छ ?**

**मोहनविक्रम**: राजनीति र साहित्यमध्ये कुनै एउटाको ठुलो र अर्काको सानो हुन्छ भनेर भन्नु सही हुने छैन । दुबैको महत्त्वपूर्ण भूमिका हुन्छ। समाजको रूपान्तरणमा दर्शन, विचार वा राजनीतिक आन्दोलनहरूले पनि महत्त्वपूर्ण भूमिका खेल्ने गरेका छन् तर दर्शन वा विचारलाई साहित्यले नै प्रभावकारी प्रकारले जनताका बिचमा पुर्‍याउने गर्दछ । जनताको भावनालाई अन्तःस्करणमा पुगेर प्रभावित गर्ने कार्य साहित्यले कैयौँ गुणा बढी प्रभावकारी प्रकारले गर्नसक्दछ। दुबैले एकअर्कालाई मद्दत पुर्‍याउँछन् र त्यसका साथै उनीहरूको बेग्लाबेग्लै प्रकारको भूमिका पनि हुन्छ। विश्वमा र नेपालमा पनि समाजको रूपान्तरणमा ती दुबैका आफ्ना आफ्ना प्रकारका योगदान वा इतिहास रहेका छन् ।

**प्रश्न : समाज रूपान्तरणको मूल कडी के हो ?**

**मोहनविक्रम** : समाजको रूपान्तरण एकातिर भौतिक परिस्थिति र अर्कातिर सामाजिक र सांस्कृतिक पक्षसित जोडिएको हुन्छ। भौतिक परिस्थितिमा परिवर्तनका साथै सामाजिक वा सांस्कृतिक पक्षहरूमा परिवर्तन हुँदै जान्छ । निश्चय नै त्यसप्रकारको परिवर्तनको प्रकृया एकतर्फी हुँदैन । सामाजिक वा सांस्कृतिक पक्षले पनि भौतिक परिवर्तनमा महत्त्वपूर्ण प्रभाव पार्ने गर्दछन् । सामाजिक रूपमा दर्शन, विचार, संस्कृति, विज्ञान आदिको जुन विकास हुँदै जान्छ, त्यसले भौतिक अवस्थामा परिवर्तन वा विकासका लागि पनि महत्त्वपूर्ण योगदान दिन्छ । ती सबैको परिणामस्वरूप नै समाजमा रूपान्तरण हुँदै जान्छ । समाजमा रूपान्तरण भन्नुको अर्थ सामाजिक सम्बन्ध, पारिवारिक संरचना, चिन्तन, नैतिकता, सामाजिक आचरण आदि नै आउँछन् । उदाहरणका लागि, महिला र पुरुषका बिचको सम्बन्ध वा पारिवारिक संरचनालाई नै लिऔँ । भौतिक परिस्थितिमा हुने परिवर्तन वा मानिसहरूको चिन्तनमा हुने विकासको परिणामस्वरूप ती सबैको स्वरूपमा परिवर्तन र विकास हुँदै आएको छ । सारांशमा के भन्नसकिन्छ भने सामाजिक रूपान्तरणको मुख्य कडी के हो भनी सोच्नुभन्दा त्यो प्रश्नलाई समग्ररूपमा नै बुझ्ने प्रयत्न गर्नुपर्दछ। वास्तवमा सामाजिक रूपान्तरणको प्रश्नलाई मात्र होइन, सबै चिजहरूलाई नै समग्ररूपमा नै लिने र बुझ्ने प्रयत्न गर्नुपर्दछ अनि नै हामी कुनै विषयमा सही निष्कर्षमा पुग्नसक्दछौँ ।

**प्रश्न : नेपालमा राजनीतिक परिवर्तन भइरहँदा किन सामाजिक परिवर्तन राम्रो भएको छैन ?**

**मोहनविक्रम** : नेपालमा सामाजिक परिवर्तन भएकै छन भन्न त मिल्दैन। गत करिब आधा शताब्दीको सामाजिक अवस्थामाथि विचार नै गरौँ। त्यो अवधिमा सामाजिक अवस्थामा महत्त्वपूर्ण परिवर्तनहरू भएका छन्। महिला र पुरुषको सम्बन्ध, विवाह प्रथा, महिला शिक्षा र सामाजिक जीवनमा उनीहरूको सहभागिता, छुवाछुत प्रथा, जमिन्दारी प्रथा, गाउँघरमा मुखिया, जिम्मुवाल र साहुहरूको शोषण, उत्पीडन र प्रभुत्व, अन्तर्राष्ट्रिय स्तरमा सामाजिक सम्बन्धसहित कैयौँ सामाजिक चालचलनमा महत्त्वपूर्ण परिवर्तनहरू भएका छन् । निश्चय नै आमूल प्रकारको

सामाजिक परिवर्तन नभएको सत्य हो तर त्यससँग जोडिएको अर्को पक्ष यो हो कि देशमा आमूल प्रकारको राजनीतिक परिवर्तन भएको छैन । आमूल प्रकारको राजनीतिक परिवर्तन नभइकन आमूल प्रकारको वा हामीले भने जस्तो राम्रो सामाजिक परिवर्तन पनि सम्भव छैन। संसारका कैयौँ देशहरूमा, उदाहरणका लागि हाम्रै छिमेकी देश भारतमा समाजमा सुधारका लागि थुप्रै आन्दोलनहरू भएका छन् तर हाम्रो देशमा त्यसप्रकारको कुनै समाजसुधार आन्दोलन भएको छैन । त्यसले पनि समाज सुधारको दिशामा हाम्रो प्रगति सन्तोषजनक रहेको छैन।

**प्रश्न : साहित्य र राजनीतिको सम्बन्ध कस्तो हुन्छ ?**

**मोहनविक्रम** : यो प्रश्नको जबाफ अंशतः माथि पहिले प्रश्न नं १ को जबाफमा पनि गइसकेको छ । साहित्य र राजनीतिको बिचमा कस्तो सम्बन्ध हुनुपर्छ ? यसबारे कुनै सर्वसम्मत मत छैन र हुन पनि सक्दैन। यो प्रश्नको कुनै सर्वसम्मत जबाफ छैन र हुन पनि सक्दैन । समाज वर्गहरूमा बाँडिएको छ । बेग्लाबेग्लै वर्गहरूका बेग्लाबेग्लै स्वार्थहरू हुन्छन् । त्यसअनुसार उनीहरूको दृष्टिकोण पनि बेग्लाबेग्लै हुन्छ। त्यसैले दर्शन, राजनीति, साहित्य, संस्कृति, नैतिकता, परिवार, धर्म आदि विषयहरूलाई हेर्ने उनीहरूका दृष्टिकोणहरू बेग्लाबेग्लै वा परस्पर विरोधी पनि हुन्छन् । साहित्य र राजनीतिको सम्बन्धवारे पनि त्यही कुरा सत्य हो । हाम्रो दृष्टिकोणअनुसार साहित्य र राजनीति दुबैले समाजको सेवा गर्नुपर्दछ । एउटा स्वतन्त्र, सम्पन्न, सुखी र सुन्दर जीवनको निर्माणको लागि प्रयत्न गर्नुपर्दछ तर त्यसप्रकारको जीवन वा समाजको निर्माण, समाजको सुखशान्तिमा बाधा पुर्‍याउने शक्तिहरूका विरुद्ध सङ्घर्ष गरेर सम्भव हुन्छ। त्यसका लागि क्रान्तिकारी आन्दोलनको आवश्यकता पर्दछ। साहित्य र राजनीति दुबैले त्यसप्रकारको आन्दोलनलाई मद्दत गर्ने प्रयत्न गर्नुपर्दछ र त्यसका लागि दुबैले एकअर्कालाई मद्दत गर्नुपर्दछ।

**प्रश्नः तपाईँका विचारमा वामपन्थी आन्दोलनको आधार के हो र साहित्यकार हरूको भूमिका के हुनुपर्छ भन्ने ठान्नुहुन्छ ?**

**मोहनविक्रम** : वामपन्थी आन्दोलनको आधार विद्यमान राजनीतिक, आर्थिक वा सामाजिक व्यवस्थामा आमूल परिवर्तन नै हो । वामपन्थी आन्दोलनको क्षेत्र देशभित्र मात्र सीमित हुँदैन । त्यो अन्तर्राष्ट्रिय क्षेत्रसम्म फैलिएको हुन्छ। हामीले देशभित्र विद्यमान अर्ध सामन्ती अर्ध औपनिवेशिक व्यवस्थालाई समाप्त गर्न सङ्घर्ष गर्नुपर्दछ। त्यसका साथै विश्वसाम्राज्यवादका विरुद्ध पनि हामीले सङ्घर्ष गर्नुपर्दछ । त्यो कार्य विश्वभरका मिहेनतकश जनता र क्रान्तिकारी शक्तिहरूसँग मिलेर नै सम्भव हुनसक्दछ। त्यो सङ्घर्षको दौडानमा विश्वभरका क्रान्तिकारी शक्तिहरू र जनतासित अन्तर्राष्ट्रिय सम्बन्धको विस्तार गर्ने वा सुदृढ गर्ने हाम्रो प्रयत्न हुनुपर्दछ । संसारका सबै देशहरूमा चल्ने वामपन्थी, जनवादी राष्ट्रिय मुक्तिआन्दोलन वा शान्तिको लागि चल्ने सङ्घर्षहरूलाई समर्थन गर्ने वा तिनीहरूसित ऐक्यवद्धता कायम गर्ने हाम्रो नीति हुन्छ र हुनुपर्दछ । बताइरहनु पर्ने आवश्यकता छैन

कि त्यसप्रकारका सबै आन्दोलनहरूलाई समर्थन गर्ने साहित्यकारहरूको मुख्य कर्तव्य हुनुपर्दछ तर त्यसबारे यो कुरा पनि स्पष्ट हुनुपर्दछ कि साहित्य राजनीति होइन, यद्यपि साहित्यमा राजनीति पनि अन्तर्निहित हुन्छ तर राजनीतिको भन्दा साहित्यको आफ्नो बेग्लै स्वरूप हुन्छ । त्यसैले त्यसमा कला र सौन्दर्य पक्षको प्रवलता हुन्छ । साहित्य खालि कोरा राजनीति मात्र भयो भने त्यो साहित्य हुँदैन । एउटा राजनीतिक नेताले सिधै र नाराका रूपमा आफ्नो राजनीति प्रस्तुत गर्नसक्दछ तर साहित्यले त्यो कुरालाई कलात्मक रूपले प्रस्तुत गर्दछ र गर्नुपर्दछ । कविता, महाकाव्य, कथा, उपन्यास, नाटक, चित्र, सङ्गीत, नृत्य आदिले पनि राजनीतिको कुरा गर्दछन् तर प्रधान रूप त्यो हुँदैन । उदाहरणका लागि, रामायण, महाभारतका विषयवस्तुहरू राजनीतिक नै हुन् तर ती कुरालाई साहित्यिक प्रकारले प्रस्तुत वा चित्रण गरिएको छ । गोर्कीको आमा मूल रूपले मजदुर आन्दोलन वा समाजवादी सङ्घर्षसित सम्बन्धित छ तर साहित्यिक दृष्टिकोणले त्यो अत्यन्त सफल उच्च स्तरको कृति हो । प्रगतिवादी साहित्यकारहरू राजनीतिक आन्दोलन, वर्गसङ्घर्ष समाजमा आमूल परिवर्तनको लागि अलग हुन्नन् र हुनु पनि हुँदैन तर उनीहरूको शैली बेग्लै प्रकारको हुन्छ । एउटा राजनीतिक नेताले सभामा गर्ने भाषणको शैलीभन्दा एउटा कलाकारको सङ्गीत वा नृत्यको शैली बेग्लै हुन्छ । ती दुबै एक अर्काबाट बेग्लै हुन्छन् तर बेग्लै भएर पनि राजनीतिक उद्देश्यले उनीहरू एक अर्कासित अभिन्नरूपले जोडिएका हुन्छन् ।

**प्रश्न : अहिले विश्वसर्वहारा आन्दोलनको समसामयिक परिस्थिति कस्तो छ र विश्वसर्वहारा साहित्यको समसामयिक लेखन कस्तो छ ?**

**मोहनविक्रम** : अहिले विश्वसर्वहारा आन्दोलनको स्थिति कमजोर र रक्षात्मक अवस्थामा छ तर गत एकाध दशकमा त्यो अवस्थामा सुधार हुँदै गइरहेको छ । साम्राज्यवादी देशहरूमा बढिरहेको आर्थिक सङ्कटका कारणले ठुलो सङ्ख्यामा उद्योग र कलकारखानाहरू बन्द हुँदै गइरहेका छन् । बेरोजगार मजदुरहरूको सङ्ख्या बढ्दै गइरहेको छ । उनीहरूको जीवनको अवस्था झन् पछि झन् खराब हुँदै गइरहेको छ । त्यसले गर्दा साम्राज्यवादी देशहरूमा मजदुरहरूको वर्गसङ्घर्ष बढ्दै गइरहेको छ । त्यसरी विश्वमा समाजवादी क्रान्तिको लागि परिस्थिति परिपक्क बन्दै गइरहेको छ तर त्यो क्रान्तिकारी परि स्थितिको तुलनामा आत्मगत परिस्थिति धेरै नै पछाडि छ । पहिलेका धेरै कम्युनिस्ट पार्टीहरूले दक्षीणपन्थी संशोधनवादी दिशा समातेका छन् । सृजनात्मक विकासका नाममा उनीहरूले क्रान्तिकारी मार्क्सवादी लेनिनवादी सिद्धान्तलाई परित्याग गर्दै गइरहेका छन् । जुन पार्टी वा सङ्गठनहरूले त्यसरी संशोधनवादी बाटो समातेका छैनन्, विश्व स्तरमा र नेपालमा पनि उनीहरूको स्थिति कमजोर छ । त्यसैले उनीहरू प्रभावशाली प्रकारको भूमिका खेल्नसक्ने अवस्थामा छैनन् । बिभिन्न देशमा चल्ने मजदुर वा किसान आन्दोलनहरूले पनि बढी अर्थवादी दिशा समात्दै गइरहेका छन्, जसको

अर्थ हुन्छ क्रान्तिकारी राजनीतिक दिशालाई उपेक्षा गर्ने प्रवृत्ति । त्यसैले गर्दा समग्ररूपमा विश्वको क्रान्तिकारी आन्दोलनको स्थिति अत्यन्त कमजोर छ । त्यसप्रकारको विरोधाभाष स्थितिका कारणले, एकातिर वस्तुगतरूपमा अगाडि बढेको क्रान्तिकारी परिस्थिति र अर्कोतिर पछाडि रहेको आत्मगत स्थितिका बिचके विरोधाभाषका कारणले, क्रान्तिकारी आन्दोलनले सही दिशा लिनसकिरहेको छैन । त्यसप्रकारको विश्वको परिस्थितिको असर साहित्यमा पनि परेको छ । आत्मगतरूपमा पछाडि परेको क्रान्तिकारी परिस्थितिलाई क्रान्तिकारी साहित्यले दिशा निर्देशन दिनुपर्दथ्यो । त्यसले (क्रान्तिकारी साहित्यले) आत्मगत क्रान्तिकारी परिस्थितिको लागि मद्दत गर्नुपर्दथ्यो तर त्यसो हुनसकिरहेको छैन । साहित्यले त्यसप्रकारको भूमिका त्यो वेला नै खेल्नसक्दछ जब त्यो उच्च क्रान्तिकारी मार्क्सवादी लेनिनवादी सिद्धान्तद्वारा निर्देशित हुन्छ तर अहिलेको विश्वमा मार्क्सवादी लेनिनवादी सिद्धान्तहरूको विकास नै धेरै नै कुण्ठित भएको अवस्थामा साहित्यको पनि उच्च क्रान्तिकारीरूपमा जति विकास गर्नुपर्दथ्यो त्यो हुनसकिरहेको छैन र त्यसले क्रान्तिकारी परिस्थितिको निर्माणको लागि अग्रगामी भूमिका खेल्नसकिरहेको छैन । अझ वास्तविकता त यो हो कि साहित्यकार हरूको चरित्र क्रान्तिकारी रूप लिनुको सट्टा त्यो बढी उपभोक्तवादी प्रकारको बन्दै गएको छ । उनीहरूले देश, जनता, समाज वा शोषितपीडित जनता वा उच्च क्रान्तिकारी आदर्शहरूद्वारा प्रेरित भएर व्यक्तिगत जीवन र स्वार्थको घेराभित्र रहेर नै साहित्यको निर्माण गर्दछन् । जीवनको त्यसप्रकारको अवस्थाका कारणले क्रान्तिकारी साहित्यको निर्माण गर्नु उनीहरूका लागि सम्भव हुन्न । क्रान्तिकारी साहित्यमा ज्वारभाटाका विरुद्ध जाने स्प्रिट हुनुपर्दछ । क्रान्तिकारी आन्दोलन पछाडि परेको भए पनि साहित्यकारहरूमा त्यसप्रकारको क्षमता हुनुपर्दथ्यो तर त्यसको अभाव छ । सायद त्यसका लागि हामीले क्रान्तिकारी आन्दोलनका ज्वारभाटाहरूलाई पर्खनुपर्ने छ र त्यसले नै क्रान्तिकारी साहित्यकारहरूलाई पनि जन्म दिने छ ।

**प्रश्न : नेपाली साहित्यमा के कुराको कमी छ र त्यसलाई कसरी प्रस्तुत गर्नुपर्छ ?**

**मोहनविक्रम** : माथि प्रश्न नं. ६ को जबाफमा जे भनियो, त्यो नेपाली साहित्यको सर्न्दभमा पनि सत्य हो । नेपालको साहित्यको मुख्य धारले देशमा देखा पर्ने राजनीतिक परि स्थितिको अनुशरण गर्ने गरेको छ । त्यसका विरुद्ध अगाडि बढेर अग्रगामी भूमिका खेल्ने प्रवृत्ति त्यसमा अत्यन्त कम रहने गरेको छ । राणाकाल, २००७ सालको आन्दोलन र त्यस वेला देखा परेको राजनीतिक जागरण, वामपन्थी आन्दोलनको काल, पञ्चायती तानाशाही काल, चीनको महान् सांस्कृतिक क्रान्तिको काल, पञ्चायत विरुद्धको सङ्घर्षको काल, विश्व कम्युनिस्ट आन्दोलनमा देखा परेका दक्षिणपन्थी प्रवृत्तिहरूको प्रभावको काल आदि सबैको असर नेपालमा साहित्यमा देखा पर्नेगरेको छ । अहिलेको हाम्रो समाज बढी व्यक्तिगत स्वार्थपरक र उपभोक्तावादी बन्दै गइरहेको छ । त्यसको असर साहित्यमा पनि परेको छ । नेपाली साहित्यमा देखा परेका यी कमजोरीहरूलाई उच्च क्रान्तिकारी

सिद्धान्तहरूको आलोकमा नै परिमार्जन र विकसित गर्नसकिन्छ वा क्रान्तिकारी दिशा र रूपमा अगाडि बढाउनसकिन्छ तर अहिले क्रान्तिकारी सिद्धान्तहरूलाई बढी विकृत पार्ने प्रयत्न भइरहेको छ । एकातिर देशमा क्रान्तिकारी आन्दोलन वा परिस्थितिको कमी, अर्कातिर क्रान्तिकारी सिद्धान्तद्वारा विचार निर्देशनको कमी भएकाले ती दुबैको असर साहित्यमा पनि परेको छ र त्यही कारणले हाम्रो देशमा क्रान्तिकारी साहित्य निर्माण पछाडि परेको छ । क्रान्तिकारी परिस्थिति वा आन्दोलनको निर्माण हाम्रो इच्छा वा प्रयत्नद्वारा मात्र हुनसक्ने कुरा होइन । त्यसका लागि वस्तुगत वा आत्मगतरूपमा पनि तत्त्वहरूको योगदान हुनुपर्ने आवश्यकता हुन्छ तर क्रान्तिकारी सिद्धान्तहरूको अध्ययन वा तिनीहरूलाई आत्मसात् गरेर चिन्तनलाई काफी हदसम्म क्रान्तिकारी रूप दिनसकिन्छ। हामीले आशा गर्नुपर्दछ त्यस आधारमा हुने क्रान्तिकारी साहित्यको निर्माणले क्रान्तिकारी परिस्थिति वा आन्दोलनको निर्माणमा पनि महत्त्वपूर्ण योगदान दिनसक्ने छ।

**प्रश्न : तपाईँ कसका कुन कृतिबाट बढी प्रभावित हुनुहुन्छ ?**

**मोहनविक्रम** : त्यसबारे मैले तीन जनाको नाम लिन्छु– लेनिन, म्याक्सिम गोर्की र राहुल साङकृत्यान । हाइस्कुलमा पढ्दा म ती तीन जनाको कृतिहरूबाट नै बढी प्रभावित भएको थिएँ । निश्चय नै त्यो वेला मैले उनीहरूका कृतिहरू पढेर जे जति बुझेँ, त्यो प्रारम्भिक प्रकारको नै थियो । मार्क्सवाद लेनिनवादप्रति म सबैभन्द बढी आकर्षित राहुलका किताबहरू पढेर नै भएको थिएँ । लेनिनका पुस्तकहरूले मलाई मार्क्सवाद बुझ्न धेरै मद्दत पुर्‍याए । गोर्कीका कथा र उपन्यासहरू मैले बारम्बार दोहोर्‍याएर पढ्दथेँ । त्यसले प्रगतिवादी साहित्यप्रतिको मेरो रुचिलाई झन् परिस्कृत र विकसित पार्दै लग्यो । खासगरेर गोर्कीको महान् कृति “आमा”को भूमिका -क्रान्तिको दर्शन, जीवनको महाकाव्य) लेख्ने वेलामा थाहा भयो कि त्यो पुस्तक साँच्चै नै एउटा महान कृति थियो । त्यो वेला मैले थाहा पाएँ कि मैले पहिले त्यो पुस्तक जति पढ्ने गरेको थिएँ, त्यो खालि छिपछिपे प्रकारको थियो । लेनिनका कृतिहरू पढेपछि मलाई लाग्यो कि उनले द्वन्द्ववादको प्रयोग व्यवहारमा नै अत्यन्त कुशलतापूर्वक गरेका थिए । विभिन्न राजनीतिक प्रसङ्गहरूमा उनले अपनाएका नीतिहरू, कतिपय अवस्थामा त एउटा कुनै विन्दुबाट ठिक विपरीत विन्दुमा छलाङ्ग लगाउने उनको कार्यशैली अत्यन्त विष्मयकारी पनि थियो । उनले जारशाहीका विरुद्ध सशस्त्र सङ्घर्ष सुरु गरेर पछि दुमा, जसलाई उनले भाग लिने नीति अपनाउँछन् । जारशाहीले जर्मन आक्रमणका विरुद्ध युद्ध गरिरहेको वेलामा त्यो युद्धको विरोध गर्दछन् । आफ्ना देशका कतिपय भागहरू सुम्पिएर पनि जर्मनसित शान्ति सम्झौता गर्दछन् । युद्धपछिको स्थितिमा नयाँ आर्थिक नीति अपनाउँछन् र पुँजीपतिहरूलाई उद्योगहरूमाथि व्यक्तिगत स्वामित्व कायम गर्ने अधिकार दिन्छन् । आफ्ना त्यसप्रकारका नीतिका कारणले उनले स्वयम् आफ्नो पार्टीभित्र पनि बारम्बार कडा विरोधको सामना गर्नुपरेको थियो । त्यसप्रकारका नीतिहरूद्वारा उनले रणनीति र कार्यनीतिका बिचमा कुशल सन्तुलन कायम

गर्ने प्रयत्न गरेका थिए र क्रान्तिका वृहत्तर हितसित उनले कहिल्यै सम्झौता गरेका थिएनन् । रणनीतिक प्रश्नहरूमा दृढता र कार्यनीतिक प्रश्नहरूमा हदसम्म लचकता– त्यो उनको द्वन्द्वात्मक कार्यशैलीको आधार भूत विषेशता थियो ।

**प्रश्न : तपाईँले अजित सिंह र मोहन घर्तीबाहेक अरू उपनाममा पनि साहित्य सिर्जना गर्नुभएको छ ?**

**मोहनविक्रम :** मैले मंगलसिंहको नामले पनि कैयौँ लेखहरू लेखेको छु, जो त्यो वेलाको मातृभूमि साप्ताहिकमा प्रकाशित भएका थिए । ती लेखहरू मुख्यतः नेपाल-भारत व्यापार पारवाहन समस्यासित नै सम्बन्धित थिए । आफ्ना कैयौँ लेखहरूमा मैले आनन्द, छपाली आदि उपनामहरू प्रयोग गर्ने गरेको छु । "झ" उपनामले पनि सानातिना टिप्पणीहरू लेख्ने गरेको छु ।

**प्रश्न : तपाईँका कविता र नाटक विधाका कृति प्रकाशित छन् । त्यसबाहेक साहित्यका अन्य विधामा पनि साधना गर्नुभएको छ कि ?**

**मोहनविक्रम :** कविता र नाटकबाहेक मैले कथा र उपन्यासको क्षेत्रमा पनि साधना गरेको छु । सायद साहित्यको क्षेत्रमा मैले सबैभन्दा बढी साधना यही क्षेत्रमा नै गरेको छु तर यो दुःखको कुरा हो कि त्यही क्षेत्रसित सम्बन्धित मेरा रचनाहरू सबैभन्दा कम प्रकाशित भएका छन् । मैले लेखेका कथा र उपन्यासहरू सबैजसो हराउने गरेका छन् । त्यस सिलसिलामा मेरा अहिलेसम्म प्रकाशित रचनाहरू दुइटा मात्र छन्, "त्यो" कथा र "मास्टर सत्तरसिंह"(लघु कथा) । २०१२-१३ सालतिर पाल्पा जेल हुँदा मैले दुइटा उपन्यासहरू, "बुढा बा" र "झिलिमिली" तथा करिब सयवटा कथाहरू लेखेको थिएँ । ती सबै मैले तानसेनका एक जना व्यापारी मित्रलाई राख्नदिएको थिएँ तर ती सबै हराए । २०१८ सालमा कपिलवस्तु जेलमा हुँदा मैले ओखरकोटसित सम्बन्धित एउटा उपन्यास लेखेको थिएँ । त्यो उपन्यास तयार पार्न मैले करिब चार वर्षसम्म कडा परिश्रम गरेको थिएँ । भैरहवा जेलमा चलान हुँदा मैले त्यो उपन्याससहित तीन-चार बाकस आफ्ना रचना र अन्य सामग्रीहरू कपिलवस्तु तौलिहवाका एक जना मित्र कामरेड टेकबहादुर पन्थीलाई राख्नदिएको थिएँ । म जेलबाट छुट्दा उहाँको निधन भइसकेको थियो । तौलिहवा गएर धेरै कोसिस गर्दा पनि त्यो उपन्यास र अन्य कागजहरू प्राप्त हुनसकेनन् । २०२४ सालमा काठमाडौँको हनुमान ढोका ठानामा एक वर्षसम्म बस्दा मैले एउटा उपन्यास लेखेको थिएँ–'बुढा बा' । बनारसमा निर्वासनमा बस्दा एउटा सानो उपन्यास लेखेको थिएँ–'तारा' । ती पनि कतै हराए । कथा र उपन्यासको क्षेत्रमा त्यसप्रकारको लामो दुःखान्त यात्राको पृष्ठभूमिमा गत १५ वर्षदेखि एउटा उपन्यास लेख्ने प्रयत्न गर्दै छु – 'कामरेड जलजला', त्यसको प्राक्कथन र एकाध परिच्छेद काभ्रेबाट यही महिनामा प्रकाशित हुने "जनमत" विशेषाङ्कमा प्रकाशित हुँदै छन् ।) कविता, नाटक, कथा र उपन्यासबाहेक समालोचना र निवन्धको क्षेत्रमा पनि मैले केही न केही लेख्ने प्रयत्न गर्दै आएको छु ।

**प्रश्न : "जय जय नेपाल" गीत नै तपाईँको**

**पहिलो कविता हो ? पहिलो प्रकाशित साहित्यिक कृति कुन हो ?**

**मोहनविक्रम** : विद्यार्थीकालमा मैले कतिपय फुटकर कविताहरू लेख्ने गर्दथेँ । तिनीहरूमध्ये कतिपय कविताहरू अहिले पनि मेरा पुराना काव्यहरूमा छन् । "जय जय नेपाल" २०१० सालमा प्युठानको रातामाटामा चलेको जनता शिक्षण शिविरको झन्डा गानको लागि लेखेको हुँ । त्यो शिविर प्युठानको रातामाटामा तीन महिनासम्म आवाशीयरूपमा चलेको थियो । त्यो शिविरको वेलामा नै २०१० सालको माघमा प्युठानमा कम्युनिस्ट पार्टीको स्थापना गरिएको थियो । त्यो शिविरको नेतृत्वमा नारिकोटको फागुन २४ गतेको किसान आन्दोलन चलेको थियो । त्यो किसान आन्दोलनलाई आधार बनाएर नै मैले "फागुन २४ गते" नाटक लेखेको थिएँ र त्यसको छायाङ्कन पनि भइसकेको छ । राजधानीसहित देशका कैयौँ भागहरूमा त्यसको प्रदर्शन पनि भइसकेको छ ।

**प्रश्न** : **"युग बोल्छ"**(२०३४) **एकाङ्कीबाहेक मोहन घर्तीका नाममा अरू कुनै कृति प्रकाशित छन् ?**

**मोहनविक्रम** : पञ्चायती कालमा वास्तविक नामबाट रचनाहरू प्रकाशित गर्दा अप्ठेरो पर्ने भएको हुनाले मैले अन्य कतिपय उपनामहरूका साथै मोहन घर्तीका नामले पनि कतिपय रचनाहरू प्रकाशित गर्ने गरेको थिएँ । "पेमा लामा प्रश्नोत्तरमाला" त्यही नामबाट प्रकाशित भएको थियो । "हर्के"निबन्ध पनि त्यही नामले प्रकाशित भएको थियो । अरू कुन कुन रचनाहरू त्यो नामबाट प्रकाशित भएका थिए ? अहिले मलाई त्यो कुराको सम्झना छैन ।

**प्रश्नः "म भागिरहेछु वा..."मा तात्कालीन राजनीति र आफ्नो प्रतिवद्धताको स्पष्ट आधार देखिन्छ । त्यस रचनाको पृष्ठभूमि के हो ?**

**मोहनविक्रम** : त्यो कविताको सम्बन्ध एउटा व्यक्तिगत प्रसङ्गसित छ । म २०१० सालमा ९ कक्षामा पढ्दापढ्दै पार्टीको होलटाइमर बनेको थिएँ । २०१४ सालमा काठमाडौँको फोहरा दरबारमा सम्पन्न द्वितीय महाधिवेशनमा म केन्द्रीय समितिमा निर्वाचित भएँ तर अध्ययनलाई कायम राख्ने मेरो इच्छा सधैँ रहिरह्यो । २०१५ सालमा आम निर्वाचनमा म पार्टीका तर्फबाट संसदका लागि उम्मेदवार बनेको थिएँ । त्यही वेला चुनावको तयारीको साथसाथै मैले एस.एल.सीको पनि तयारी गर्दै गएँ र चुनावपछि त्यसको जाँच दिएँ । पछि मैले केन्द्रीय समितिमा अरू पढाइ गर्नको लागि प्रस्ताव राखेँ र त्यो प्रस्ताव स्वीकृत पनि भयो । त्यही वेला केन्द्रीय कमिटिका कतिपय साथीहरूले मलाई पार्टीबाट भाग्न थालेको वा पलायन हुनथालेको भनेर आरोप लगाउनुभयो । त्यसको जबाफमा नै मैले त्यो कविता लेखेको थिएँ तर पार्टीले पढाइको लागि छुट्टी दिए पनि मेरो पढाइको क्रम अगाडि बढ्नसकेन । पार्टीले छुट्टी दिएपछि पिताजीसित पहिले दार्जिलिङ गएर बी.ए.को पढाइ पूरा गर्ने र त्यसपछि लन्डन पढ्नजाने योजना बन्यो । मेरो राँइलो भाइ शंकर पनि मसित सँगै पढ्नजाने सल्लाह भयो तर त्यहीबिचमा एउटा घटना घट्यो । पिताजीले प्युठानको टिमुरचौरको एउटा किसानको बारीको सालको रुख जबर जस्ती काट्नलगाउनु भएको रहेछ । ती

किसानले मकहाँ त्यसबारे रिपोर्ट गरे । मैले त्यो रुख किसानलाई नै फर्काइदिनुपर्छ भनें तर उहाँले मान्नुभएन, यद्यपि पछि उहाँले त्यो रुख लिन पठाउनुभएन । त्यो रुखबारे पिताजीसित मेरो सार्वजनिकरूपमा नै चर्को विवाद भयो । त्यसपछि मेरो दार्जिलिङ पढ्नजाने योजना समाप्त भयो । त्यसपछि मैले वनारस गएर प्राइभेटरूपले आई.ए.को तयारी गर्नथालेँ । त्यहीबिचमा २०१७ साल पौष १ गते प्रतिगामी घटना घट्यो । म पढाइ छाडेर राजाको कदमको विरुद्धको सङ्घर्षमा सक्रिय हुन थालेँ । त्यहीबिचमा दरभङ्गा प्लेनम भयो, रायमाझीले राजावादी लाइन लिएपछि हामीहरूले उनका विरुद्ध विद्रोह गरेर तेस्रो महाधिवेशनको तयारीमा लाग्यौँ । त्यही महाधिवेशनको तयारीको सिलसलामा प्युठान र अर्घाखाँचीमा गएर फर्कँदा शक्ति लम्साल र खिमानसिंह गुरुङसहित हामी तौलिहवामा गिरप्तार भयौँ । पाँच वर्षपछि मलाई काठमाडौँको सेन्ट्रल जेलमा चलान गरियो । त्यहाँ मैले आई.ए. र बी.ए.का परिक्षाहरू उत्तीर्ण गरेँ । पछि जलजलाको प्रेमप्रकरणमा पार्टीले मलाई तीन वर्षको लागि सामान्य सदस्यताबाट पनि निष्काशित गऱ्यो । त्यही अवधिमा मैले आग्रा युनिभर्सिटीबाट एम.ए.(अर्थशास्त्र)को परीक्षा पास गरेँ । त्यसपछि मैले आग्रा युनिभर्सिटीबाट नै अर्थशास्त्रमा पी.एच.डीका लागि तयारी गर्न लागेँ । ३-४ वर्षसम्म मैले त्यसका कैयौँ सामाग्रीहरू जुटाएँ तर अन्तिममा थेसिस लेख्नको लागि मैले छ महिनाको छुट्टी मागेँ तर देशमा आन्दोलनको अवस्था र पार्टीका कामहरू समेतमाथि विचार गरेर पार्टीले मलाई छुट्टी दिन अस्वीकार गऱ्यो । त्यसले गर्दा मेरो पिएचडीको योजना पूरा हुनपाएन । त्यो वेलाका पिएचडीका लागि अध्ययन वा जम्मा गरेका सामग्रीहरूलाई आधार बनाएर कामरेड जलजला उपन्यास लेख्न थालेँ । आफ्नो कविता "म भागिरहेछु वा.....''मा मैले जुन प्रतिवद्धता प्रकट गरेको छु, त्यसमा म इमान्दार, दृढ रहनसकेको छु वा छैन ? त्यो पाठकहरूले बताउने कुरा हो ।

**प्रश्नः झिमरुक नदी र चिवे चराको कथा** (२०२७) **मा लोकविम्बबाट स्पष्ट पार्नखोजेको वर्गसङ्घर्ष र नेपालको राजनीतिक अवस्थाको संयोजन के हो ?**

**मोहनविक्रम** : बाह्यरूपमा सामान्य जस्तै देखिने चिजहरूको गहिराइमा गएर हेर्ने हो भने त्यसमा कैयौँ क्रान्तिकारी तत्त्वहरू पाइन्छन् । हामीले तिनीहरूमा क्रान्तिकारी चेतना दिने वा तिनीहरूलाई विद्रोह वा क्रान्तिको दिशामा अगाडि बढाउने प्रयत्न गर्नुपर्दछ । त्यसरी सामान्य माटाका डल्ला, ढुङ्गा, रुखवृक्ष, लोकगीत, लोककथा आदिलाई पनि त्यहीरूपमा अगाडि बढाउने प्रयत्न गर्नुपर्दछ । 'झिमरुक नदी र चिबे चराको कथा'सित सम्बन्धित किम्बदन्तीलाई मैले त्यसरी नै क्रान्तिकारी रूप दिने प्रयत्न गरेको छु । हर्के एउटा सामान्य किसान हुन् तर उनलाई मैले बारम्बार क्रान्तिकारी दिशामा अगाडि बढाउने प्रयत्न गरेको छु । लक्ष्मीप्रसाद देवकोटाको सुलोचना महाकाव्यमा कविले उनलाई एउटी दब्बु नारीका रूपमा प्रस्तुत गर्ने प्रयत्न गरेका छन् तर आफ्नो लेख मृत्युको महाकाव्य र जीवनको कथामा मैले सुलोचनालाई विद्रोही नारीका रूपमा प्रस्तुत

गर्ने प्रयत्न गरेको छु । यसप्रकारका अरू पनि कैयौँ उदाहरणहरू छन् । त्यहीसन्दर्भमा नै ' भिमरुक नदी र चिबे चराको कथा'लाई पनि बुझ्नुपर्दछ ।

**प्रश्नः "गंगा–काबेरी एक्सप्रेस"(१४ मे १९७९) कृतिको सूक्ष्म राजनीति सन्दर्भ के हो ?**

**मोहनविक्रम** : जस्तो कि माथि भनियो, जलजलासितको प्रेम प्रकरणमा पार्टीले मलाई तीन वर्षको लागि पार्टीको सामान्य सदस्यताबाट पनि निष्काशित गरेको थियो । त्यसपछि म आफ्नो निर्वासित जीवन बिताउन मद्रास, जसलाई अहिले चेन्नइ भन्ने गरिन्छ, तिर लागेँ । त्यो यात्रा मैले 'गंगा-काबेरी एक्सप्रेस'मा नै गरेको थिएँ । मद्रास पुगेपछि म अकस्मात गिरप्तार भएको थिएँ र १५ दिनजति मद्रासको जेलमा राखिएको थियो । त्यो वेला मलाई किन गिरप्तार गरिएको थियो ? त्यो कुरा मलाई अहिलेसम्म थाहा हुनसकेको छैन ! मद्रासपछि म केरलातिर लागेँ र निर्वासनका धेरैजसो समय मैले त्यहीँ नै बिताएँ । केरलाको हावापानी, भूगोल र त्यहाँका जनताको व्यवहार मलाई यति धेरै राम्रो लाग्यो कि मलाई त्यहाँबाट फर्केर फेरि मद्रास आउन मन लागेन । मेरो 'गंगाकावेरी एक्सप्रेस' कविता मेरो त्यही निष्कासित वा जीवनसित सम्बन्धित छ । भारतका विभिन्न भागहरूमध्ये कुमाउपछि केरलालाई नै मैले सबैभन्दा बढी माया गर्दछु । त्यो निर्वासित जीवनको कालमा जलजला र मेरोबिचमा लामो पत्रव्यवहार भएको थियो । ती सबै पत्रहरू अहिले पनि मसँग सुरक्षित छन् । मेरो मद्रास र केरलाको निर्वासित जीवन र हामी दुबै जनाको बिचको भावनात्मक र प्रेम सम्बन्धमाथि ती पत्रहरूले धेरै नै प्रकाश हाल्दछन् । त्यो वेलाको निष्कासित जीवनमा मेरो मनमा उठेका भावनाहरूलाई मैले ' गंगाकाबेरी एक्सप्रेस' कवितामा व्यक्त गर्ने प्रयत्न गरेको छु । त्यसमा म भागिरहेको छु वा... भन्ने कवितामा भन्दा बढी मैले पार्टी र क्रान्ति, देश र जनता तथा विश्वक्रान्तिप्रति आफ्नो प्रतिवद्धता प्रकट गर्ने प्रयत्न गरेको छु । मैले आफ्ना कविताहरूमध्ये त्यसलाई नै सबैभन्दा बढी मन पराउँछु किनभने त्यसमा मेरो मस्तिष्क र मुटु दुबै प्रतिविम्वित भएका छन् । त्यो कवितामा जलजलाको नाम कतै उल्लेख गरिएको छैन तर त्यो कविताको सुरुदेखि अन्तसम्म उनी अव्यक्तरूपमा लुकेर बसेकी छन् । मणि थापाले त्यो कविताको जबाफमा गंगा-काबेरी एक्सप्रेसलाई चिठी लेख्नुभएको छ । त्यो चिठीमा उहाँले मलाई जुन सन्देश दिनुभएको छ त्यसलाई मैले त्यसअनुसार गंगाकाबेरी एक्सप्रेस लगातार अगाडि बढ्न सकिरहेको छ वा छैन ? त्यो उहाँले नै भन्नसक्ने कुरा हो । त्यो वेला त्यो कविताको शीर्षक मैले गंगाकाबेरी एक्सप्रेस राखेँ तर अब मलाई लाग्दछ, त्योभन्दा बढी उपयुक्त शीर्षक "निष्कासित" हुने छ किनभने अन्ततोगत्वा त्यो कविताले एउटा पार्टी सदस्यताबाट निष्कासित व्यक्तिको अन्तर्कथा वा उसका मनका पीडा, दुःख, अन्तर्द्वन्द्व, भविष्यप्रतिका भावनाहरू वा क्रान्तिप्रतिका प्रतिवद्धता र समर्पणहरूका भावहरूलाई नै बताउँछ ।

**प्रश्न : "हर्के" कवितालाई "युग बोल्छ" नाटक बनाए जस्तै कवितालाई नाटक र**

**नाटकलाई कविता बनाउने कारण के हो ?**

**मोहनविक्रम** : हर्केलाई मैले मूलरूपमा कविताको रूपमा लेखेँ तर त्यसको शीर्षक वा रूपलाई मैले कतिपल्ट परिवर्तन पनि गर्ने गरेको छु । "हर्के" शीर्षक मैले पछि "युग बोल्छ" राखेँ र पछि त्यसको शीर्षक पुनः "हर्केको युद्धको घोषणा हो यो" भन्ने पनि भयो । त्यसलाई मैले मूल रूपमा कविताकै रूपमा नै लेखेको थिएँ । पछि त्यसलाई एकाङ्कीको रूप दिएँ । फागुन २४ गते नाटकमा पनि मैले त्यसलाई प्रारम्भ र अन्तमा प्रयोग गरेको छु । आदिविद्रोहीलाई मैले कुनै ठाउँमा कविता र कुनै ठाउँमा निबन्धको रूपमा प्रस्तुत गरेको छु । मेरो यसप्रकारको पद्धति सही छ वा साहित्यको क्षेत्रमा स्वेच्छाचारिता हो त्यो कुरा साहित्यका विज्ञहरूले नै भन्नसक्ने कुरा हो ।

**प्रश्न : "फागुन २४ गते"(लेखन २०१०, प्रकाशन २०७०) नाटकमा किसानसङ्घर्ष प्रस्तुत छ । तात्कालीन सन्दर्भमा किसान आन्दोलनको राजनीतिक आधार के हो ?**

**मोहनविक्रम** : फागुन २४ गते नाटकबारे मैले पनि केही उल्लेख गरिसकेको छु । यो नाटक वास्तविक घटनामाथि आधारित छ र त्यसका पात्रहरू पनि महिला पात्रहरूलाई छोडेर करिब करिब सबैजसो वास्तविक हुन् । खालि उनीहरूको नाम मात्र बदलिएको छ । फागुन २४ गतेको किसान आन्दोलनमा २०१० सालमा रातामाटामा चलेको जनता प्रशिक्षण शिविरले जुन सैद्धान्तिक प्रशिक्षण दिएको थियो त्यसलाई व्यवहारिक रूप दिने प्रयत्न गरिएको छ । त्यही किसान आन्दोलनमाथि आधारित त्यो नाटकको राजनीतिक आधार सामन्तवादका विरुद्धको सङ्घर्ष नै हो ।

**प्रश्न : तपाईँको पहिलो प्रकाशित समालोचना कुन हो ?**

**मोहनविक्रम** : सम्भवतः... सालमा धर्मराज थापालाई लोकगीतबारे लेखिएको पत्र नै मेरो पहिलो समालोचना हो । त्यो लेख त्यही वेला डाँफेचरीमा प्रकाशित भएको थियो । अहिले त्यसको प्रति उपलब्ध छैन । पछि डाँफेचरीमा त्यो लेख पुनः प्रकाशित भएको थियो(डाँफेचरी...साल) । तर त्यो पत्रलाई समालोचनाको रूपमा लिनसकिन्छ वा सकिन्न मैले निश्चित रूपमा भन्नसक्दिन । पारिजातको शिरीषको फूलबारे पनि मैले एउटा लेख लेखेको थिएँ । त्यो अहिले उपलब्ध छैन । डिपी अधिकारीको माउसुलीबारे पनि मैले एउटा लेख लेखेको थिएँ तर त्यो सायद मेरा पुराना कागजपत्रहरूमा कतै छ । त्यो अवस्थामा २०२७ सालमा लक्ष्मीप्रसाद देवकोटाको सुलोचना महाकाव्यबारे लेखिएका "मृत्युको महाकाव्य, जीवनको कथा" नै समालोचनासम्बन्धी मेरो पहिलो लेख हो भन्नसकिन्छ ।

**प्रश्न : हृदयचन्द्रसिंह प्रधान र लक्ष्मीप्रसाद देवकोटाबाहेक अन्य लेखकहरू समीक्षामा नपर्ने कारण के हो ?**

**मोहनविक्रम** : मैले उक्त दुइटा लेखकहरूका रचनाहरूबाहेक लेखनाथ पौड्यालको धनमहिमा र गोपालप्रसाद रिमालको "आमाका सपना"बारे पनि लेखहरू लेख्ने विचार गरेको थिएँ । लियो टाल्सटायको "युद्ध र शान्ति" उपन्यासबारे पनि मेरो लेख लेख्ने विचार थियो तर २०२७ सालको

चैत्रमा जेलबाट छुटेको हुनाले मैले ती योजनाहरू पूरा गर्नसकिन। बाहिर निस्केपछि विभिन्न प्रकारका कार्यव्यस्तता वा अन्य कतिपय लेख र किताबहरू लेख्नुपर्ने काममा लाग्नुपरेकोले पनि मैले ती कार्यहरू पूरा गर्न सकिन । “युद्ध र शान्ति” वास्तवमै एउटा महान कृति हो। त्यसको भाव र विचार पक्ष पनि अत्यन्त गहन छ । एकाध महिनाको समय पाएँ भने युद्ध र शान्तिबारे आफ्नो लेख पूरा गर्ने अहिले पनि मेरो विचार छ।

**प्रश्न : समालोचना गर्दा तपाईँले लिने आधारहरू के के हुन् ?**

**मोहनविक्रम** : कुनै कृतिमा अन्तर्निहित भाव र विचार पक्षको उद्घाटन गर्ने वा त्यसको विवेचना गर्ने नै मेरो मुख्य उद्देश्य हुन्छ।

**प्रश्न : विश्वसाहित्यमा म्याक्सिम गोर्की र चियाङचिङ (रातो लालटिन)बाहेक अन्य प्रतिभाको योगदानलाई नेपालीमा ल्याउनुपर्ने थिएन ?**

**मोहनविक्रम** : मैले निकोलाई गाब्रीलोविच चेर्नीसेब्स्कीको “के गर्ने” उपन्यासको अध्ययन गरेर “महिलामुक्तिको महान गाथा” र याङ मोको “युवाहरूको गीत”को अध्ययन गरेर “युवाहरूको गीत : एक अध्ययन”लेखेको छु । अन्य कतिपय अङ्ग्रजी वा हिन्दी किताबहरू पढेपछि तिनीहरूमा अन्तर्निहित भाव र विचार पक्षलाई उद्घाटन वा विवेचना गर्ने विचार मेरो मनमा आउँछ तर ती सबै कार्यहरू पूरा गर्न मेरोलागि सम्भव हुन्न।

**प्रश्न : साहित्यिक चिन्तनमा समसामयिक लेखकहरूका विचारलाई संवादात्मक रूपमा प्रस्तुत गरी विचार संश्लेषण गर्ने प्रयोगमूलक लेखन (साहित्य संवाद २०२७) के हो ?**

**मोहनविक्रम** : नेपाली समालोचनाको क्षेत्रमा यो मेरो नयाँ प्रयोग हो। मैले ती बेग्लाबेग्लै रचनाहरूबारे अध्ययन गरेर समालोचना गर्नेभन्दा बेग्लाबेग्लै लेखक, साहित्यकार वा पत्रपत्रीकाहरूमा प्रकट गरिएका विचार हरूलाई स्वयम् उनीहरूको संवादका रूपमा प्रस्तुत गर्ने प्रयत्न गरेको छु । मैले सोचेँ त्यसप्रकारको शैली बढी जीवन्त प्रकारको हुन्छ। मैले आफ्नो संवाद पुस्तिकामा त्यही गर्ने प्रयत्न गरेको छु।

**प्रश्न : सौन्दर्य, समालोचना तथा साहित्यको अन्तर्सम्बन्ध र भिन्नता के हो ?**

**मोहनविक्रम** : साहित्यमा सौन्दर्यको ठुलो महत्त्व हुन्छ । पहिले त सौन्दर्य नै के हो ? त्यो बुझ्नुपर्ने आवश्यकता छ । सर्वप्रथमतः सौन्दर्यको वस्तुगत आधार हुन्छ । फूल, हिमालय, सूर्योदय, चराचुरुङ्गी, नदी, रङहरू आदि सबै वस्तुगत पक्षहरू हुन् । तिनीहरूमा सौन्दर्य हुन्छ तर ती सबैको सौन्दर्यले मूर्त रूप त्यो वेला नै लिन्छ जब मान्छेहरूले तिनीहरूलाई ग्रहण गर्दछन् । त्यसरी सौन्दर्यको वस्तुगत पक्ष पनि महत्त्वपूर्ण हुन्छ तर त्यसप्रकारको सौन्दर्यको आधार खालि वस्तुगत पक्ष मात्र हुँदैन। भावनात्मक रूपमा पनि सौन्दर्यले मूर्त रूप लिन्छ । मनभित्र उठ्ने कतिपय मधुर भावनाहरू, गीत, सङ्गीत, चित्र आदिबाट पनि सौन्दर्यको अनुभूति गर्नसकिन्छ। त्यो कुरा चेतनाको स्तरमाथि पनि निर्भर गर्दछ। एउटा कवि हिमालयको सौन्दर्यबाट प्रभावित हुनसक्दछ। अस्ताउन लागेको सूर्यास्तलाई देखेर लक्ष्मीप्रसाद देवकोटा घ्वाँ घ्वाँ रुन सक्दछन् तर सबै मानिसहरूको विषयमा त्यही कुरा सत्य हुँदैन। मोनालिसाको चित्र

एउटा सुन्दर कीर्ति हो तर त्यसबाट सौन्दर्यको अनुभूति बेग्लाबेग्लै मानिसहरूले आफ्नो चेतनाको स्तरअनुसार गर्दछन् । साहित्यमा पनि सौन्दर्यको चित्रण वा अनुभूति बेग्लाबेग्लै प्रकारले गरिन्छ। कुनै साहित्यमा उल्लेख गरिएको अश्लील र कामुक चित्रण कुनै व्यक्तिको लागि धेरै नै सुखानुभूतिको विषय बन्नसक्छ तर अर्को व्यक्तिको लागि संस्कृतमा लेखिएका कैयौँ महाकाव्यहरू सुखानुभूतिका विषय बन्नसक्दछन् । म्याक्सिम गोर्कीको आमा वा रातो लालटिन आदि रचनाहरूमा प्रकट गरिएको सौन्दर्य सबैको लागि ग्राह्य हुनसक्दैन । त्यसरी साहित्यमा सौन्दर्यको पक्ष अत्यन्त महत्त्वपूर्ण हुन्छ तर बेग्लाबेग्लै मानिसहरूको चेतनाको स्तर र वर्गीय दृष्टिकोणअनुसार पनि उनीहरूको सौन्दर्यको रूप बेग्लाबेग्लै हुन्छ। त्यही प्रकारका बेग्लाबेग्लै दृष्टिकोणअनुसार साहित्य र सौन्दर्य पक्षको पनि संरचना गर्ने गरिन्छ। त्यसका लागि कुनै सर्वमान्य मापदण्ड हुँदैन।

**प्रश्नः लोकजीवनलाई साहित्यमा सिर्जनात्मक रूपले प्रस्तुत गर्दा र सङ्कलन गर्दा प्रगतिवादी आधार के बनाउनसकिन्छ ?**

**मोहनविक्रम :** लोकजीवन जस्तो छ वा त्यही रूपमा चित्रण गर्ने कार्यलाई यथार्थतावाद भन्नसकिन्छ तर हाम्रो कार्य त्यहीँसम्म मात्र सीमित हुनहुँदैन । लोकजीवनभित्र समाजमा विद्यमान अत्याचार, शोषण र उत्पीडन, असन्तोषको भावना हुन्छ । त्यसबाट मुक्ति पाउने आकाङ्क्षा हुन्छ तर त्यसप्रकारका भावनाहरू दबेर बसेका हुन्छन्, प्रकट हुनपाउँदैनन् । त्यसप्रकारका भावनाहरूलाई प्रकट रूप दिने, गति र वेग दिने हाम्रो प्रयत्न हुनुपर्दछ। सुलोचना महाकाव्यकी सुलोचनामा पनि प्रतिरोधको भाव हुन्छ तर देवकोटाले त्यो भावलाई दबाइदिन्छन् तर हाम्रो प्रयत्न त्यसप्रकारको प्रतिरोधको भावलाई विद्रोहको रूपमा अगाडि ल्याउने हुनुपर्दछ। मजदुर, किसान, महिला, जनजाति, दलित आदि आज निरीह जस्ता देखिए पनि त्यो उनीहरूको चरित्रको वास्तविक पक्ष होइन । पछि त्यसले विद्रोह र सङ्घर्षको रूप लिने कुरा निश्चित छ । भविष्यमा त्यसप्रकारको सम्भावनालाई साहित्यकारले वर्तमानमा नै प्रकट गर्ने वा वेग दिने प्रयत्न गर्नुपर्दछ। त्यसरी प्रगतिशील साहित्यकारले आफ्नो त्यसप्रकारको साहित्यका लागि ऊर्जा जीवनको उपरी र बाह्य रूपबाट होइन, त्यसको गहिराइमा पुगेर लिने प्रयत्न गर्नुपर्दछ। भविष्यमा त्यसप्रकारको ऊर्जाको लागि असिम स्रोत छ। त्यसको आधारमा पनि साहित्यलाई ऊर्जा दिने प्रयत्न गर्नुपर्दछ।

**प्रश्नः अबको समालोचना कस्तो हुनुपर्छ ?**

**मोहनविक्रमः** मैले माथि पनि भनिसकेँ, समालोचनामा कुनै सर्वमान्य मापदण्ड छैन । मानिसहरूले आफ्नो आफ्नो चेतनास्तर, दृष्टिकोण वा वर्गीय दृष्टिकोणका आधारमा पनि कुनै साहित्यिक कृतिको समालोचना गर्ने गर्दछन् । कोही राजावादी छ भने गणतन्त्रसम्बन्धी सबै रचनाहरू उसका लागि अस्वीकृत हुनसक्दछन् । हिन्दु धर्मावलम्बीका लागि भौतिकवादी दृष्टिकोणबाट लेखिएका रचनाहरू अर्थहीन लाग्नसक्दछन्। गोर्कीको आमा पुँजीवादी समालोचकहरूको लागि अर्थहीन हुनसक्दछ । त्यसरी कुनै समालोचकले आफ्नो दृष्टिकोणअनुसार नै

कुनै कृतिको समालोचना गर्ने गर्दछ र त्यो दृष्टिकोणअनुसार नै कुनै साहित्यिक कृति वा रचनाहरूका मूल्य र मान्यताहरूलाई खण्डन वा मण्डन गर्ने गर्दछ। त्यो अवस्थामा प्रगतिवादी दृष्टिकोणबाट विचार गर्दा समालोचना कस्तो हुनुपर्छ भन्ने कुरालाई स्वतः अनुमान गर्नसकिन्छ।

**प्रश्न : सङ्घीयतासम्बन्धी तपाईँको फरक मत छ तर नेपाल सङ्घीयतामा अघि बढिसकेको छ। यसमा तपाईँको के मत छ ?**

**मोहनविक्रमः** नेपाल ङ्घीयतामा "अगाडि बढेको" मात्र छैन, त्यसबाट सम्भावित परिणामहरू पनि लगातार बाहिर आइरहेका छन्। यो कुरा झन् पछि झन् प्रस्ट हुँदै गइरहेको छ कि सङ्घीयता नेपालको लागि उपयुक्त छैन। त्यसले जातीय र क्षेत्रीय विग्रह तथा राष्ट्रिय विखण्डनको स्थितिलाई झन् पछि झन् गम्भीर बनाउँदै लगिरहेको छ। देशले सङ्घीयताको भार धान्नसक्ने कुरा झन् पछि झन् प्रस्ट हुँदै गइरहेको छ। वास्तवमा हाम्रो देशको सङ्घीयता राष्ट्रिय हितमा नभएर देशी वा विदेशी प्रतिक्रियावादीहरू खेल्ने एउटा माध्यम नै बनेको छ। घटनाक्रमको जुनरूपमा विकास हुँदै गइरहेको छ त्यसबाट सङ्घीयतालाई खारेज गर्नु देशको राष्ट्रिय आवश्यकता भएको कुरा प्रस्ट हुँदै गइरहेको छ।

**प्रश्न : नेपाली जनताको चाहनालाई राजनेताले समातेका छन् ?**

**मोहनविक्रम :** त्यसबारे बेग्लाबेग्लै राजनीतिक पार्टीहरूका बेग्लाबेग्लै दृष्टिकोणहरू हुनसक्दछन् र प्रत्येकले उनीहरूले नेपाली जनताको चाहनालाई प्रतिनिधित्व गरेको दावी गर्दछन् तर कसको दावीमा त्यसप्रकारको सत्यता छ वा छैन ? त्यो कुरामाथि निरपेक्षरूपले विचार गर्नसकिन्न। हाम्रो यो दावी छ कि हाम्रो पार्टीले नेपाली जनताको चाहनालाई सहीप्रकारले प्रतिनिधित्व गर्दछ। त्यसो गर्दा हामीले जनतालाई के चाहन्छन् भन्ने कुरामाथि उपरी प्रकारले मात्र होइन, वास्तवमा उनीहरूको हित केमा हुन्छ भन्ने कुरामा पनि ध्यान दिएर आफ्ना नीतिहरू निर्धारित गर्ने गर्दछौँ। उदाहरणका लागि कतिपय मानिसहरूले राजतन्त्रलाई समर्थन गर्नसक्दछन् तर हामीले त्यो व्यवस्थालाई जनताको हितअनुकूल भएको मान्दैनौँ र पहिले राजतन्त्रलाई समाप्त गर्ने कुरामा जोड दियौँ र अहिले पनि त्यसको पुनर्स्थापनाको विरोध गर्दछौँ। राजतन्त्र जनताको हितमा छैन भन्ने हाम्रो स्पष्ट दृष्टिकोण छ र त्यसअनुसार नै जनताको चेतना विकसित गर्ने प्रयत्न गर्दछौँ। त्योबाहेक कतिपय राजनीतिक पार्टीका नेताहरूले जनताको हितको कुरा गरेर उनीहरूका हितहरूमाथि कुठाराघात गर्ने प्रयत्न गर्दछन्। राष्ट्रिय सम्पत्तिको दुरुपयोग गर्दछन्। भ्रष्टाचार गर्दछन्। त्यसप्रकारका सबै सोचाइहरू राष्ट्रिय हितमा नभएको कुरा प्रस्ट छ तर त्यसबारे समस्या यो छ कि जसले जनताको हितमाथि लगातार कुठाराघात गर्दै आएका छन् वा गरिरहेका छन्, उनीहरूलाई नै जनताको ठुलो समूहले सर्मथन गर्दछ। यहाँसम्म कि बुद्धिजीविहरूको ठुलो पङ्क्तिले समेत कुन पार्टीको नीति देशको हितमा छ वा छैन ? त्यसबारे विचार नगरिकन विभिन्न राजनीतिक पार्टीहरूलाई वा उनीहरूका नेताहरूलाई समर्थन गर्दछन्। त्यो समस्याको समाधान के हो ? यो गम्भीर प्रश्न देशका

अगाडि छ। विभिन्न राजनीतिक पार्टीहरूका नेताहरू वा सरकारद्वारा जनताका हितमाथि गम्भीर प्रकारका कुठाराघात हुने तर फेरि उनीहरूलाई नै जनताको व्यापक समर्थन ! यो 'भिसस' सर्कल नतोडिकन देश अगाडि बढ्नसक्दैन।

**प्रश्न : अबको वामपन्थी आन्दोलनको दिशा के हो ? नेपालको भविष्य तपाइँ केकस्तो देख्नुहुन्छ ?**

**मोहनविक्रम :** वामपन्थी आन्दोलनको दिशाबारे विचार गर्दा सर्वप्रथम मार्क्सवादी लेनिनवादी सिद्धान्त, राजनीतिक लाइन र सङ्गठनात्मक प्रणालीका आधारमा सङ्गठित कम्युनिस्ट पार्टीको निर्माण वा त्यस आधारमा एकिकृत कम्युनिस्ट पार्टीको निर्माणद्वारा नै वामपन्थी आन्दोलनलाई सही र प्रभावशाली प्रकारले अगाडि बढाउनसकिन्छ भन्ने हाम्रो विचार छ । त्यसप्रकारको सैद्धान्तिक आधारविना वामपन्थी आन्दोलनलाई सही दिशा दिनु सम्भव छैन तर त्यसप्रकारको सैद्धान्तिक आधार तयार पार्नु अत्यन्त कठिन कार्य हो । समाजमा धेरै मानिसहरू मार्क्सवादी लेनिनवादी सिद्धान्तका आधारमा कम्युनिस्ट पार्टीको निर्माणको कार्यलाई कठिन मान्दै वा एकप्रकारले असाध्य मान्दै गइरहेका छन् । त्यसैले वामपन्थी आन्दोलनमा सैद्धान्तिक विचलनका प्रवृत्तिहरू निकै बढ्दै गइरहेका छन्। वास्तवमा त्यो विश्वकम्युनिष्ट आन्दोलन र नेपालको पनि एउटा गम्भीर समस्या बनेको छ । त्यसैले थुप्रै मानिसहरूले आधारभूत सैद्धान्तिक प्रश्नहरूलाई अव्यवहारिक वा असाध्य मान्दै तिनीहरूलाई परित्याग गर्दै गइरहेका छन् । तैपनि क्रान्तिकारी सैद्धान्तिक आधारविना वामपन्थी आन्दोलन अगाडि बढ्नसक्दैन । त्यसैले हामीले क्रान्तिकारी सैद्धान्तिक आधारमा नै वामपन्थी आन्दोलनलाई अगाडि बढाउने प्रयत्न गर्नुपर्दछ । वामपन्थी क्रान्तिकारी आन्दोलनलाई अगाडि बढाउनको लागि त्योबाहेक अन्य कुनै विकल्प छैन। निश्चय नै हामीले सारा गतिविधि वामपन्थी आन्दोलनमा मात्र केन्द्रित गर्दैनौँ र गर्नुहुन्न पनि। हामीले संयुक्त मोर्चाको नीतिको आधारमा अन्य पक्षहरूसित पनि एकता गरेर जनतान्त्रिक वा राष्ट्रियतासम्बन्धी आन्दोलनलाई पनि अगाडि बढाउने प्रयत्न गर्नुपर्दछ तर अहिलेका वामपन्थी आन्दोलनका अगाडि विद्यमान सबै सैद्धान्तिक, राजनीतिक र सङ्गठनात्मक समस्याका बाबजुद नेपालको भविष्य उज्ज्वल छ भन्ने कुरामा कुनै शङ्का छैन। अन्तर्राष्ट्रियरूपमा र नेपालमा पनि कैयौँ प्रतिक्रियावादी वाधाहरूका बाबजुद जनता तिनीहरूमाथि विजय प्राप्त गर्दै अगाडि बढिरहेका छन्। त्यसले गर्दा झन् पछि झन् क्रान्तिकारी चेतना र विजयका सम्भावनाहरू पनि निकै बढ्दै गइरहेका छन् । कतिपय वेलामा प्रतिक्रियावादी शक्तिहरू हावी हुने गर्दछन् तर त्यो अस्थायी कुरा हो । दीर्घकालीनरूपमा क्रान्तिकारी पक्ष नै विजयी हुन्छ । त्यो विश्वइतिहासद्वारा लगातार र बारम्बार सिद्ध हुँदै आएको कुरा हो । नेपालमा पनि आन्दोलनको गतिलाई रोक्न वा प्रतिगामी दिशामा लैजान बारम्बार प्रयत्न गरियो तर त्यो लगातार अगाडि बढ्दै आएको छ र अरू उच्च स्तरमा अगाडि बढ्ने कुरा निश्चित छ । त्यसैले नेपालको भविष्य उज्ज्वल छ भन्ने कुरामा कुनै शङ्का

छैन ।

**प्रश्न : अहिले भएको वाम गठबन्धनलाई कसरी लिनुहुन्छ ?**

**मोहनविक्रम** : अहिलेको वाम गठबन्धनलाई सकारात्मकरूपमा नै लिएका छौँ । त्यो गठबन्धनका आधारमा एकिकृत कम्युनिस्ट पार्टीको निर्माण हुन्छ भन्ने कुरामा हामीलाई विश्वास छैन । त्यसैले हामी त्यसमा सामेल भएका छैनौँ तैपनि नेपाली काङ्ग्रेसको नेतृत्वमा बनेको गठबन्धनद्वारा देशमा गणतन्त्र, राष्ट्रियता र धर्मनिरपेक्षतामा समेत गम्भीर खतरा उत्पन्न भएको छ। त्यसैले यो चुनावमा उनीहरूलाई हराउनु अहिलेको राष्ट्रिय आवश्यकता भएको थियो । एमाले र माओवादी आपसमा विभाजित भएर होइन, एकतावद्ध भएर नै ने.का.को नेतृत्वको गठबन्धनलाई हराउन सम्भव हुने छ र त्यसबाट गणतन्त्र, राष्ट्रियता र धर्मनिरपेक्षतामा समेत मद्दत पुग्ने छ भनेर नै त्यो गठबन्धनलाई हामीले सकारात्मक रूपमा लिएका छौँ तर त्यसको अर्थ हामीले उनीहरूसँग देशव्यापीरूपमा नै चुनावी तालमेल गर्ने नीति अपनाएका छौँ भन्ने होइन । कतिपय परस्परमा सहमति भएका स्थानहरूमा वा उनीहरूलाई समर्थन गर्ने निर्णय भएका स्थानहरूमा बाहेक अन्यत्र हामीले उनीहरूसित मैत्रीपूर्ण प्रतिस्पर्धा गर्‍यौँ, गर्ने छौँ ।

**प्रश्न : प्रगतिशील साहित्य र प्रगतिवादी साहित्यमा के के भिन्नता देख्नुहुन्छ ?**

**मोहनविक्रम** : प्रगतिशील साहित्य भन्नाले मार्क्सवादी लेनिनवादी वा कुनै क्रान्तिकारी सिद्धान्तविना सामान्य प्रकारले समाजका प्रगतिशील भावना, विचार, जनताका असन्तोष वा आन्दोलनहरूलाई व्यक्त गर्ने विचारहरूलाई लिनसकिन्छ। उदाहरणका लागि भारतीय उपन्यासकार प्रेमचन्द्रलाई त्यस रूपमा लिनसकिन्छ तर प्रगतिवादी साहित्य भन्नाले मार्क्सवादी लेनिनवादी वा क्रान्तिकारी सिद्धान्तलाई आधार बनाएर साहित्यको निर्माणको दिशामा उन्मुख साहित्यलाई लिनसकिन्छ । संसारमा यस्ता थुप्रै साहित्यकारहरू छन् जसले एकातिर क्रान्तिकारी सिद्धान्तका आधारमा वामपन्थी आन्दोलन वा वर्गसङ्घर्षलाई अगाडि बढाउन सङ्घर्ष गर्नुका साथै साहित्यलाई पनि त्यही क्रान्तिकारी आन्दोलनको सहायक अङ्गको रूपमा अगाडि बढाउने प्रयत्न गर्दछन् । प्रगतिशील साहित्यकारहरूमा समाजमा आमूल परिवर्तन गर्ने लक्ष्य वा स्पष्ट दिशा हुँदैन तर प्रगतिवादी साहित्यकार हरूले त्यो दिशामा दृढतापूर्वक काम गरिरहेका हुन्छन् । उनीहरूले साहित्यलाई पनि क्रान्तिकारी आन्दोलनको एउटा हतियारको रूपमा नै लिन्छन् । उनीहरूका अगाडि वर्तमान समाज व्यवस्थालाई ध्वस्त पारेर एउटा स्वतन्त्र, सुखी र सुन्दर जीवनको निर्माण गर्ने स्पष्ट लक्ष्य हुन्छ ।

**प्रश्न : आफ्नो व्यस्तताका बाबजुद हामीलाई महत्त्वपूर्ण समय उपलब्ध गराइदिनुभयो, स्पष्ट विचारहरू राखिदिनुभयो, त्यसका लागि हार्दिक आभार व्यक्त गर्दछौँ ।**

**मोहनविक्रम** : तपाईँहरूले पनि मेरा आफ्ना र पार्टीका धारणा तथा समसामयिक विषयमा आफ्ना विचार राख्ने अवसर दिनुभयो । म तपाईँहरूलाई हार्दिक धन्यवाद दिनचाहन्छु ।



# प्रफुल्लित मुहार

❖ राम विनय

'म कविता लेख्छु भनेर मैले कविता कहिल्यै लेखिन। मनोभावनालाई बाध्य भएर अभिब्यक्त गर्न परेपछि मैले कविता लेखेँ । कविता मेरोनिम्ति मनोभावनाको लिखित अभिव्यक्ति हो जुन अभिव्यक्ति कथा र निबन्धभन्दा बेग्लै किसिमले आफूभित्र स्फुरण हुन्छ।' कविताको बारेमा पारिजातको यो एक सशक्त अभिव्यक्ति हो। पारिजात आफनो शारीरिक अशक्तताले गर्दा निरन्तर उपचार गर्दै, बाँच्दै, लेख्दै, सङ्घर्ष गर्दै जीवनमा कहिल्यै पनि नहार्ने सङ्कल्पित व्यक्तित्व हुन् । आफ्नी बहिनी सुकन्यासित पारिजातले भनेकी थिइन्, 'सुकन्या म पराजित जन्मेकी हुँ।' त्यसै दिन सुकन्याले भनेकी थिइन् रे, 'तिमी पराजित हुनसक्दिनौ, तिमी अपराजिता हौ ।' त्यस वेलादेखि पारिजातको नाम अपराजिता पारिजात भनेर चर्चा हुनलागेको हो ।

रुपरेखा पत्रिकामा २०२१ सालमा छापिएको कविता 'लाहुरेलाई रोगी प्रेमिकाको पत्र' मैले पहिलोपटक पढेपछि मलाई उनको बारेमा थाहा भएको हो । त्यसपछि उनका धेरै कविताहरू प्रकाशित भएका थिए । त्यसैताक उनको उपन्यास शिरीषको फूल प्रकाशित भएर मदन पुरस्कारसमेत उनले पाएकी थिइन् । आफनो शारीरिक अशक्तता र सामाजिक वातावरणले गर्दा तथा वैचारिक अस्पष्टताले गर्दा पारिजातमा पहिले निस्सारता, शून्यता र अनास्थाबादी तथा अस्तित्वबादी चेतना छ भन्ने सुनिन्थ्यो। उनले लेखेकी छन्, 'आशा, सङ्घर्ष, विश्वास जस्ता मानबीय मूल्यहरू एक एक गर्दै मेरोअगाडि मर्न थाल्छन। मेरो यस्तो अवस्थालाई धेरैले अनास्थावादी र अस्तित्ववादी भन्ने सङ्ग्या दिए। तत्कालीन जे जस्तो अवस्था थियो सोहीअनुसारको धेरैले त्यस्तो सङ्ग्या दिएको हुनुपर्छ।'

शिरीषको फूल उपन्यास प्रकाशित भएपछि कवि, समालोचक गोविन्द भट्टले 'शिरीषको फूल कि कागजको फूल' भनेर समालोचना लेख्नुभयो । यो उपन्यास घटनाप्रधान पनि होइन, न चरित्रप्रधान नै हो । आदिदेखि अन्तसम्म लेखकले आफनो निस्सारतावादी दर्शनको प्रतिपादन गर्नखोज्नुभएको छ र यसै निस्सारताबादको व्याख्या र सर्मथन गर्ने पूर्वाग्रहबाट नै घटना र चरित्रहरूको सृष्टि गरिएको भान पर्दछ। रित्तो हृदय, रित्तो मस्तिष्क, प्रेम निस्सार छ; खोक्रो बाँचेर, जीबनको बोझ आदि जस्ता

वाक्यहरू उपन्यासका हरेक पानाहरूमा पाइन्छ भन्दै गोविन्द भट्ट लेख्नुहुन्छ, 'शैली आफैँमा साध्य होइन, साधन मात्रै हो। सुन्दर शैलीमा समाजको हानि गर्ने कृतिभन्दा नराम्रो शैलीको भए पनि मानिसलाई प्रेरणा दिने र सान्त्वना दिने कृति बढी उपयोगी हुन्छ। त्यसैले समालोचकले यो कृतिलाई सुन्दर तर गन्धहीन खोक्रो कागजको फूलसित तुलना गरेका छन्।'

मलाई लाग्छ, यसप्रकारको समालोचनाले र परिवर्तित सामाजिक र राजनैतिक वातावरणले पारिजातमा परिबर्तन आएको हुनुपर्दछ । नेपालको राजनैतिक तथा सामाजिक परिवर्तनमा नेपाल कम्युनिस्ट पार्टीको महत्त्वपूर्ण भूमिका रहेको छ। तृतीय महाधिवेशनपछि पार्टी विभाजित हुनथाल्यो । २०३० सालमा जस्तो लाग्छ चितवनका मित्र विष्णु घिमिरे र म निर्मल लामासित भेट गर्नको लागि उहाँको निबासमा गएका थियौँ । वास्तवमा हामी पार्टीको काममा गएका थियौँ । पार्टीको चौथो महाधिवेशन केही समयअगाडि सम्पन्न भएको थियो । त्यति वेला केही आशा पलाएको थियो। अब नेपालमा केही हुने भयो। हामीले निर्मल लामासँग निकैबेर कुरा गरेर केही जिम्मेवारी लिएर फर्केका थियौँ । त्यस बखत हामीले पारिजातसित पनि भेट गरेका थियौँ । त्यो उनीसित पहिलो भेट थियो। त्यति वेला पारिजातको हातमा फ्रेडिरिक एन्गेल्सको पुस्तक ....' परिवार, निजी सम्पति र राज्यको उत्पत्ति' थियो। त्यो पुस्तक हातमा लिएर बसिरहेको वेलामा हामीसित कुरा गर्दाको क्षण अति नै प्रभाबकारी थियो । त्यस वेलामा उनको मुहार यति चमकदार, ऊर्जाशील, उत्साहित र आस्थावान् थियो कि म त छक्क परेँ ! कहाँ त्यो निराशा, निस्सारता ! कहाँ यो उत्साह उमङ्गको चमक मुहार ! उनीसँग कुरा गर्दा र उनको अबस्था हेर्दा मलाई के लाग्यो भने उनले आफनो गन्तव्य फेला पारेकी छिन्। उनको विश्वदृष्टिकोण स्पष्ट भएको छ । त्यसपछि मैले उनका रचनाहरूमा प्रगतिबादी दृष्टिकोण देखा पर्नथालेको पाएको छु । उनले आफूलाई प्रगतिवादी दृष्टिकोणबाट रूपान्तरण गरेर एक सशक्त महिला स्रष्टाको रूपमा स्थापित गरेकी छिन् । त्यसपछि उनी सामाजिक र राजनैतिक परिबर्तनको लागि सक्रिय भएकी छिन् र २०४६ सालको आन्दोलनमा सहभागिता जनाएकी छिन्, प्रगतिशील लेखक सङ्घमा सक्रियतासाथ काम गरेकी छिन्। साहित्य सन्ध्यामा नियमित उपस्थित भएर नयाँ पुराना स्रष्टाहरूलाई उत्साहित पार्ने काम गरेकी छिन्।

निधनको समयमा आफनो शिरमा लेनिनको तस्बिर राख्ने उनको सोचले उनी एक प्रतिबद्ध प्रगतिबादी लेखक हुन् भन्ने कुरा प्रमाणित भएको छ। नेपाली साहित्यमा उनको योगदान महत्त्वपूर्ण रहेको छ । म सम्झन्छु, उनले हातमा लिएर पढिरहेको एङ्गेल्सको पुस्तक र उनको चम्किलो मुहार ! त्यो जनताको लेखकको मुहार हो । पारिजात अपराजिता हुन् । नेपाली साहित्यमा पारिजात अमर छिन् । हार्दिक श्रद्धान्जलि अपराजिता पारिजातलाई ।

*कुलेश्वर, काठमाडौँ*



❖ वासुदेव अधिकारी

# शान्ति गीत



म छु वारि तिमी पारि सुनिएन गीत
रोजाइ नै फरक भो के लाउनु र मीत ?
प्रकृति र जीवनसित मेरो गै'रो प्रेम
इमान जमान हुनेसित नाता रोम रोम
विज्ञानको बाँसुरीमा म उज्यालो गाउँने
पौरखीको हातबाट नयाँ युग आउने
म त छाम्छु मानिसमा सिर्जनाको ताप
मृत्यु जित्न पौरखीलाई दिनुपर्छ धाप
शिशिरको सिरेटोमा वसन्तको निम्ता
लुटुपुटु हुन्छ आगो चलाएमा चिम्टा
रसायन मिलाई तिमी आगो मुस्लो झार्छौ
परमाणु-मुटु छामी आगो फेला पार्छौ
तिम्रो आगो कुर्सी गीत बित्यासको स्रोत
मेरो आगो जीवन गीत न्याय फल्ने बोट
तिम्रो फूल आगै आगो मेरो फूल प्रित
कसरी म सुन्न सक्छु खरानीको गीत
मृत्यु धुन सुन्दिन म 'अहँ' जान्न पारि
जीवनको गीत सुन्न तिमी आऊ वारि ।
*(पारमाणविक सशत्रास्त्र)*



❖ संगीता सिंह 'भावना'
*शिवपुर वाराणसी, भारत*

# स्मृति

आशाको विमानले
छोडेर जान्छ कल्पनाको सम्भावना
यथार्थभन्दा टाढाको
एउटा अद्‌भूत दुनियाँ
जहाँ बस्छ एउटा अनौठो संसार ...
युगौँदेखि खोजिरहको
एउटा जादुइ दुनियाँ ...
कुनै आश्चर्यमा विचरण गर्नु ...
र फर्केर आउनु आफैँभित्र
ओल्टाइपल्टाइ गर्नु
ती रमाइला स्मृतिका पोकाहरू
जहाँ सुखको रङ आफ्नो चरममा छ
जहाँ बहारैबहार छ ...
सबै ऋतुलाई छेउ लगाएर
सिर्फ एउटा मात्रै ऋतु छ
ऋतु वसन्त !
यति धेरै उमङ्ग
मानौँ जारी छ प्रेम कविताहरूको
अनन्त सिलसिला ... ।

# रातो गुलाफ

चालिस वर्षका सबै मौसमसँग
लुकामारी खेलिसकेपछि
जीवनमा
सबैभन्दा रमाइलो क्षणको साक्षीले
मनलाई शान्ति दिन्छ
कसले भन्छ खुसी हुनलाई
कुनै महलकी महारानी हुनुपर्छ !
आफ्नो अस्तित्वको सबै भागलाई
मायाले ढाके
चाहनाको इन्द्रेणी
फैलिन्छ जीवनमा
अनि फुल्छन् रेशम जस्तै
अनुहारमा प्रेमका अनगिन्ती राता गुलाफ !

***हिन्दीबाट अनुवाद : सुमी लोहनी***

❑ कथा



# भक्तलालको आत्महत्या

❖ राममणि पोखरेल



छैठ नेपालीहरूको एउटा पर्व। उत्साहसाथ मनाइयो । कार्तिक महिनाको तेस्रो सप्ताह, जाडोले धरतीलाई माया लगाउन प्रारम्भ गरेको छ। शीत बाक्लै पर्नथालेको छ। यो भित्री मधेस या खुंजको विशेषता नै हो -रातमा बाक्लो शीत पर्नु। जमिनसँग जोडिएका किसानहरू हिउँदे बाली लगाउने काममा व्यस्त थिए। आजभोलि गाउँघरमा पनि बारी जोत्न गोरुको प्रयोग कम हुनथालेको छ। ट्र्याक्टरले जोत्दछ। गोरु त अड्कोपड्को तेलको धुप भने जस्तै भएको छ।

वर्षाको मेहेरो समाप्त भइसकेको भए पनि हिजोको रात आकाशमा तारा देखिएनन्। बदली भए जस्तो भयो। जाडो केही बढेको महसुस गरियो। बिहान सूर्यले धरतीमा आफ्नो किरण छर्न अलि ढिला गरे जस्तो भान भएको थियो। आफ्नो नित्यकर्म सकेर आँगनको एक छेउमा कुर्सी समाएर बसेको थिएँ। हातमा पुस्तक पनि थिएन। मकैका घोगा लिएर छोडाउँदै आँगनमा छर्दै थिएँ। परेवा खोरबाट निस्केर आँगनमा छरिएका मकैका दाना आफ्नो चुच्चाले टिप्दै थिए। आँगनमा छरिएका मकैका दाना टिप्न, तँछाडमँछाड गर्दै थिए परेवा भने। त्यही हुलमा कुखुराका साना काला प्वाँख गरेका चल्ला पनि दौडँदै थिए। ती चल्लाको माउ भने त्यो हुलमा देखिएको थिएन। त्यस्तै बेला सडकमा उभिएर ललकुले नमस्कार गऱ्यो, दुबै हात जोरेर। घरतिर आउँदैनौ त भनेर सोधेँ। 'होइन मालिक व्यस्त छु, दाउरा काट्न जङ्गल जानु छ' भन्दै लामा लामा फड्को मार्दै ऊ उकालियो। विचरालाई पिर परेको छ। उसको विरोधमा गाउँले छिमेकी लागेका छन्। उसकी उमेर पुगेकी छोरी छिमेकी तल्लो जातको केटासँग भागेकी थिई। धेरै दिन भएको थिएन। दलित केटासँग हिँडेकी, पोइल गएकी छोरीलाई घरमा प्रवेश गराइस् भने 'तँलाई पानीबाट हटक गर्छौं', 'गाउँ निकाला गर्ने अधिकार नभए पनि जातबाट बाहिर गर्छौं, कुनै शुभकार्यमा बोलाउँदैनौँ' भनेर ललकुलाई उसका दाजुभाइ, नातागोताले चेतावनी दिएका थिए ! लुलकु चिन्ताग्रस्त थियो। उसको मनोबल कमजोर देखिएको

थियो । थारु जातिको एउटा परम्परा थियो -उनीहरूको जातका छोरी अन्य जातका पुरुषसँग सम्बन्ध जोडेर हिँडे भने फिर्ता ल्याउने, तर अरू जातका छोरीचेली थारु पुरुषले ल्याए भने फिर्ता नदिने, आफ्नै जातमा समावेश गर्ने ! यही कारण पनि भोलि गाउँमा पञ्चायत बस्यो भने मेरा पक्षमा बोलिदिन्छ कि भनेर लल्कु मनिकट हुनखोज्दै थियो । समाजमा यस्तो हुन्छ, जातपातभन्दा पनि एक जना पुरुष र महिलाले जीवन चलाउन सम्बन्ध जोडेका हुन्, निराश नहोऊ भनेर थुमथुम्याएको थिएँ मैले । महिला-पुरुषको मानवीय समवन्धलाई जातपातले छेक्दैन भनेर भनेको थिएँ । हातको घडी हेरैं । घडीले आठ बजाउँदै थियो । एकपल्ट कोठेबारीतिर नजर लगाएर भान्साकोठाको ढोका चियाएँ । भित्र चालचुल केही थिएन । सुनसान जस्तो लाग्यो ।

सडकमा चिम्से कान्छा आएर उभियो ! उसका ठुला बल्ढ्याङ्ग्रे आँखाले मेरो गुवाली, कटेरा र घरको बार्दलीमा सुकाएका कपडामा आँखा कुदायो । केही सोचेर गम्भीर मुद्रा बनाएर भन्यो । पूर्व टोलको दुःखद घटनाबारे केही थाहा पाउँनुभएको छ ? म झसङ्ग भएँ । कस्तो दुःखद घटना ? मलाई त थाहै छैन ! भनेर उसैलाई प्रश्न राखैं, केही बुझ्ने उत्सुकता देखाएर । “भक्तलालले आत्महत्या गरेछन् !” भासिएको स्वरमा चिम्से कान्छाले रसिला आँखा पार्दै भन्यो । अत्तालिदै बसेको ठाउँबाट उठैं । परेवाको खोपतिर हेर्दै सडकतर्फ पाइला बढाएँ, फड्को मार्दै । चिम्से कान्छानजिकै गएर उभिएँ आमनेसामने भएर ।

“के भन्न खोजेको ! के भनेको तिमीले ? मेरो त सातै गयो त ! अलि प्रस्ट पार, यस्तो अनर्थ कसरी भयो होला त ?” मैले सोधैं ।

झोल घोप्ट्याएको भाँडो जस्तो शून्यता र लाटिएको जस्तो अनुहार पारेर विलाउनाको स्वरमा उसले भन्यो, “साँच्चै भनेको, भक्तलालको शरीर उसकै घरको बार्दलीमा मृत्यक अवस्थामा झुन्डिएको छ । मेरा आफ्नै आँखाले हेरेर आएको, गाउँका मानिसको भिड छ । कुनै भेला या आमसभामा जम्मा भए जस्तै छन् मान्छे ! प्रहरीहरू पनि आएका छन् । लास चलाएको छैन । त्यो मुखमा बोल्ने ओकेटोकेबाट कोकोसँग के के बात मार्दै छन् प्रहरी । घरवरिपरि घुमे प्रहरीहरू । भक्तलालकी श्रीमती भक्कानिएर रोइरहेकी छन् । कान्छी छोरी र कान्छो छोरो पनि रोइरहेका छन् । तीन दिनअघि उसकी कान्छी फुपू पनि भदाहा भेट्न आएकी रहिछन् । बुढी पनि रोइरहेकी छिन् । एकप्रकार त्यो परिवार शोकाकुल छ, तपाईँ पनि एकपल्ट जाने कि ?”

मलाई त्यति जानकारी गराएर चिम्से कान्छा फटाफट सडकतिर लम्कियो । म चिन्ताग्रस्त हुँदै आँगनमा पाइला राख्न आइपुगैं । मेरो दिमागमा भक्तलालको सजीव मानव आकृति आफूअगाडि उभिएर मसँग बातचित गरे जस्तो भयो । भक्तलाल यो गाउँमा आजभन्दा १५/१६ वर्ष पहिला आफ्नो पुर्खौली थलो पहाडको एक दुर्गम ठाउँबाट यो त्रियुगा उपत्यकामा बसाइँ सरेर आएको थियो । यहाँ बसाइँ आएपछि, जमिन किन्ने क्रममा मेरै खेतको साँधमा एक जना चौधरीको खेत किनेको थियो । ऊ र म प्रत्येक वर्षा एउटै कुलो खनेर खेतमा पानी पटाउँथ्यौँ । हाम्रो घरको दूरी भने टाढा नै थियो । उसका तीन भाइ छोरा र तीन बहिनी

छोरी थिए। एक भाइ छोरा ऊसँगै खेतीकमाइ गरेर बस्तथ्यो। एक भाइ छोरा छिमेकी अन्य जातकी युवती लिएर गाउँबाट सहर पसेको थियो। उतै सानोतिनो व्यापार गरेर निर्वाह गर्दथ्यो। लुकीछिपी कुनै ठुलो पर्वमा घर आउँछ भन्दथे उसका छिमेकीहरू ! सुनेका कुरा मात्र हुन् मेरा।

जेठो छोरो सेतुराम नेपाल प्रहरीमा कार्यरत थियो। ०७२ सालको प्रलयकारी भूकम्पमा विपतमा परेका ग्रामीण जनताको सेवामा डटेर लाग्यो। यहाँसम्म कि पिठ्युँमा भूकम्पपीडित मानिस र बालबच्चा बोक्यो। बोकेर निर्धक्क र सुरक्षित ठाउँमा पुर्‍यायो। सेतुराम शरीरको पनि लक्का जवान छ। खाइलाग्दो पनि। भूकम्पपीडितमा परेका कैयौँ व्यक्तिको अधपिल्टो ज्यान बचाउन खटियो। कर्तव्यनिष्ठ सिपाही भएर काममा लाग्यो। सङ्कटमा परेका मान्छेको उद्धारमा इच्छाशक्ति देखाएर खट्यो। भक्तलालले पनि ०४५ सालको भूकम्पमा पीडितलाई विशेष राहत पुर्‍याएको थियो। त्यस वेला ऊ भरखर नै यो सेवामा प्रवेश गरेको थियो। प्रहरी सेवामा प्रवेश गरेको त्यस्तै दुई वर्षमा प्रलयकारी भूकम्प गएको थियो। पीडितलाई राहतका पोका लिएर गाउँ गाउँ पसेको थियो। जति सेवा गरेको भए पनि त्यससम्वन्धी पुरस्कार भने उसले पाएको थिएन। तराई, पहाड, हिमाल जुनसुकै भूभागमा जन्मेका र बसोवास गरेका भए पनि नेपाली मात्रको हित र सेवाका लागि ऊ दत्तचित्त भएर खटेको थियो। जागिरकै क्रममा छोटो समय ऊ दक्षिणको विशाल मुलुक भारतको सीमासुरक्षामा खटिएको थियो। त्यस वेला केही अपराधकर्ममा संलग्न व्यक्तिले नेपालका सोझासाझा छोरीचेलीलाई काम लगाइदिन्छु भन्ने लोभलालच देखाएर विदेशका कोठीहरूमा बेच्न लाँदै गर्दा शंका लागेर शोधखोज गर्दा वास्तविकता खुलेकोले तीन जना तामाङ जातिका छोरीको उद्धार गराएको थियो र परिवारका सदस्यलाई सुम्पेको थियो।

मनमा यस्तै कुराहरू खेलाउँदै म शरीरमा लगाएका कपडा साटेर अर्को बाहिरी पहिरनमा भक्तलालको घर पुगेको थिएँ। प्रहरीहरूले आत्महत्या गरेर मृत्युवरण गरेको भक्तलालको लासलाई कुनै यान्त्रिक साधनमा राखेर अस्पताल पुर्‍याउने चाँजोपाँजो मिलाउँदै थिए। कानुनको परिधिमा बसेर सर्जमिन मुचुल्का बनाइसकेका थिए। सम्वन्धित व्यक्ति नातागोतासँग सोधपुछ पनि गरेका थिए। कागजी फाइल तयार गरिएको थियो। कान्छो छोरा र श्रीमती नरीलाई पनि प्रहरी कार्यालय र अस्पताल लाने तयारी गर्दै थिए। भक्तलालको काठे घरमा उसको लास झुन्डिएको थियो। प्रारम्भमा उसले टायलले छाएको घर बनाएको थियो। पछि छोराले कमाउन थालेपछि टिन लगाएर छाना छाएको थियो। माथि तीन कोठा, तल तीन कोठाको घर थियो। बार्दलीमा खाइलाग्दो झन्डै साठी वर्षको निकट भएको सरदर नेपाली उचाइको व्यक्तिको लास झुन्डिएको थियो। उसले कुनै वेला २०/२१ वर्ष प्रहरी सेवामा काम गरेर देश र जनताको सेवा पुर्‍याएको थियो। उसले यही ठाउँमा आएर छोरी र छोराको विवाह कर्म गर्न भ्याएको थियो। छोरीको विवाह पनि एक जना सेनामा कार्यरत व्यक्तिसँगै भएको थियो। उसले जेठी छोरीको विवाह गर्न भ्याए पनि अरू माहिली र कान्छी छोरीको भने विवाह गर्नभ्याएको थिएन। माहिली छोरीले तामाङसँग र

कान्छीले मगर जातिको केटासँग नाता जोड्न भ्याएका थिए । रमाइलो र सुखी परिवार थियो तिनीहरूको । तर भक्तलालकी श्रीमती नरीलाई भने गाउँमा छरछिमेकका महिलापुरुष कसैले पनि मन पराउँदैन थिए । ज्यादै रुखी र असभ्य छ भनेर आलोचना गर्दथे । मिल्दोजुल्दो मानवस्वभाव नभएकी आइमाई छ भन्दथे गाउँलेहरू ।

बार्दलीमा झुन्डिएको भक्तलालको मृतक शरीर देखेपछि, मेरो मुटु ढुकढुक भयो । नियालेर उसको शरीर हेरेँ । मैला लुगा लगाएको रहेछ । सायद अरू आत्महत्या गर्ने व्यक्तिले पनि मर्ने वेलामा यस्तै मैला लुगा लगाएर मर्दछन् क्यार भन्ने सोचेँ । नियास्रो लाग्यो । एकपल्ट लामो सास तानेँ । झलमल्ल घामका किरण पृथ्वीमा छरिएका थिए । प्रकृतिका हिसाबले दिन रमाइलो थियो । उसले आफ्नो पैतृक थलो छाडेर बसाइँ आउँदा उसका दिमागमा थुप्रै सपना थिए होलान् । पक्का भवन बनाएर बस्ने, समाजमा प्रतिष्ठा कमाउने । मुलुकमा लोकतन्त्र आएको छ, समाजमा विभेद अन्त्य भएको भोग्ने, देख्ने रहर थिए होलान् । सम्पत्ति भएर मात्र हुँदोरहेनछ, समानताको व्यवहार पनि भोग्नपाउनु पर्दोरहेछ । भक्तलालका घरमा खसी प्रशस्त पालेका हुन्थे । प्रत्येकजसो चाडपर्वमा ऊ बजार लगेर खसी कटाएर मासु विक्री गर्दथ्यो । उसको परिवार ज्यादै मिहेनती थियो । बिहान उठेर नाम्लोडोरी कम्मरमा बाँधेर डाले घास काट्न जङ्गल जाने गर्दथ्यो भक्तलाल । नरी पनि घरको काममा दलिएर लाग्दथिन् ।

सर्जमिन मुचुलका गर्नआउने प्रहरी जवानमध्ये एक जना मेरो परिचित व्यक्ति रहेछ । ऊसँग सामान्य वातचित गर्नखोजेँ । ऊ पनि यस्तै मौकामा रहेछ । खुसी मनले उसले रातो टोपी हातमा लिँदै, एकान्ततर्फ मलाई डोऱ्यायो । हामी दुबै काभ्रोगाछीनजिकै गएर उभियौँ । भेला भएका मानिस क्रमिकरूपले तितरवितर हुँदै थिए । बिहानको लगभग दस बज्दै थियो । अड्डा जाने गाउँले कर्मचारीलाई पनि हतार थियो । अरू गाउँले पनि बाटो लाग्दै थिए । कसैका आँखा रसाएका थिए । कसैको अनुहार मलिन देखिन्थ्यो । समग्रमा सबै व्यक्ति शोकाकुल देखिएका थिए । उनीहरूका आफ्ना आफ्ना प्रतिक्रिया थिए । एक जना महिलाले प्याच्च भनिन्, "लोग्नेस्वास्नीबिच झगडा भएको त थिएन होला नि । " लोग्नेको व्यवहार र बोलीचाली भन्दा तीन गुणा असभ्य थिइन् स्वास्नी चाहिँ । एक जना पुरुष गाउँले व्यक्तिले आफ्नो राय सडकमा हात हल्लाउँदै भन्दै थिए, "के नपुग्दो थियो मोरालाई ! छोराको जागिर, आफ्नो निवृतिभरण, थोरै भए पनि राम्रो खेत, मलिलो माटो भएको बारी कहिल्यै बाँझो भएर बस्तैनथ्यो । केही न केही बालीका बुट्टा लागिरहन्थे । हरिया बुट्टासँग खेल्न ऊ ज्यादै रमाउँथ्यो । मेरो त झन्डै १०/१२ वर्षको खेतको छिमेकी थियो ऊ । त्यसका घरमा घरझगडा चाहिँ भइरहन्थे ।"

मलाई एकान्त लाने प्रहरीले भन्यो, 'ज्यादै कठिनले यो भक्तलालको प्राण उम्केको छ । तिमी बुझ कि यो आत्महत्या गर्नेको प्राण जाने समयमा दिसापिसाब उम्कन्छ । पुरुषको त विर्य नै झर्दछ । तर भक्तलालको उमेरको कारण यस्तो भएन । दिसा भने एक थास नै थियो, गन्हाएर दुर्गान्धित भएको । बार्दलीमा यो भक्तलाल झुन्डिँदा काठे घर हल्लियो होला, माथिल्लै कोठामा

सुतेकी थिई स्वास्नी । तल्लो कोठामा थिए छोराबुहारी। त्यत्रो झन्डै साठी किलोको मोटो मान्छे डोरीमा झुन्डिएर मडारिँदा काठेघर त हल्लियो नै, तिनीहरूले थाहा पाएनन् भन्न त सकिदैन नि ! थाहा पाएपछि किन उठेर बचाउने प्रयाय गरेनन् ? यै चाहिँ अचम्मको विषय हाम्रो बुझाइमा छ।'

ऊभन्दा माथिल्लो हाकिमले सिठी बजायो । ऊ अत्तालिँदै हाकिमले बजाएको सिठीतर्फ मोडियो दौडँदै । म पनि उसको पछि लागेँ, भिड तितरवितर भएको थियो । छोराबुहारीको आँसु आँखाबाट निखिसकेको थियो । श्रीमती नरीमाया झोक्राएर बसेकी थिइन् । प्रहरीले लासको डोरी काटेर झारेर ट्याक्टरमा लादे । अरू त्यहाँ भएका व्यक्ति रमिते भएर उभिइरहे, बोल्ने हिम्मत गरेका थिएनन् । एक जना प्रहरीले नरीमायालाई भन्यो, "तपाईँ कुनै साधनमार्फत अस्पताल आउने कि हाम्रो गाडीमा जाने ?" नरी केही बोलिनन् । छोरा हस्तमानले नरम स्वरमा भन्यो, "हामी आफ्नै कुनै साधनमार्फत अस्पताल आउँछौँ ।"

लास बोकेर ट्याक्टर सडकमा गुड्किन थाल्यो। प्रहरीको भ्यान सडकमा पुग्यो। हर्न बजाउँदै। अस्पतापल नगइनहुने मानिस जाने तयारीमा जुटे। अँध्यारो अनुहार पारेर घरतिर पाइला चाल्न खोज्दै थिएँ । हस्तमानले अगाडि आएर बाटो छेकेर भन्यो, "हजुर एक क्षण तपाईँ अस्पताल र प्रहरी थाना गइदिनू न, मेरो त अभिभावक जस्तो लाग्ने व्यक्ति कोही छैन।" मैले सकारात्मक जबाफ दिएर बाटो लागेँ । घरमा आउँदा बाटोमा सम्झेँ, 'कहीँ भक्तलाल बाटोमा विपरीत दिशाबाट साइकलमा चढेर त आउँदै छैन।' 'दाजु कता जान लाग्नुभएको' भनेर प्रश्न त सोध्दैन ? उसको सम्झना मेरो दिमागमा आइरह्यो । यदाकदा अड्डा जाँदा सँगै परिन्थ्यो। ऊ मलाई आदरसाथ भन्ने गर्दथ्यो, 'यो जातपातको अन्त्य हाम्रो मुलुकमा कहिले होला ?' उसका प्रश्न थिए, हुन्थे।

मानवको हृदयमा प्रेम र करुणाको अन्त्य भएपछि मानिसले आत्महत्या गर्छ । कुनै व्यक्ति जीवनबाट निराश भएपछि निराशाकै अन्तिम बाटो आत्महत्या हो, आवेगमा आएर मान्छे मर्न चाहन्छ । अथवा कुनै व्यक्ति समाजले नपचाउने अपराध कर्मबाट उम्कन फुत्कन आत्महत्याको शरण या बाटो अपनाउँछ। भक्तलालले कुनै त्यस्तो अपराध कर्म त गरे झैँ लागेन। ऊ जीवनबाट निराश चैँ भएकै हो भन्ने लाग्यो। घरमा आएर चार गाँस भातका सिता मुखमा हालेर सरासर अस्पतालतिर पाइला चाल्नथालेँ । मनभित्र धेरै कुराहरू सलबलाए। हृदय कामिरह्यो। सास गन्हाइरह्यो । पेटमा अन्न हुँदा पनि आन्द्रा तिता भएको अनुभव भयो। अस्पताल पुग्दा चौरीमा मानव भिड देखिन्थ्यो । प्रहरी कार्यालयबाट आउनुपर्ने कागजात आएको थिएन। डाक्टरहरू त्यही कागतको पखाइमा थिए। लासघरमा लम्पसार थियो भक्तलालको मृतक शरीर। मोराले दारी नकाटेको पनि धेरै दिन भएको रहेछ। उसको करासो जोडिएको छिमेकी पन्नालालसँग भेट्न मन लाग्यो । चौरीमा आँखा कुदाएर उसलाई खोजेँ। नभन्दै चौरीको एक छेउमा बसेर झोक्राइरहेको थियो पन्नलाल! बोलाएँ। लुसुक्क परेर मेरानजिक आयो। ऊ भक्तलालको छिमेकी र नाता पनि पर्ने व्यक्ति हो पन्नालाल । ढुङ्गाको साथ माटो र माटाको साथ ढुङ्गो भने झैँ थिए

तिनीहरू ! मैले हात समातेर एकान्तमा ल्याएँ, पन्नालाललाई । कुरा खेर्न थालेँ, यस्तो गलत कामको निर्णयमा कसरी पुगे त भक्तलाल !

प्रत्येक मान्छेका आफ्नै बेथा पिर हुन्छन्, भोगाइ आफ्नै हुन्छ । तिनीहरू लोग्नेस्वास्नीबिच विवाद झगडा त भइरहन्थे तर भक्तलाल उदार दिलको मानिस हो, जस्तो समस्या पनि पचाउँदै थियो । उसलाई चोट चाहिँ के विषयमा परेको थियो भने केही दिनअघि उसको घरमा खसी काट्ने भनेर निर्णय गरेको थियो । छिमेकीहरू अरू जातकाले तिम्रै घरमा काट्ने, दाउरा ठिक पार्नू, हामी आएर पानी बसाउँछौँ, हामी नै पानी उमाल्छौँ । त्यहीँ काट्ने र वितरण गर्ने भनेर गाउँका केही युवाले योजना बनाएर सल्लाह गरेका थिए । त्यै सल्लाहअनुसार भक्तलालले योजना बनाएको थियो खसी काट्ने । पछि गाउँका केही बुढापाका व्यक्तिले त्यो भक्तलालको घरमा काटेको खसीको मासु घरमा ल्याएर खाइन्न । अन्यत्रबाट नै ल्याइन्छ । यदि अन्यत्र बन्दबस्त हुनसकेन भने मासु नै खाइन्न भनेर गाउँका युवाहरूलाई हप्काए, बिच्क्याइदिए । युवाहरूले आफ्नो आँट गर्नसकेनन् । पाका व्यक्तिको तर्क स्वीकारे ! भक्तलाल खिस्स पऱ्यो । परिवारका सदस्यसँग भन्यो, "भोलि बजार लान्छु ।" यिनै गाउँले छिमेकी व्यक्तिहरू यै खसी बजारमा लगेर मैले नै काटमार गरेँ भने पनि घरमा ल्याएर चोक्टा दार्दछन् । यहाँ गाउँमा काट्दा चाहिँ खान नहुने किन ?" एक जनाले भन्यो, 'व्यवहार मिच्दै जानुपर्दछ, सुध्रन्छ नि ! के समय सधैँ यस्तै रहन्छ त !, लोकतन्त्रका लागि मान्छे मरेको यही रुढिगत परम्पराकै निम्ति हो त ?' गाउँका केही युवासँग भक्तलालले पनि आफ्नो तर्क प्रस्तुत गरेको थियो । कसैले पनि कुनै प्रतिक्रिया जनाएका थिएनन् ।

पन्नालालले भन्यो, "त्यो घटनापछि भक्तलालमा निराशा आएको थियो । स्वाभिमानमा धक्का लागे जस्तो गर्दै थियो । निराशाकै कारण होला उसको यो गति भएको !' डाक्टरले पोस्टमार्टम वा लास जाँच गर्नअघि शरीरमा लगाएका लुगा छाम्दा कागतको टुक्रा भेटे, त्यो कागजको टुक्रा प्रहरीलाई दिए । लास जाँच गरिसकेपछि, त्यो कागजको टुक्रा पढ्दा यस्तो लेखिको थियो, "लोकतन्त्र प्राप्तिपछि पनि हामी दलितहरू मानव हुनपाएनौँ । कानुनले समानता दिए पनि गाउँमा मानवीय व्यवहार पाउन हामी असमर्थ रह्यौँ । मेरा केही नातागोता इसाइ धर्म अनुशरण गर्नुपर्छ, समानता पाइन्छ भन्दथे । हिन्दु रुढिवादले मानिसलाई समानताको पाठ पढाउनै सकेन र व्यवहार पनि गरेन, हामी उपेक्षित रह्यौँ ! हाम्रा पुर्खाले त अन्धकारमै निस्साएिर मृत्युवरण गरे । यो युगमा जन्मेर पनि हामी अँध्यारै संसारमा बाँच्न विवश छौँ । यो अति कति सहनु ! एकपल्ट त जन्मेपछि मर्नै पर्छ । इसाइकरण हुनुभन्दा अघि पुर्खा हिन्दु थिए । म पनि हिन्दुसंस्कृति र धर्ममै आस्था राख्छु । शिव, विष्णु, राम, कृष्णलाई आदर गर्छु । गाई पुज्दछु । तर म बाँचेको समाजमा विभेदको अन्त्य भएको पाइनँ । मेरा सन्तानले समानताको लागि सङ्घर्ष गर्लान्, म हारेँ । यो मुलुकमा बाँचेका दलित चैं म जस्तै नहोउन् । तपाईँहरूसँग यिनै वाक्यका साथ बिदा हुन्छु ।"



# गर्भे छोरीको पुकार



❖ कौशिला रिसाल

आमा ! आमा !! आमा !!!
मलाई जन्माउनुहोस्
म जन्मन चाहन्छु ।

भर्खर तपाईंले घुटुक्क निल्नुभएको
नुनिलो आँसुले मेरो घाँटी भिज्यो
तपाईंको प्रत्येक क्षणको साक्षी बनेकी छु म
हरपल पीडा र रोदन सुनेकी छु मैले
र पनि मलाई जन्मेर धर्ती टेक्ने इच्छा छ
नमार्नुस् आमा मेरो इच्छालाई
म छोरी हुनुको कलङ्क मेट्न चाहन्छु ।

हो, तपाईं दोमन हुनुहुन्छ
ऐना हेर्दै आफैंलाई धिक्कार्नुहुन्छ
यस सबालमा बा केही बोल्नुहुन्न
हजुरबा पनि चुपचाप देख्छु
तर नसुनिने एउटै आबाज छ संस्कार !

हजुरमा, फुपू र गाउँले छोरीबुहारी
जसलाई आमाले नै जन्माइन्
ती तपाईंलाई झम्टिरहेछन्
म गर्भमा छु भनेदेखि
तिनले अझै तपाईंलाई
मनगढन्ते कुरा सुनाइरहेछन्
म जन्में भने बाले अर्की ल्याउनुहुन्छ रे !

आमा ! नभत्काउनुहोस् मेरो जन्मने सपना
ननिमोठ्नोस् मेरो जन्माधिकारलाई
जन्माउने मातृत्वको अधिकार मात्र तपाईंमा छ
विषालु सुई घोचेर तपाईंको गर्भलाई
हत्या गर्ने अधिकार
कुन डाक्टरको लाइसेन्समा छ ?
कुन कानुनको कुन दफा उपदफामा छ ?
यसको उत्तर दिनुहोस् आमा !
तपाईंलाई आउँदैन भने निर्धक्क सोध्नुहोस्
तिनै लाइसेन्सधारी डाक्टर र कानुनवेत्ताहरूलाई
मलाई तपाईंले यसको जबाफ दिनैपर्ने हुन्छ
त्यसको जबाफ सुन्न पनि म जन्मनुपर्छ
मैले यो समाजलाई निरुत्तर बनाउनुछ
कुसंस्कारको जन्जिर तोड्नुछ
त्यसैले आमा म जन्मनुछ
म जन्मनुछ ।



# २०७४ चैत ३० को यात्रा

❖ अच्युत घिमिरे

महिना दिनअगाडि नै मित्र देवी चापागाईँले २०७४ चैत ३० गते थाङ्पालधाप मा.वि.स्वर्णमहोत्सव वर्ष समापन कार्यक्रममा ७–८ जना स्रष्टा कलाकारको समूहमा जानुपर्छ है भन्नुभएको थियो । म प्राकृतिक सौन्दर्यको रसास्वादन गर्नमा जस्तो आनन्द अरूमा भेट्टिदिनँ । थाङ्पालधाप प्रकृतिले बेहुली झैँ शृङ्गारेको सुन्दर ठाउँ हो भन्ने मलाई थाहा थियो । त्यसैले थाङ्पालधाप जाने दिनको प्रतीक्षामा थिएँ म । हाम्रो योजनाअनुसार बिहान ५ बजे नै गोकर्ण दक्षिणढोकाको ग्रिन हिलसिटीबाट गाडी चढ्नु थियो । २९ गते वेलुका ९ बजेतिर देवी सरले कलाकार मनोज गजुरेल, शिक्षामन्त्री गिरिराजमणि पोखरेल प्रमुख अतिथि भएको शिक्षा मन्त्रालयको कार्यक्रममा भाग लिएर ८ बजे मात्र तीनकुनेबाट गाडी चढ्ने जानकारी गराएपछि हामी ६:३० मा ग्रिनहिलासिटीबाट गाडी चढ्ने भयौँ । बिहान अलि ढिलै उठ्ने मलाई समय परिवर्तन हुँदा एक किसिमले आनन्द नै लागेको थियो । म ६:३५ मा ग्रिनहिलसिटी पुग्दा ल्यान्डक्रुजरले पर्खिरहेको थियो । त्यहाँबाट म, स्रष्टा पोष चापागाईँ र देवी चापागाईँ तीन जना यात्रु चढ्यौँ । चाबहिलमा दाजु कणाद महर्षि पर्खिरहनुभएको थियो । त्यहाँबाट हामी बानेश्वरतिरको यात्रामा लाग्यौँ । बिहान सुनसान सडकमा हिँड्दाको मज्जा लिँदै गौशाला हुँदै रत्नराज्य मा.वि.पुग्दा स्रष्टा नरेन्द्रराज पौडेल आइपुग्नुभएको थिएन । पन्ध्र मिनेटको पर्खाइपछि बल्ल उहाँ आउनुभयो । प्रेसमा २०० वटा 'थाङ्पालधाप स्वर्ण महोत्सव वर्ष स्मारिका २०७४' लोड गरेर कलाकार गजुरेललाई चढाउनुपर्ने होटलअगाडि पुग्दा ८:०० बज्न अझै आधा घण्टा बाँकी थियो । आधा घण्टा पर्खिएपछि निर्धारित समयमै कलाकार गजुरेल त आइपुग्नु भयो तर गाडीले ८:०० बजे त्यहाँबाट हिडने सुरसार गरेन । गजुरेलजीले हास्यव्यङ्ग्यकै शैलीमा "पर्खनुहोस् मेरा ज्वाइँ आउँदै हुनुहुन्छ" भनेपछि हामी चुप भयौँ । निर्धारित समयभन्दा ५० मिनेट ढिलो ज्वाइँ आउनुभयो तर गजुरेलजीको ठयाक्कै ज्वाइँ त हुनुहुन्न रहेछ ! कहाँ पूर्वको गजुरेल, कहाँ पश्चिमका ज्वाइँ, बिहेबारी नहुने त कुरा भएन तर उहाँ ख्यालठट्टामा भनिने ज्वाइँ हुनुहुँदो रहेछ ! अघि ज्वाइँलाई नपर्खिने हो भने बहिनीलाई छोड्लान् भन्ने डर भन्दै एक छिन रमाइलो गर्दै सबैलाई हसाउनुभएको थियो गजुरेलजीले । त्यस्तै प्रसङ्ग उठेर गाडीमा फेरि हाँसो गुन्जियो ।

नाम चाहिँ मैले बिर्सिएछु, पत्रकार ज्वाइँको आसन ग्रहणपछि ८.५५ मा गाडी तीनकुनेबाट हिँड्यो । गठ्ठाघरबाट स्रष्टा दिदी सुशीला प्रधानाङ्ग र पत्रकार प्रवीण जोशी चढेपछि हाम्रो गाडीमा यात्रु बस्ने ठाउँ थिएन । गुरुजीले गठ्ठाघरकै छेउछाउबाट मोडेर पुरानो ठिमी, बोडे, बाबाचोक हुँदै गाडीलाई दक्षिणढोका हाउजिङछेउको फोहोरमैलाको डाँडामा पुऱ्याउँदा पोष चापागाईंले फेरि ठट्टा गर्नुभयो, "साढे नौ बजेसम्म गाडी मेरै घर छेउछाउ घुमाइरहने ! यहीँबाट यही वेला गाडी चढथेँ नि म ।" हुन पनि गाडी बिहान जहाँबाट गुडेको थियो, तीन घण्टामा वृत्ताकार बनाएर त्यहीँसम्म आइपुगेको थियो । हामीले अब मात्र हाम्रो गन्तव्यको यात्रा सुरु गर्नु थियो ।

खल्ड्याङखुल्डुङ बाटो हुँदै हामी साँखु पुग्यौँ । साँखुको ऐतिहासिक महत्त्वबारे गाडीभित्र चर्चा भयो । कसैले शाली नदी जाने बाटो यता हो भनेर देखाइरहनुभएको थियो । स्वस्थानी व्रतकथाका राजा नवराजको चर्चा भयो एकपटक । लब्सीफेदी आइपुग्यो । कणाद दाजु र म एउटै सिटमा थियौँ । उहाँले "लब्सीफेदी सडकछेउमै मेरो भागको तीन रोपनी पुर्ख्यौली जग्गा छ तर कहाँनेर छ, मलाई नै थाहा छैन । भाइहरूले भनेको, 'आधा रोपनी बाटो बनाउँदा पनि अढाइ रोपनी त हुन्छ । दुई लाख आना त जाला, एक लाख भए पनि चालिस लाख त भयो" भन्नुभयो । उहाँले यसो भनिरहँदा काठमाडौँमा एक आना पनि जग्गा नभएको मलाई एक किसिमको पीडाबोध भइरहेको थियो । गाडी जङ्गलको बाटो हुँदै हुइकिरहेको थियो । गफमा निमग्न हुँदै भए पनि बाटाका दुबै किनाराका सल्लाका बाङ्गाटिङ्गा रुख हेर्दै म भरपुर मनोरञ्जन लिँदै थिए । निमेषभरमै गाडी जहरसिंहपौवा पुग्यो ।

"नाङ्लेभारेमा खाजा खाने, दहीचिउरा खानुपर्छ" खाजाको प्रसङ्ग उठ्दा कलाकार मनोज गजुरेलले भन्नुभएको थियो । साँखु कट्दा भोकले पेटमा मुसा दगुरिसकेका थिए, त्यसैले एकै स्वरमा खाजा जहरसिंहपौवामा नै खाने भन्ने आबाज गुञ्जियो । जहरसिंहपौवा पुगिसकेपछि टोलीको नेतृत्व गरिरहनुभएका देवी चापागाईं खाजाघरको खोजीमा निस्कनुभयो । चाँडै नै हामी एउटा खाजाघरमा पस्यौँ र तृप्त हुनेगरी इच्छाअनुसारको खाजा खायौँ । झण्डै आधा घण्टा बस्यौँ होला हामी त्यहाँ । त्यसपछि गन्तव्ययात्राका लागि फेरि गाडी चढ्यौँ । हामीले थाङ्पालधाप पुग्नु थियो । मनभरि जोश र जाँगर बोकेका थियौँ । जोश र जाँगरसँगै खुसी र रहरहरू खेलाउँदै उकालिँदै थियौँ हामी भिरको बाटो हुँदै माथितिर । साँखु कट्नासाथ पोष चापागाईं भन्दै हुनुहुन्थ्यो, "जहरसिंहपौवामा बाटाछेउ नै मित्रसेन दाहालले बनाएको बृद्धाश्रम छिर्ने गेट छ, ठुलो क्षेत्रमा फैलिएको बृद्धाश्रमभित्र अस्पताललगायतको सुविधा छ । हेर्दै रहरलाग्दो ठाउँ छ । गेट बाटैबाट देखिन्छ । हेर्नुपर्छ ।" चापागाईंका भनाइ सुनिसकेपछि हामी त्यस ठाउँलाई हेर्न लालायित थियौँ तर आफसोच ! चापागाईं सर कल्पनाको संसारमा हराइसक्नु भएछ । यात्रामा निस्किएका सबै कवि नै पऱ्यौँ । हामी पनि कल्पनामै हराएका थियौँ । जहर सिंहपौवालाई बिदाइ गरेको पाँच मिनेटपछि झल्यास्स मलाई सम्झना भयो, 'ला मित्रसेन

दाहालको बृद्धाश्रम छिर्ने गेट छुटेछ ।' फेरि एक छिन यात्रुहरूबिच गफको विषय त्यही गेट बन्यो । त्यही क्रममा गुड्दागुड्दैको गाडी अचानक रोकियो । ड्राइभरले गाडी स्टार्ट गर्न प्रयास गर्नुभयो तर स्टार्ट भएन । केही समयको प्रयासपछि गाडीको कुनै यन्त्र भाँचिएको र गुड्नसक्ने उद्घोष भयो ड्राइभरबाट । बार बजेको कार्यक्रमका लागि हिँडेका हामी ! त्यहीँ ११ बजिसकेको थियो ! फेरि अर्को वित्यास आइपर्‍यो ! देवी सर आयोजकहरूलाई फोन गर्नलाग्नुभयो । केही मिनेटको फरकमा उहाँ सूचना प्रवाह गर्नुहुन्थ्यो । एउटा सूचना यसरी प्रवाह भयो, 'लोकार्पणका लागि दुई प्रति स्मारिका र कलाकार मनोज गजुरेललाई लिन मोटरसाइकल आउँदै छ रे, अरू फर्किँदा पनि हुन्छ रे । यस्तो सूचनापछि स्रष्टाहरूमा काठमाडौँ फर्किने कुरा गाइँगुइँ चल्नथाल्यो । यसपछि देवी सरको छटपटाहट झन बढ्यो । बाटोछेउको सानो घरको चिप्लेटी ढुङ्गामा बसेर उहाँ खुइय सुस्केरा हाल्नथाल्नुभयो । म घरि मित्र देवी सरलाई उपाय सुझाउँथेँ, घरि विचारको पोखरीमा चुर्लम्म हाम फाल्दै गरेको हुन्थेँ । म साहित्यकार र कलाकारको मूल्यको अन्तरबारे सोचिरहेको थिएँ, "आयोजकले किन स्मारिका र कलाकारको मात्र मूल्य देखे, स्रष्टाको किन देखेनन् !" हामीले दुई घण्टा विश्राम लिएको त्यो ठाउँ नाङ्ले र चापाबोटको बिचमा थियो । बाटोछेउ तामाङका दुई चारवटा घरहरू, गाउँले तालमा गफिइरहेका केही मान्छे, चर्दै गरेका कुखुराका भालेपोथी, फुङ्ग रङ उडेका पाखा, कान्ला; खासै आकर्षणका वस्तु कुनै थिएनन् त्यहाँ । चर्के घाम, हपहपी गर्मी, सौन्दर्य गुमाइसकेकी कुनै युवती जस्तो त्यस ठाउँले मेरो मनलाई तान्न सकेन । अचानक हामीले कल्पनै नगरेको अर्को घटना घट्यो । एउटा लेन्डक्रुजर हाम्रोअगाडि आएर टक्क उभियो । ड्राइभर भाइ भन्दै थिए, "मन्त्री शेरबहादुर तामाङले पठाएको ।" अब यात्रुका ओइलाइसकेका अनुहारहरू फेरि बौरिएर पुस्ट भए, सबैका ओठमा मुस्कान भरिएको देखियो ।

हाम्रो यात्रा फेरि सुरु भयो । ठुलै लडाइँ जिते जस्तोगरी मन नयाँ उत्साहले भरिएका थिए । कलाकार मनोज गजुरेलले चमत्कारै देखाउन थाल्नुभयो अब । बाटामा भेटिएका युवतीहरू, बुढीआमाहरू, बाहरू, युवकहरूलाई तामाङ भाषामा भान्जी, काका, काकी, भान्जा सम्बोधन गर्दै, नमस्कार गर्दै गर्नथाल्नुभयो । बुझ्दा अन्टसन्ठ तर दुरुस्तै लाग्नेगरी प्रायः सबै भाषा (चाइनिज, नेवारी, जापानी, मद्रासी, तामाङ, लिम्बू) आदिका नक्कली रूप बोल्न सक्नुहुँदोरहेछ । गाडी हिँडिरहेको हुन्थ्यो, ती मान्छेले उहाँले बोलेको बुझ्थे बुझ्दैनथे, नमस्कार गरेको चाहिँ पक्कै देख्थे, कोही ट्वाल्ल पर्थे, कोही मुसुक्क मुस्कुराउँथे, कोही चिने जस्तो त लाग्दैन किन नमस्कार गर्‍यो भन्थे, कोही आफन्तै होला भन्थे । हामी गाडीभित्रकालाई भने खुब मज्जा भइरहेको थियो । लगभग एक घण्टाजति उहाँले हामीलाई मनोरञ्जन दिनुभयो । छाप भन्ज्याङ, फटकेश्वर, बाहुनेपाटी, मेलम्ची हुँदै हामी तिपेनी पुग्यौँ । तिपेनी पुगेर हामीले चिया खाजा खायौँ ।

बाटामा खाल्डेखोला, काफ्लेखोला लेखिएका बोर्ड पनि देख्दै थिएँ म । त्यहीँ कतैबाट पत्रकार प्रवीण जोशीले ऊ त्यो

मेरो गाउँ हो भनेर डाँडामा थपक्क बसेको गाउँ देखाउनुभयो। हामीलाई बोकेर गाडीले आफ्नो पाइला अगाडि बढाइरहेको थियो। प्रवीण जोशीले भन्नुभयो, "आइपुग्यो थाङ्पालधाप।" प्रवीण जोशी थाङ्पालधाप मा.वि.को पूर्व प्रधानाध्यापक हुनुहुँदोरहेछ र त्यहाँका थुम्काथुम्की, गल्ली, गल्छेडा सबै चिन्नुहुँदोहरेछ उहाँ । गाडी ४:०० बजे थाङ्पालधाप मा.वि.को गेटनेर पुगेर उभियो। विचरा ! दिदी सुशीला प्रधानाङ्ग "कार्यक्रममा लाउन सारी ल्याएको थिएँ, अब के गर्नु" थाङ्पालधाप मा.वि.को आँगनीमा हिँड्दाहिँड्दै मलाई भन्नुभयो । सुशीला दिदी ! म सारै श्रद्धा गर्छु उहाँलाई। उहाँको भनाइले मलाई चस्स छोयो। मैले प्रवीण सरलाई भनेँ, "आज यतै बसौँ ।" सुशीला दिदी पनि राजी हुनुभयो तर अन्य स्रष्टाहरू बस्न तयार हुनुभएन । मञ्चमा आसन ग्रहण गराएको एक घण्टा नबित्दै हामीलाई फर्कन हतार भइसकेको थियो। आजको यात्रा गाडी चढ्नका लागि मात्र भए जस्तो भयो । जीन्दगीमा अनेकौँ अनुभव बटुल्नुपर्छ मान्छेले। यो पनि एउटा सम्झनलायक अनुभव थियो । मञ्चमा स्रष्टाहरूको नाम सम्बोधन भएको थिएन। कलाकार मनोज गजुरेललाई भने ससम्मान आसन ग्रहण गराइएको थियो । गजुरेलले नै आयोजकलाई भनेछन्, 'पन्ध्र मिनेटपछि स्रष्टाहरूलाई आसनग्रहण गराइयो ।' गजुरेलको हास्यव्यङ्ग्य प्रस्तुति आधा घण्टा थियो । स्रष्टाहरूलाई दुई मिनेट कविता वाचन गर्न दिइएन। स्रष्टा पोष चापागाईँले मुख फोरिहाल्नुभयो, "मनोज गजुरेल र अच्युत घिमिरेलाई चाहिँ बोल्न दिने, हामीलाई बोल्न नदिने ।" मलाई मन्तव्य र 'थाङ्पालधाप स्वर्ण महोत्सव वर्ष स्मारिका'को समीक्षाका लागि बोलाइएको थियो। स्रष्टाहरूलाई कवितावाचन गर्ननदिने भन्ने कुरा थाहा पाएको भए सायद म बोल्ने थिइन । नहुनु भइसकेको थियो । गर्दागर्दै त्यस्तै भयो। भइसकेको कुरा फर्केर आउने होइन।

हामीले काठमाडौँ आउनु/फर्कनु थियो । राम्ररी नै बिदा भएर फर्कियौँ हामी । खाल्डेखोला आइपुग्दा साँझ परिसकेको थियो। मनोज गजुरेल र उहाँका पत्रकार ज्वाइँले झाडीमा छेकिएर पिसाब फेर्दै गरेको देखेँ । यो घटना पनि चेतना जगाउनका लागि महत्त्वपूर्ण लाग्यो मलाई । दिउँसो यही ठाउँमा पिसाबले च्यापेर म ओर्लिँदा "शिक्षितहरूले सफा, सुन्दर र समृद्ध नेपाल बनाउँछन्" भन्नुभएको थियो कलाकार मनोज गजुरेलले । ठट्टा गरेरै भन्नुभएको होला, मेरो विचारमा कलाकारलाई सबै ठाउँमा छुट हुनुहुँदैन । मान्छेको दोहोरो चरित्र बुझ्ने अवसर थियो यो। रातको अँध्यारालाई पन्छाउँदै गाडी अगाडि बढ्दै थियो । हामी मेलम्ची आइपुग्यौँ । तल मेलम्ची सुसाएको सुनिन्थ्यो । हामी मेलम्ची गेस्टहाउसमा थियौँ । भोलिपल्ट नयाँ वर्ष। केही युगल जोडी भेला भएका रहेछन् गेस्टहाउसमा। केही विवाहित साना नानी च्यापेर पनि आएका रहेछन्। तिनका रूप, रङ र ढङ्ग हेर्दा ती सहरका धनाढ्य, सम्भ्रान्त हुन् जस्तो लाग्थ्यो । सङ्गीतको मधुरो आबाजमा हाउभाउ नखरासहित नृत्यमा मस्त थिए ती ! मलाई त्यहाँ स्वर्ग ओर्लिए जस्तो लाग्यो । सबै आआफ्ना

सुरमा थिए । कसैलाई कसैको मतलब थिएन । खाना खाँदै थियौँ हामी । स्रष्टा नरेन्द्रराज पौडेलले भन्नुभयो, “चुस्स लिने होइन अलिकति ।” उहाँ खाना नखाई चुस्सको प्रतीक्षामा हुनुहुँदो रहेछ । उहाँको अफरपछि केहीले चुस्स लिनुभयो । एक छिनको रमाइलोपछि फेरि हामी काठमाडौँतिर लाग्यौँ । ‘बाहुनीपाटी कट्यो’, गाडीभित्र कसैले भन्नुभयो । भिरपाखा छिचोल्दै चापाबोट आइपुग्यो गाडी । त्यहाँबाट देखिने दृश्य हेर्नलायक थियो । धुर्मुस–सुन्तलीले बनाएका गिरानचौरका वस्तीहरू झिलीमिली देखिएका थिए । दिउँसो त्यति सुन्दर नदेखिए पनि राति ती वस्तीहरू सौन्दर्यका अनुपम रूप लाग्दा रहेछन् ! आँखालाई तन्काई तन्काई म ती दृश्य हेर्न मग्न थिएँ । रातको अन्धकारभित्रको सौन्दर्य हेर्दै हेर्दै जहरसिंहपौवा, साँखु हुँदै हामीले काठमाडौँ सहर टेक्यौँ । रातको ११:३० मा मैले मेरो डेरामा प्रवेश गरेँ । केही यात्रुहरूले नव वर्षको त्यो दिन आफ्नै घरको सङ्घार टेक्नुभएको थियो ।

achyutghimire01@gmail.com

**❑ कविता**



## नेपाल हेर

**❖ गङ्गा लिगल**

सूर्योदयसँगै उभिएको नेपाल हेर
प्रथम किरण देखिएको नेपाल हेर
सुन्दर शान्त विशाल यसको रहस्य छ
मोहित छन् विश्व नै यसमा नेपाल हेर ।

सूर्यको त्यो तेजस्वी किरण मात्र होइन
चन्द्रमाको मधुमय आभा मात्र होइन
यसमा सबै ब्रम्हान्ड रहस्य छिपेको छ
तसर्थ यो ओजस्वी प्रकाश मात्र होइन ।

ज्योतिपुञ्जको मिठो उज्यालोसँगै
चौतर्फ झल्झलाकार दियालोसँगै
हृदय प्रसन्न हुन्छ यो सम्पूर्णताले
प्रेरणाद्वारा मार्ग खुल्छ सजिलोसँगै ।

**❑ हाइकु**



**❖ मुकुन्द न्यौपाने**

सत्य र न्याय
त्यो कसरी जान्नु खै
म मनुष्यले !

धर्म हरायो
रीतिथिति मासियो
कर्म बिर्सिँदा ।

नेपाल आमा
जङ्गे पिलर सार्लान्
होशियार है !

दुई राष्ट्रको
बिचमा छ नेपाल
खाने हुन् कि ?

सगरमाथा
मेरै नेपालमा छ
टेक्न पा छैन ।

*लाजिम्पाट, काठमाडौँ*



❖ डम्बर घिमिरे

# लक्ष्य



उठे विज्ञ नेता धरा सिर्जनामा
बसे भोक भाका धेरै मित्र नाना
सधैं एक-अर्कातिरै तिरै दोष लाई
बुझे रै छ यो पो कुरा मिल्नुमा नै ।

सधैं मानसम्मानको भोकतिर्खा
जुटी अर्थको ध्यानमा धेर चिन्ता
धराको सिँगारूँ कुनै सोच छैन
अयन् वर्ष सम्वत्सरै गो भएन ।

गरी योगचिन्ता भई ध्यानग्रस्त
हुँदा खुल्न गो ज्ञान ऐले प्रशस्त
खुलुन् चेत यस्तै अनेकौं सुरम्य
हओस् राष्ट्रमा नै सधैं ध्यानगम्य ।

चट्याङ् पर्न गो स्वार्थका मूर्तिमा नै
लठ्याङ् पर्न गो ढाँटजालीहरूमै
अठ्याङ् पर्न गो योजना अग्रगामी
ढड्याङ् भाँचियो यन्त्रषडयन्त्रकामी !

हउन् योजना जो मुमा मुस्कुराउन्
हउन् सिर्जना दिव्य पीडा हराउन्
खुसी हुन् दुःखी सर्वदा आँगनीमा
रमाउन् वयोबृद्ध सारा यहीँका ।

छ समृद्धकामी सुखी देशवासी
रह्यो लक्ष्य ऐश्वर्य पारूँ धरा यी
निरोगी रहुन् मस्त हाँसेर गाथ
भनुन् धन्य सारा मिली एकसाथ ।



❖ सुरज रेग्मी

# पलहरू

आज फेरि स्मरणमा आइरहेका
ती तितामिठा पलहरू
मनलाई फुरुङ्ङ पार्दै
मस्तिष्कमा डुलिरहेका छन् ।
त्यै मस्तिष्कलाई सुताउँदै
आँखा चिम्लिदै
त्यो तस्बिर कल्पना गर्छु ।
तिम्रो मन र मेरो मन
लुकामारी खेल्दै गर्दा
तिमीले पछाडिबाट 'ढ्याप्पा' गरेपछि
केही छिन् अडिए आफ्ना पाउमा म
र तिमीले च्याप्प अंगालो मार्‍यौ ।
'भयो मै डुम हुन्छु' भनेर हिँड्दै गर्दा
तिम्रा पाइलाका टक टक ध्वनिहरू
आज कानमा गुन्जिरहेका छन्
तप्प तप्प गर्दै चुहिरहेका पानीका थोपाहरू
आज सागर बने अरे !
अनि म सम्झन्छु
टिक टिक गर्दै बितेका हाम्रा पलहरू
आज ती पलहरू एउटा सम्झना मात्र होइन
सम्झनाका मूलहरू बनेका छन् ।
मूल फुटे झैँ यादहरू छिरल्लिरहेका छन्
यी मनका खोला, बगरहरूमा
फूल फक्रँदै गर्दा सोधेथेँ
उनका तल उठेका काँडाहरूलाई
किन तिमी काँडा र उनी फूल ?
काँडाले भन्दै गर्दा कि
'फूल र म एउटै आत्मा हुँ'
र आत्माले एउटै जीवन पिउँछ
स्मरण भयो मलाई कि
हाम्रो एउटै आत्मा पनि
एउटै जीवन पिइरहेछ ।



# मखमली उपन्यासको सांस्कृतिक अध्ययन

❖ डा. पुष्करराज भट्ट

## १. विषय परिचय

मखमली उपन्यासका स्रष्टा हर्ष स्याङ्बो (१९८४) हुन् । सिन्धुपाल्चोक जिल्लाको बोठाङमा आमा कुसाङ डोल्मा र पिता दावा स्याङ्बो लामाका सुपुत्रका रूपमा जन्मेका हर्षले स्नातकसम्मको शिक्षा हासिल गरेका छन् । २००५ सालमा पुष्पलालको सल्लाहमा नेपाली राष्ट्रिय काङ्ग्रेसको सदस्यता लिएका स्याङ्बो २००६ सालदेखि नेपाल कम्युनिस्ट पार्टीमा आबद्ध भएर राजनीतिक क्रियाकलापमा संलग्नता देखाउन पुग्छन् । उनले लामो समय राजनीतिक जीवन बिताएका र मार्क्सवाद, लेनिनवाद र माओवादलाई आफ्नो आदर्श बनाएको पाइन्छ । उनी राजनीतिक कार्यकर्ताका साथसाथै साहित्य लेखनतर्फ पनि अग्रसर भएर समाजमा परिचित छन् । उनका हालसम्म प्रकाशित कृतिमा कविता विधातर्फ 'आबाज हराएको सहरमा', 'मुर्दाको आबाज' रहेका छन् भने उपन्यासतर्फ ' मखमली' (२०६३) रहेको छ । त्यसरी नै नेपाल र भारतका विभिन्न पत्रपत्रिकामा फुटकर रचना प्रकाशित भएका छन् भने ' तामाङ जातिको उद्भव, विकास र संस्कृति' नामक पुस्तक प्रकाशोन्मुख रहेको छ । उनी विद्या राणा स्मृति प्रतिष्ठानका अध्यक्ष हुनुका साथै जेष्ठ नागरिक सेवासमाजमा समेत आबद्ध छन् । उनले हालसम्म जेष्ठ नागरिक सेवासमाजबाट सम्मानित (२०६८), पुष्पलाल राष्ट्रिय पुरस्कार (२०७२-२०७३) एवम् गणतान्त्रिक योद्धा सम्मान (२०७३) जस्ता सम्मान तथा पुरस्कार प्राप्त गरेका छन् । मखमली उपन्यासका लेखक हर्ष स्याङ्बोले एकातिर नेपालमा पचासको दशक यता सशस्त्र आन्दोलन गरेको पार्टी नेकपा (माओवादी)सँग सम्बन्धित युद्धका घटना र ती घटनासँग सम्बन्धित पात्रको जीवनलाई प्रस्तुत गरेका छन् भने अर्कोतिर निसन्तान दम्पतिले आधुनिक प्रविधिको सहयोगमा सन्तान उत्पादन गरेको विषयसन्दर्भलाई प्रस्तुत गरेका छन् । यो उपन्यास राजनीतिक एवम् विज्ञान प्रविधिले मानवजीवनमा पारेको प्रभावको सन्दर्भसँग सम्बन्धित छ । यस उपन्यासमा पचासको दशक यताको राजनीतिक जीवनसँग सम्बन्धित विषयसन्दर्भका साथै विज्ञान

प्रविधि र मानवीय संस्कृतिको अध्ययन गरिएको छ । त्यसरी नै हर्ष स्याङ्बोको जीवन र उनको लेखनको सम्बन्धका बारेमा समेत विश्लेषण गरिएको छ ।

## २. सांस्कृतिक अध्ययनको सैद्धान्तिक प्रारूप

संस्कृति मानजजीवनको परिचायक हो । संस्कृतिको निर्माण मानिस आफैँले गर्दछ र त्यसलाई आफ्नो जीवनमा लागू गर्दछ। एक व्यक्तिले आफ्ना केही बानीको निर्माण गर्दछ । कुनै चिज उसको दैनिक जीवनमा नियमितरूपमा लागू गर्दछ भने त्यसले उसको बानीको निर्माण हुन्छ। त्यही बानीलाई उसले निरन्तर लामो समयसम्म लागू गर्दछ भने त्यसले संस्कारको रूप लिन्छ। मानिसमा असल एवम् खराब दुबै खाले संस्कार हुने गर्दछन्। असल संस्कारले असल व्यक्तित्वको निर्माण गर्दछ भने गलत संस्कारले उसमा खराब व्यक्तित्वको निर्माण गर्दछ। कुनै एक व्यक्ति, परिवार वा समूहमा रहेको संस्कारलाई धेरै मानिस वा समूहले लामो समयसम्म लागू गर्दछन् भने त्यसले संस्कृतिको रूप लिन्छ। संस्कृतिको स्वरूप एकै किसिमको हुँदैन । समाज, समुदाय, भूगोलपिच्छे संस्कृति फरक हुन्छ । आज यसको प्रयोग मानव आचरणको परिमार्जन र परिष्कार गर्नु भन्ने अर्थमा हुन्छ। राष्ट्र, जाति, धर्म, विश्वास, आचरण आदिमा आबद्ध मानवीय क्रियाकलाप, भाषा, रीतिस्थिति, राजनीति, अर्थनीति, कलाकौशल, बौद्धिक आचार, विधिव्यवहार आदिमा प्रकट हुने परिष्कृत रूप भन्ने अर्थमा पनि यसको प्रयोग हुन्छ।

परम्परागतरूपमा भौतिक वस्तु, शारीरिक कार्यक्रम, आङ्गिक क्रियाकलाप, चालचलनलाई संस्कृतिका रूपमा बुझिन्छ । आजभोलि संस्कृतिभित्र बोलाइ, क्रियाकलाप, बसउठ, सोचाइ सबै पक्षको अध्ययन गरिन्छ । संस्कृतिमा समग्र मानवीय क्रियाकलापको अध्ययन गरिन्छ। सांस्कृतिक मूल्यमा परिवर्तन आउन समाजमा रहेको उत्पादनसम्बन्धमा पनि परिवर्तन आउनुपर्छ। सांस्कृतिक अध्ययनका विभिन्न धारा-उपधारा रहेका छन् । यस अध्ययनमा यस उपन्यासमा राजनीतिक संस्कृति, विज्ञानप्रविधिजन्य नवीन संस्कृति, इतिहासचेतना, आर्थिक संस्कृति, लैङ्गिक संस्कृति, सामाजिक संस्कृतिको अध्ययन गरिएको छ।

## ३. हर्ष स्याङ्बोको उपन्यासमा अभिव्यक्त संस्कृतिका विविध पक्ष

हर्ष स्याङ्बोको उपन्यासमा सांस्कृतिक जीवनको प्रस्तुतिका क्रममा विभिन्न पक्षलाई प्रस्तुत गरिएको छ । एउटै उपन्यासमा विभिन्न पक्षको रहस्योघाटन गर्नु र जीवनका अनेकन रङ्लाई कुशलतापूर्वक प्रस्तुत गर्नु लेखकको लेखनगत सफलता हो । यसै सन्दर्भमा यस उपन्यासमा राजनीतिक संस्कृति, विज्ञानप्रविधिजन्य नवीन संस्कृति, इतिहासचेतना, आर्थिक संस्कृति, लैङ्गिक संस्कृति, सामाजिक संस्कृतिका अनेकन पाटाको प्रस्तुति पाइन्छ। लेखनको ज्ञानको विशालता र बहुविधा विशेषज्ञतालाई प्रमाणित गर्न यी विषय सक्षम रहेका छन्। माथि उल्लेखित पक्षलाई यसरी प्रस्तुत गर्नसकिन्छ।

## ३.१ राजनीतिक संस्कृति

यस लघु उपन्यासको प्रमुख पक्ष राजनीतिक संस्कृतिको प्रस्तुति हो । उपन्यासमा राजनीतिक संस्कृतिलाई प्रस्तुत गर्ने क्रममा सोहीअनुसारको कथावस्तु, पात्रविधान एवम् परिवेशको निर्माण गरिएको छ । लेखक स्वयम् राजनीतिसचेत व्यक्ति भएको, राजनीतिमा संलग्न भएकाले उहाँको रुचि स्वभावतः राजनीतिमा पर्नु स्वभाविक नै हो । राजनीतिक संस्कृतिलाई प्रस्तुत गर्ने क्रममा लेखक हर्ष स्याङ्बोले वर्तमान राजनीतिक दृश्यलाई मात्र देखाउनुभएको छैन, त्यसबाहेक इतिहासका घटना र पात्रको बेलिबिस्तारसमेत ल्याउनुभएको छ । वि.स.२०४६ को परिवर्तनपछि नेपाली समाजमा रूपान्तरणभन्दा सांस्कृतिक विचलनका घटना बढ्दै जाने क्रममा राजनीतिक, सामाजिक क्षेत्रमा विरोधका स्वर उठ्नथाले । उपन्यासमा समाजमा रहेको विद्रोही स्वरलाई पक्रेर तत्कालीन नेकपा (माओवादी)ले वि.स.२०५२ बाट जनयुद्धको प्रारम्भ गरेको र सो जनयुद्धका क्रममा लडाकुको जीवनका घटना र सो जीवनसँग जोडिएको शौर्य एवम् लडाकु युवायुवतीको प्रेमका प्रसङ्ग पनि आएका छन्। उपन्यासमा देशमा हुने गरेका राजनीतिक गतिविधिलाई यसरी प्रस्तुत गरिएको छ, “दिनदिनै उपत्यकामा, नेपाल बन्द र जुलुस निस्किरहेका छन् । सरकारको जनविरोधी क्रियाकलापको विरोधमा वामपन्थीहरूले सङ्घर्ष गरिरहेका छन् । आज कुनै पनि प्रकारको विरोध गरेमा आतङ्कवादी भनी थुनछेक र गोली हानी मार्न सजिलो हुने अध्यादेश पास गर्न चाहिरहेको छ” (स्याङ्बो. २०६३ : ४१) । माथिको अंशमा तत्कालीन नेपाली राजनीतिक द्वन्द्वको एक झलक आएको छ। तत्कालीन समयमा सत्तापक्षले बन्द र हडतालको दमन गर्ने र विरोधी पक्षले बन्द, हडताल एवम् जुलुस गर्ने गरेका छन् । समाजमा एकातिर परिवर्तनको आबाज उठेको छ भने अर्कोतिर सो आबाजलाई दमन गर्ने सत्तापक्षको नीति देखिएको छ । यसरी सत्तापक्ष र विपक्षको मारमा जनता परेको र उनीहरूले दैनिक जीवनयापन गर्नमा समेत असहजता उत्पन्न भएको देखिन्छ।

उपन्यासमा एक युवा आफ्नो राजनीतिक जीवनको प्रारम्भ जनयुद्धको सिपाहीका रूपमा गर्दछ र उसकी प्रेमिका पनि आफ्नो प्रेमीलाई साथ दिन जनयुद्धमा भाग लिन्छिन् । उनीहरूरु प्रेमप्राप्तिभन्दा पनि परिवर्तनको चेतना प्रमुख ठानेर अघि बढ्दछन् । सङ्गठनको अनुमतिमा विवाह गर्दछन् र युद्धकै क्रममा एक सन्तानको जन्म दिएर सहादत प्राप्त गर्दछन् । यस उपन्यासमा एक विपन्न परिवारको युवक विजय र सम्पन्न परिवारकी भए पनि आफ्नो प्रेमीसँगको निकटताका लागि युद्धमा सामेल युवती सरिताको जीवनप्रसङ्गका कुरा आएका छन् भने अर्कोतिर नेपालको राजनीतिक इतिहासका विभिन्न घटनाक्रम र ती घटनाक्रमले नेपाली समाजमा पारेको प्रभावको समेत चर्चा गरिएको छ। विभिन्न समयमा हुने गरेका दरबारिया षडयन्त्र, भीमसेन थापाको उत्थान र पतन, राणावंशको उदय, सुगौली सन्धि, राणाविरोधी आन्दोलन

जस्ता विभिन्न घटनाक्रमको प्रस्तुति स्मृतिका रूपमा आएका छन् । नेपालमा शासकवर्गले आफ्नो हितका लागि जे पनि गर्ने, आपसी द्वन्द्वका कारण मानवमर्यादाको हनन भइरहने र जनताले सधैँ दुःख र वेदनामा बाँचिरहने परिस्थितिको निर्माण भएको पाइन्छ। लेखक जनअधिकारप्रति सचेत छन्, जनताको आन्दोलनप्रति सकारात्मक सोच राख्दछन् र नेपाली समाजको रूपान्तरण र प्रगतिको पक्षको आबाज उठाउँछन्। यसर्थ उपन्यासमा नेपालको अग्रगामी राजनीतिक चिन्तनको आधारशिला निर्माण भएको छ । कृतिमा लेखकको स्पष्ट राजनीतिक सोच आएको छ। यस उपन्यासको मूल पक्ष राजनीतिक संस्कृति बनेर आएको छ।

### ३.२ विज्ञान प्रविधिजन्य नवीन संस्कृति

मानवजातिको निर्माण नर र नारीको सम्मिलनबाट हुन्छ। यस प्राकृतिक सत्यलाई सबैले स्विकार गरेका छन् । जैविक आवश्यकताको खोजी एवम् नवपुस्ताको निर्माणमा दुबै पक्षको समान सहभागिता रहने गर्दछ । प्रकृतिले मानवजातिको निर्माणका लागि देखाएको बाटोले मात्र नयाँ जीवनको निर्माण नहुँदा पारिवारिक, सामाजिक जीवनमा प्रभाव पर्दछ, त्यसभन्दा पनि बढी व्यक्ति जीवन अझ तनावग्रस्त बन्नपुग्दछ । यस उपन्यासका मूल पात्र श्याम र सुमित्राको जीवनप्रसङ्गमा पनि नवपुस्ताको आगमन नहुँदा पीडाको सञ्चार भएको छ र उनीहरूको जीवन कष्टप्रद बन्नपुगेको छ । मानिसलाई भौतिक सुखसुविधाले मात्र पुग्दैन, जीवनको निरन्तरताका लागि नयाँ पुस्ता पनि चाहिन्छ। आफ्नो जीवनमा सबै थोक पुगे पनि सन्तान नहुँदाको पीडा पुरुषभन्दा बढी महिलामा हुन्छ । यसैसन्दर्भमा यस उपन्यासमा पनि सन्तानअभावले छटपटाएका युवाजोडीको मानसिकतालाई कुशलताका साथ प्रस्तुत गरिएको छ । यस उपन्यासमा सन्तानका लागि श्रीमान्लाई अर्को विवाह गर्नसमेत प्रेरित गर्ने कार्य श्रीमती पात्र सुमित्राले गरेकी छिन् । श्रीमान् श्याम त्यो बाटोमा हिँडन चाँहदैनन् । जीवनमा देखापरेको समस्याको समाधानका लागि डाक्टर विजयको सल्लाहअनुसार कोखको बच्चा पाउने कुरा हुन्छ । यसैसन्दर्भमा डाक्टर विजयले विदेशमा नवीन प्रविधिको माध्यमबाट सन्तान उत्पादन हुने कुरालाई यसरी प्रस्तुत गरेका छन्, "पुरुषको शुक्रकिट महिलाको गर्भाशयमा कृत्रिम गर्भधारण गराएर दुबै पक्षको सम्झौताअनुसार लेनदेन गरेर बच्चा उत्पादन गर्छन् । विशेष गरी अर्थाभाव भएका क्याम्पस पढने महिला विद्यार्थी आफ्नो कोख यसरी किरायामा दिने गर्दछन्" (स्याङ्बो. २०६३ : १६) । यस भनाइले प्रविधिले गर्दा मानिसका जैविक समस्याको समेत समाधान हुने गरेको कुरालाई स्पष्ट राखेको छ। अन्ततः उपन्यासको पात्र श्याम पनि यस विषयमा सोच्नपुग्छ र सोही उपाय अँगाल्ने निष्कर्षमा पुग्दछ।

उपन्यासमा अर्काका लागि बच्चा पाइदिने उपयुक्त पात्रको खोजीका क्रममा श्यामले आफ्नी सहायक मखमलीसँग कुरा गरेको र अरू कोही नपाएपछि मखमली आफैँ यस कार्यको लागि तयार भएको प्रसङ्ग आएको छ । यस उपन्यासमा

विनायौनसंसर्ग विर्य महिलाको पेटमा राखिनु र बालकको जन्म हुनु जस्तो प्रसङ्ग आएको छ । यसरी नै टेस्टट्युब बेबीको प्रसङ्गसमेत आएको छ । एकातिर परम्परागत धार्मिक कट्टर सामाजिक चेतना र अर्कोतिर प्रविधिले निम्त्याएको नवीन पक्षका बिचको सङ्घर्षका बिच रुमल्लिएका पात्रको मानसिक दशाको चित्रण र अन्त्यमा प्रविधिगत नवीन चेतनाको पक्षमा उभिएका नवपुस्ताको जीवनकर्म नै यस उपन्यासको एक पक्ष बनेर आएको छ ।

## ३.३. सामाजिक र पर्यावरणीय संस्कृति

यस उपन्यासमा समाजमा रहेका विभिन्न वर्ग र तिनको सम्बन्धलाई प्रस्तुत गरिएको छ। समाजमा हुनेखाने वर्ग भ्रष्टाचारमा चुर्लुम्म डुबेको, गरिब र कमजोर वर्गका जनताबाट विभिन्न किसिमले पैसा उठाएर आफ्नो आर्थिक उन्नतिमा लागेको घटनालाई प्रस्तुत गरिएको छ । राजनीतिक नेता, कर्मचारी एवम् ठेकेदार वर्ग नवसामन्तका रूपमा प्रस्तुत भएका छन् । उनीहरू आर्थिक भ्रष्टाचारका माध्यमबाट दिनदिनै धनी हुने दौडमा लागेका छन् । मध्यमवर्गका जनताले जसोतसो जीवननिर्वाह गर्नपुगे पनि व्यवस्थाबाट सिर्जित भ्रष्ट संस्कृतिबाट बच्नसकेका छैनन् । उनीहरू बाध्यतावश सो संस्कृतिलाई पछ्याइरहेका छन्।आर्थिकरूपमा विपन्न वर्गले जसोतसो जीवननिर्वाह गर्नुपरेको, विपन्न वर्गमा युवायुवतीले आफ्नो अध्ययनअध्यापनका साथै रोजगारमा लाग्नुपरेको र परिवारका आवश्यकता पूरा गर्न लाग्नुपरेको स्थिति बोध गरिएको छ । यसै क्रममा व्यवस्था र व्यवस्थाले सिर्जना गरेको दमनका विरोधमा जनयुद्धमा सामेल हुनपुगेको जस्ता घटनाको प्रस्तुति गरिएको पाइन्छ । समाजमा रहेका उच्च जाति एवम् वर्गका जनता मोजमा डुबेको र निम्न वर्ग सधैँ पीडा खपेर बाँच्न बाध्य भएको अवस्थाका माध्यमबाट नेपाली समाजमा रहेको आर्थिक विषमताको चित्रण गरिएको छ ।

यस उपन्यासमा नेपालको पर्यावरण र यससँग अन्तरघुलित पात्रगत सम्वेदनाको समेत उजागर गरिएको छ । प्रकृतिको सौन्दर्यको वर्णनबाट जीवनको मनोरमता र उल्लासको वर्णन गरिएको छ भने अर्कोतिर प्रकृतिको विकटताका माध्यमबाट मानिसको सङ्घर्ष र जीवनको कठोरतालाई प्रस्तुत गरिएको छ । कृतिमा प्रकृति जीवनको एक अभिन्न अङ्ग बन्नपुगेको, सहरबजार र विकसित क्षेत्रभन्दा बाहिर ग्रामीण एवम् पर्वतीय क्षेत्रका जनता प्राकृतिक सौन्दर्यका पारखी एवम् प्रकृतिसँग जोडिएर मानवीय सौन्दर्य र सम्वेदनाका पारखी भएको अवस्थाबोध गरिएको छ ।

## ३.४ इतिहासचेतना

यस उपन्यासको एक प्रमुख पक्ष इतिहाससँगको संवाद पनि हो । उपन्यासमा वर्तमान राजनीतिका प्रसङ्ग मात्र नभएर इतिहासका घटना, पात्र र तिनले समाजमा पुऱ्याएको योगदान, तिनले समाजविकासमा पुऱ्याएको गलत चिन्तन आदि पक्षको विश्लेषण गरिएको छ । यस पुस्तकमा नेपालका शासनसत्तामा भएका कतिपय पात्रले राष्ट्रका लागि योगदान दिए पनि तिनले गुटबन्दीको सिकार बन्नुपरेको,

कुपात्रले शासनसत्ता हातमा लिएर देश र जनताको शोषण गरेको र समाजलाई खराब संस्कृति प्रदान गरेको प्रसङ्ग आएको छ। लेखकमा इतिहासका घटना, पात्र र तिनको प्रवृत्तिको राम्रो ज्ञान भएको र सो ज्ञानलाई उपन्यासमा प्रस्तुत गर्ने कुशलता प्रदर्शन गरेको पाइन्छ । इतिहासको समीक्षा गर्ने र सो समीक्षाका माध्यमबाट वर्तमान समाजका लागि असल बाटोको खोजी गर्ने कार्यमा लेखकको कलम लागेको पाइन्छ। यसैसन्दर्भमा लेखकले विभिन्न हत्याकाण्ड र राणाहरूको उदयको प्रसङ्गलाई यसरी प्रस्तुत गरेका छन्, "विक्रम सम्वत् १९०३ मा माथवर सिंहको हत्या गरेर जङ्गे जङ्गबहादुर भएर उत्थान भएको हो। कोतपर्व, भण्डारखाल पर्व, अलौ पर्वलगायतका हत्याकाण्ड गर्दा जङ्गबहादुरको वासस्थान थापाथलीमै थियो।" (स्याङ्बो. २०६३ : २१)। लेखक स्याङ्बोले नेपाली राजनीतिका कुरूप पक्ष र यसका वाहकको आलोचना गरेका छन्। उनी शासकस्तुति गर्ने र गुणगान गाउने, अवसरका लागि पछि पर्ने र समाजमा शासकवर्गीय चिन्तनलाई बढावा दिने कुराको विरोधी छन्। इतिहासलाई जनताको पक्षमा लेखिनुपर्छ र असल पात्र र चरित्रका जीवनकर्मबाट शिक्षा लिएर समाजको अग्रगतिको सांस्कृतिक चेतना निर्माण गर्नुपर्दछ भन्ने कुरामा सचेत छन् । विगत वर्तमानका लागि शिक्षा र प्रेरणा हुन्छ भने भविष्यका लागि असल बाटोखोजीको आधारभूमि पनि हुन्छ। उपन्यासमा इतिहासचेतनाले नै वर्तमान र भविष्यको रूपरेखा निर्माण गर्ने भएकोले हरेक नागरिकमा इतिहासबोधका साथै सकारात्मक चेतना हुनुपर्छ भन्ने भावको अभिव्यक्ति पाइन्छ।

## ३.५ आर्थिक संस्कृति

यस उपन्यासमा आर्थिक संस्कृतिको चित्रण पाइन्छ। यस उपन्यासका पात्र श्याम एक निर्माण कम्पनीका प्रमुख व्यक्ति हुनु र उपन्यासकी शीर्षक पात्र मखमली पनि यसै कम्पनीसँग सम्बन्धित भएकीले पनि उपन्यासमा पात्रगत अभिवृत्ति एवम् परिवेशमा यस संस्कृतिले प्रमुख भूमिका खेलेको छ। उपन्यासमा आर्थिक हरहिसाबका प्रसङ्गका साथै निर्माणका नाममा हुने लेनदेन, कमिसन आदिका कुरा आएका छन् । ठेकापट्टा, निर्माणकार्य, ठेकेदार, एकाउन्टेन्ट, मजदुर आदि पात्रले आर्थिक संस्कृतिलाई अघि बढाएका छन्। उपन्यासमा निर्माणकार्यसँग सम्बन्धित आर्थिक पक्षको मात्र नभएर देशमा ठुला आयोजनाका नाममा हुने भ्रष्टाचार, आर्थिक चलखेलमा राजनीतिक एवम् प्रशासनिक नेतृत्वको संलग्नता जस्ता विषय पनि आएका छन् । यसै क्रममा उपन्यासमा आर्थिक क्रियाकलापका नाममा देखिएको भ्रष्टाचारलाई यसरी प्रस्तुत गरिएको छ, "आफूले दुःखकष्ट गरी कमाएको आम्दानीबाट दस प्रतिशत घुस दिनुपर्ने, समय समयमा इन्जिनियर, ओभरसियर र अन्य सम्बन्धित कर्मचारीहरूले फर्मायस गरेको कुरा पूरा गर्नुपर्ने, चाकरी गर्नुपर्ने" (स्याङ्बो. २०६३ : २)। यसरी उपन्यासमा आफ्नो पद र प्रतिष्ठाका आडमा अकुत सम्पत्ति आर्जन गर्ने प्राविधिक कर्मचारीवर्गको यथार्थलाई स्पष्ट देखाइएको छ । पुस्तकमा राष्ट्रको

ढुकुटीको दोहन गर्नु, देशलाई कङ्गाल बनाउनु, केही सीमित वर्गले आर्थिक उन्नति गर्नु जस्ता विषयको वर्णन पाइन्छ। समाजमा धनी र गरिबको बिचको खाडल बढ्दै जानु, धनी दिनदिनै धनी बन्दै जानु र गरिब दिनदिनै गरिब बन्दै जानु जस्ता कुराले समाजमा विद्रोह उत्पन्न भएको प्रसङ्ग आएको छ । यसरी यो उपन्यासमा अर्थजगत् एक प्रमुख विषयसन्दर्भका रूपमा अगाडि आएको छ।

### ३.६ लैङ्गिक संस्कृति

यस उपन्यासमा अभिव्यक्त संस्कृतिको एक पक्ष लैङ्गिक संस्कृति पनि हो । उपन्यासमा लिङ्गगतरूपमा समाजमा महिलावर्ग सधैँ उत्पीडनमा परेका देखिन्छन् । उपन्यासमा महिलाले घरको कामको साथै बाहिरको संसारमा पनि आफ्नो अस्तित्वका लागि सङ्घर्षरत रहनुपर्ने अवस्था विद्यमान रहेको छ । उपन्यासकी पात्र सुमित्राले घरपरिवारका सबै काम गरे पनि सन्तान नहुनाका कारण समाजमा अपहेलित हुनुपरेको छ तर यस कुराका लागि उसको श्रीमान्लाई कसैले प्रश्न सोध्नसकेको छैन । कृतिमा सुमित्राको चिन्तन र क्रियाकलापलाई यसरी प्रस्तुत गरिएको छ, "ऊ सधैँ आफ्नो पतिको सेवा गर्दथी। ऊ अरू दिदीबहिनीहरू जस्तै थिई । ऊ आफूले सन्तान जन्माउन नसकेकोमा अत्यन्तै दुःखी थिई" (स्याङ्बो. २०६३ : ३७)। यसरी उपन्यासमा परम्परागत चिन्तनका घेरामा रहेकी घरेलु महिलाको चिन्तनलाई प्रस्तुत गर्दछ । उसमा पतिलाई परमेश्वर मान्ने, आफ्ना दिदीबहिनी जस्तै परम्परागत चिन्तनको वरिपरि घुम्ने र सन्तान नभएकोमा आफैँलाई दोषी ठान्ने प्रवृत्ति रहेको छ । उपन्यासमा परम्परागत चिन्तनले महिलालाई घरपरिवारमा मात्र कैद गर्नखोजेको अवस्थाको चित्रण गरिएको छ।

उपन्यासमा परम्परागत चिन्तनलाई प्रस्तुत गर्नाका साथै यसको विकल्पमा नयाँ संस्कृति पनि आएको छ । परम्परागत सामाजिक मूल्य र राजनितिक परिवर्तनका लागि सरिताले जनयुद्धमा सामेल हुनु, मखमलीले परिवारको आर्थिक अवस्था बलियो बनाउन रोजगारी गर्नु, रोजगारीका क्रममा देशका विभिन्न ठाउँमा पुग्नु, आफ्नो कार्यालयको हाकिम श्यामका लागि विनासम्भोग प्रविधिका माध्यमबाट आमा बन्नु जस्ता घटनाले समाजमा महिलाको भूमिका परिवर्तन हुनथालेको देखाउँछ । समाजमा आर्थिक सत्ता पुरुषको हातमा भएकोले महिलाले शासित हुनुपरेको अवस्था चिर्नका लागि महिला स्वयम् जागृत भएर आएको प्रसङ्गबाट समाजमा परम्परागत लैङ्गिक संस्कृति भङ्ग हुँदै गएको र नवीन संस्कृतिको विकास हुँदै गएको देखिन्छ।

## ४. निष्कर्ष

स्रष्टा हर्ष स्याङ्बोको उपन्यास मखमली नवीन चिन्तन बोकेको उपन्यास हो । यस उपन्यासमा एकातिर राजनीतिक परिवर्तनका लागि युवावर्गको लगनशीलतालाई देखाउँछ भने अर्कोतिर समाजमा रहेका अन्याय, अत्याचार एवम् समाजमा रहेका भ्रष्ट संस्कृतिको समेत चिरफार गरिएको छ । नेपाली समाजमा आर्थिक विषमता रहेको र यसै विषमताका कारण युवावर्गले आफ्नो अध्ययनका साथै रोगजारसमेत गर्नुपरेको छ। वैदेशिक रोजगारमा जाने व्यक्तिको सङ्ख्या

बढ्दो छ। समाजमा रहेको आर्थिक विषमताले गर्दा राजनीतिक विद्रोहका घटना बढ्दै गएका छन्। परम्परागत सामाजिक चिन्तनमा धराप आउन लागेको छ। उपन्यासमा नेपाली समाजको सङ्क्रमणकालीन चित्र प्रस्तुत भएको छ । नर र नारीको सम्मिलनबाट नयाँ जीवनको जन्म हुने प्रक्रिया रोकिएपछि प्रविधिको सहयोगमा नयाँ जीवन धर्तीमा ल्याउन नयाँ पुस्ता सकारात्मक देखिएको छ। परम्परागत धर्म, राजनीति एवम् समाजका चिन्तन भङ्ग हुने क्रममा छन्। उपन्यासमा जे जसरी विषयवस्तु प्रस्तुत गरिएको छ, त्यस हिसाबले कलात्मक पक्ष सबल बन्नसकेको छैन । घटनाको शृङ्खलामा गतिमयता आउनसकेको छैन । अनेकन विषयवस्तु एकैपटक आउँदा उपन्यासको प्रभावकारितामा कमी आएको छ । आख्यानात्मक तन्तु जसरी उनिनुपर्थ्यो, त्यो हुनसकेको छैन । यति हुँदाहुँदै पनि नेपाली समाजमा पुरातन संस्कृतिको अन्त्य र नवीन संस्कृतिको आगमनका लागि लेखकले वैचारिक ऊर्जा पोखेका छन् । उपन्यासमा नेपाली समाजका विभिन्न कालखण्डका घटना प्रस्तुत भएकाले यो नेपालको सामाजिक, सांस्कृतिक इतिहासको एक दस्तावेज बन्नपुगेको छ।

## सन्दर्भ सामग्री

स्याङ्बो. हर्ष (२०६३). मखमली. काठमाडौँ : सहश्राब्दी प्रकाशन।

उप्रेती. सञ्जीव (२०६८). सिद्धान्तका कुरा. काठमाडौँ : अक्षर क्रियशन।

भट्ट. पुष्करराज. २०६९."शकुन्तलाको चिन्तन कथाको सांस्कृतिक अध्ययन". नवज्योति. ९/२. ५०. पृ.५०-५९।





# अभावमा मन

❖ जेबी खत्री



साउनको झरी परेर
उघ्रिएको आकाश
यदाकदा बादलका चोक्टा
डाँडाका थुम्का थुम्कामा
अल्मलिएर अडिएका वेला
धमिलिएर खोला, नदीनाला
सुसाउँदै सुसाउँदै बग्छन्।
आकाश छ्याङ्ग भए पनि
बारीमा सेताम्मे भएका
मकैका बोटहरू
हावामा हल्लिएर
पातहरू बज्दा पनि
मन बहकिँदो रहेछ!
तल तल खोलाकिनारमा
तौली धान पाकेर
पहेँलपुर हुँदा
अनुहार चाउरी परेकी
बुढी हजुरआमा
घरको पेटीमा
खोस्टाको पिरामाथि बसेर
झपक्क नुहेका
धानका बालाहरूतिर
हेर्दै भन्छिन्, 'हुनेको खोला खेतमा
धान पाक्छ
नहुनेको मन पाक्छ।'

❑ निबन्ध



# प्रगतिशील साहित्यका कुरा

❖ गणेश घिमिरे 'मार्मिक'

साहित्य समाजको ऐना हो । यसै धारणामा आधारित रहेर नै साहित्यिक स्रष्टाहरूबाट साहित्यिक सृजनाहरू हुने गरेको पाइन्छ। भनिन्छ, 'सुतेका मान्छेलाई व्युँझाउने र व्युँझिएकालाई दौडाउने चेतनाको माध्यम हो साहित्य ।' तर साहित्यका नाउँमा गरिने कतिपय सृजनाहरू दौडिएकालाई बसाउने र बसेकालाई सुताउने खालका पनि देख्नपाइन्छन् । यसखाले साहित्यले साहित्यका मर्मज्ञहरूलाई मर्माहत बनाउने कुरा त छँदै छ, सामान्य पाठकहरूलाई साहित्यप्रति नै वितृष्णा उत्पन्न गराउलान् भन्ने चिन्ता बढ्नु स्वाभाविकै हो ।

आफ्नो सृजनामा समाजलाई प्रतिविम्बन गर्नु कलासाहित्यका सर्जकहरूको धर्म हो । प्रगतिशील साहित्यका सर्जकहरूमा वर्गीय चेतना अपरिहार्य हुन्छ । वर्गीय चेतनाको अभावमा सृजित कलासाहित्यले वर्गीय भेदको सम्वोधन गर्नसक्दैन । वर्गीय भेदको सम्वोधन नभएको साहित्य प्रगतिशील साहित्य बन्नसक्तैन । यसो भनिरहँदा प्रगतिशील कलासाहित्यका सर्जकहरूले हाम्रो सामाजिक परिवेश, जनताको चेतनास्तर जस्ता कुराहरूको ख्याल नगरी आफ्ना रचनाहरूमा बिचारको थुप्रो मात्र लगाउन खोज्यौँ भने त्यस्तो सृजना न साहित्य बन्नसक्छ न त त्यसले अपेक्षित प्रभाव नै दिनसक्छ । त्यो त केवल सामान्य पाठकहरूमा साहित्यप्रति नै वितृष्णा उत्पन्न गराउने कोरा भाषणसिवाय केही हुनसक्तैन ।

साहित्यमा विचार र कलाको उचित संयोजन आवश्यक हुन्छ । बिचारविनाको कलात्मकता र कलात्मकताविनाको बिचारको कुनै अर्थ रहँदैन तर यसो भनिरहँदा हामी प्रगतिशील सर्जकहरूले बिर्सननहुने अर्को कुरा के पनि हो भने कलात्मकता र बिचारको संयोजन हुँदाहुँदै पनि क्लिष्टताबाट भने हामी बच्नै पर्दछ । प्रगतिवादी साहित्य सर्वसाधारणका लागि ग्राह्य हुनुपर्दछ। क्लिष्ट साहित्य सर्वसाधारण पाठकका लागि 'कागलाई बेल पाक्यो हर्ष न विस्मात' झैँ बन्नपुग्दछ । केवल लेख्नका लागि लेखिने साहित्यले विद्वता देखाउन मात्र त काम लाग्ला तर प्रभावकारी बन्दैन । तसर्थ हाम्रा सृजनाहरू सरल, ग्राह्य र सुबोध्य हुनु आवश्यक छ। तथापि सरलताका नाउँमा सस्तो गालीगलौज,

भाषण र नारावाजी भने साहित्यमा ग्राह्य हुँदैन । त्यस्ता कुरा नेते भाषणमा सुहाउला तर साहित्यमा सुहाउँदैनन् । कलात्मकता र विचारको अभावमा केवल फोस्रा आदर्शको खात लगाइएका सृजना बारीमा ठड्याइएका बुख्याँचा जस्ता मात्र बन्ने छन् ।

राजनीतिले साहित्यलाई निर्देशित गर्ने कि साहित्यले राजनीतिलाई ? भन्ने सबाल वहसको विषय बन्ने गरेको छ । यससम्बन्धमा सबैका आआफ्नै बिचार र तर्क हुनसक्छन् । गैरप्रगतिशील साहित्यको कुरै छोडौँ, आफूलाई प्रगतिशील साहित्यकार भन्न रुचाउने केही सर्जकहरूमा पनि यससम्बन्धमा अझै केही अस्पष्टता रहेको भान हुन्छ । आफूले आस्था राखेको राजनीतिक दल र त्यसका नेताले गर्ने निर्णय र व्यवहार नै प्रगतिशील साहित्यको सूत्र हो भन्ने भ्रमबाट गुज्रिएका साहित्यिक सृजनाहरू पनि हामी पढ्न र सुन्नपाउँछौँ । यथार्थ त्यो होइन । राजनीतिले साहित्यलाई होइन साहित्यले राजनीतिलाई निर्देशित गर्नसक्नु साहित्यकारको शक्ति हो र कर्तव्य पनि हो ।

भनिन्छ, 'साहित्यकार जहिले पनि सरकारको प्रतिपक्ष बन्ने गर्दछ ।' एक हदसमम यस कुरामा सत्यता पनि छ तर साहित्यकार जति भविष्यद्रष्टा हो, त्यति नै प्रगतिको पक्षधर र संवाहक पनि हो । यस अर्थमा उसले वैचारिकरूपमा आफूसँग मिल्ने सरकार होस् या नहोस् उसका नराम्रा कामप्रति निमर्ममतापूर्वक खबरदारी गर्ने र राम्रोलाई निसङ्कोच राम्रो भन्न सक्नुपर्दछ । यदि सरकारले जनपक्षीय काम गरेको छ, विकास र समृध्दिका पक्षमा काम गरेको छ भने त्यसको खुलेर समर्थन गर्नु हामी साहित्यकारको कर्तव्य पनि हो । यसले सरकारलाई नराम्रो काम गर्नबाट सचेत गर्ने र राम्रो काम गर्न प्रोत्साहित गर्दछ ।

प्रगतिशील साहित्य जनमुखी हुनुपर्ने पहिलो सर्त छँदै छ। जनमुखी हुनलाई जनताको जनजीविकासँग सम्बन्धित कुराहरूका सम्बन्धमा साहित्य बोल्नसक्नुपर्दछ । शोषित, दलित र श्रमिक वर्गको वर्गीय हित प्रतिविम्बित भएको साहित्य प्रगतिशील साहित्य बन्दछ । जनजीविकाका हरेक सबालहरू जस्तै श्रमको उचित मूल्याङ्कन, उत्पादन र वितरणको समुचित व्यवस्थापन, उत्पादनका अवसर स्रोतहरू, लक्षित वर्गलाई प्राप्त हुनुपर्ने सेवा र सुविधाहरू आदिका बारेमा प्रगतिशील साहित्य लक्षित हुनु आवश्यक छ । त्यसैगरी समाजमा व्याप्त अन्याय, शोषण, उत्पीडन, भ्रष्टाचार, दुराचार, कुप्रथा, अन्धविश्वास, सामाजिक विभेद, लागू औषध, चेलीबेटी बेचबिखन आदि जस्ता विकृति विसङ्गतिहरूका बिरुध्दमा प्रगतिशील साहित्य मुखरित हुनुपर्दछ । यस्ता साहित्यले मात्र जनचेतना जागृत गर्ने र विकृति विसङ्गतिहरू न्यूनीकरण गर्नमा सहायक बन्न सक्तछ ।

अब रह्यो प्रगतिशील साहित्यमा प्रेम र प्रणयको स्थान कति रहने भन्ने सबाल । यससम्बन्धमा प्रगतिवादीहरूमा पनि दुईखाले धार देखिने गरेको पाइन्छ । प्रगतिशील साहित्यमा प्रेम र प्रणयको उपस्थिति वर्जित हुनुपर्दछ भन्नेहरूको एउटा धार छ भने; होइन, प्रेम त शाश्वत सत्य हो, यसलाई शालीन

र सर्वग्राहीरूपमा साहित्यमा प्रतिविम्बित गर्नसकिन्छ भन्ने अर्को धार । वास्तवमा प्रेम शाश्वत सत्य हो । प्रेमबिना जीवन चल्न पनि सक्दैन । युध्दकालमा नेतृत्ववर्ग, लडाकु वर्ग र जनताबिचमा प्रेम हुन्छ तर विपक्षीसँगको व्यवहारमा प्रेमको गुञ्जायस रहँदैन । त्यस वेला सृजना हुने साहित्यमा प्रेमको उपस्थिति उचित नहोला तर युध्द सकिएपछिको सामान्य अवस्थामा प्रेमले जीवनको महत्त्वपूर्ण हिस्सा ओगटेको हुन्छ । जब मानिसहरूको जीवनको महत्त्वपूर्ण हिस्सा ओगटेर रहेको प्रेमलाई नै साहित्यमा स्थान दिइँदैन भने त्यस साहित्यको लोकप्रियतामा ह्रास आउनुलाई अस्वाभाविक मान्नसकिँदैन । युध्दपछिको समाजवादकालमा सोभियत सङ्घ र चीनमा पनि पनि जीवनका हरेक पक्षलाई समेटेर साहित्य लेखिएका छन् । हामी केवल क्रान्तिकालीन संस्कृतिको धङ्धडीबाट गुज्रन चाहिरहेका छौँ । मार्क्सवादले पनि प्रेमविवाहलाई स्वतन्त्रता दिएको छ नि । जब प्रेमविवाहको स्वतन्त्रता छ भने प्रेम गर्ने स्वतन्त्रता हुने कि नहुने ? जब प्रेम गर्ने स्वतन्त्रता हुन्छ भने साहित्यमा प्रेमको उपस्थिति किन अस्वीकार गर्ने ? भन्ने सबाल उठ्नसक्तछ ।

हो, प्रेमलाई प्रगतिशील साहित्यमा कसरी र कुन हदसम्म उपस्थित गराउने भन्ने सबाल महत्त्वपूर्ण छ । फ्रायडवादीहरूले झैँ प्रेमलाई यौनसँग मात्र जोडेर साहित्य लेखिनुपर्छ भन्ने मान्यता प्रगतिशील साहित्यमा ग्राह्य हुँदैन तर मानिसको जीवनसँग अभिन्नरूपमा गाँसिएर आएको प्रेम, प्रणयलाई अलग्याएर जीवन बाँच्न खोज्नु जति युक्तिसङ्गत हुँदैन, साहित्यमा त्यसैको मात्र चर्चा गरिनुपर्छ भन्नु पनि त्यति व्यावहारिक नहोला । आफू यौनवादी साहित्य मनपराउने अनि अरूलाई भने ब्रह्मको प्रचार गर्ने दोधारे चरित्रभित्र साहित्य रुमलिनुहुँदैन । मनमा एउटा कुरा राखेर बाहिर अर्को कुरा देखाउनखोज्दा हामी आडम्बरी बन्नपुग्दछौँ । यथार्थलाई स्विकार्ने साहस हामीले जुटाउनै पर्दछ । आफूलाई प्रगतिशील सर्जक मान्नेहरूले प्रेमलाई आफ्नो सृजनामा ल्याउँदा कसैले के भन्ने पो हो कि भनेर ' जोगीदेखि भैँसी डर, भैँसीदेखि जोगी डर' भने झैँ गर्नु जरुरी छैन । उसको सृजनामा प्रेम कुनरूपमा प्रस्तुत भएको छ भन्ने कुरामा उसको प्रगतिशीलताको परख हुने भएकाले यसतर्फ भने प्रगतिशील स्रष्टाहरू सचेत हुन जरुरी छ ।

हामी वास्तविक जीवनमा प्रेमलाई जसरी स्विकार्छौँ त्यही प्रेम र प्रणयका कुरा हाम्रा साहित्यमा लेख्न किन हिच्किचाउने ? सस्तो लोकप्रियताका लागि प्रेमलाई अश्लील र भद्दारूपमा प्रस्तुत गरेर साहित्यलाई केवल प्रेमको वर्णन गर्ने माध्यम मात्र बनाइनु अवश्य हुँदैन । तसर्थ प्रगतिशील साहित्यमा प्रेमलाई जीवनसँग गाँसेर कलात्मकरूपमा प्रगतिशील बिचार र भावनाहरूलाई यथार्थपरक ढङ्गबाट प्रयोग गरिएमा सबैखाले पाठकहरूका लागि हाम्रा रचनाहरू रुचिकर र लाभदायक हुनसक्लान् । यस यथार्थलाई मनन गरी जनसाहित्यको सृजना हुनसके प्रगतिशील साहित्यप्रतिको जनरुचिमा अभिवृद्धि हुनसक्ने कुरामा विश्वस्त बन्नसकिन्छ ।



# म अनागरिक

❖ तारा गाउँले

म अनागरिक
सहरको गल्ली गल्लीमा
पम्पविनाको मेरो साइकलको टायर
र
जुत्ताविनाको मेरो खुट्टाको छाला जस्तै
तिखो सिसा र
सेतालुगे बचनले
छेड्नै नसक्ने मन लिएर
बिशिष्ट नागरिकको
पेटमा चारो पुऱ्याउन
दौडिन्छु दिनभर
साँझ म थाकेको गोरु
खाली पेट गल्लीमा लम्पसार पर्छु
म अनागरिक !
नागरिकहरूको भाँडामा
चामल हाल्छु र
खालि पेट दौडन्छु
मरुभूमिमा र समुद्र किनारमा ।
खेत जोत्छु र बाली पाकेपछि
जिम्मा लाएर मालिकलाई
लुक्छु मलेसियाको जङ्गलतिर
दिनभर तेल भर्छु चिल्ला कारमा
र साँझ लुक्छु साउदीका बालुका थुम्कातिर !
म अनागरिक !
नागरिकहरूको भाँडामा चामल
हालिरहेछु ।
नागरिकता दिनेले भात दिएन
भात दिनेले नागरिकता दिएन
खै के दुस्मनी छ नागरिकता र भातको !
मलाई थाहा छैन
सिंहदरवारको कुर्सी होस कि
ह्वाइट हाउस
म अनागरिक !
जन्मिदाकै अनागरिक !
किन कसैले सोध्दैन
साइबेरियाबाट कोसी टप्पु
बसाइँ आएका चराहरूको
नागरिकता किन कसैले सोध्दैन
तिब्बतबाट हाम्रो खेतमा
चर्न आएका कर्‌याङकुरुङको नागरिकता !
म नक्सलबाट बाहुनडाँगी आएका
हात्तीहरूको नागरिता खोजियो !
चारो खोज्न आए उनीहरू धर्तीमा
चारो खोज्दै गएँ म पनि अर्को देशमा
फरक यति मात्रै रह्यो
उनीहरू सिङ्गो धर्तीमा हिँडिरहे छन्
म टुक्रा टुक्रा देशमा
देशभित्र टुक्रा टुक्रा पहाडमा
मधेसमा पहाड
मधेसभित्र जाति, भाषा र भेषमा
टुक्रा टुक्रा भएका मनमा
माटोको सुवास भए पनि देहमा
खल्तीमा लालपुर्जा नभएको
म अनागरिक !
आफ्नो भाँडो रित्तै राखेर
नागरिकहरूको भाँडामा
चामल हालिरहेछु
म अनागरिक !

❑ लघुकथा

# समानता





❖ दुर्गा वनवासी

कौसीमा पानीको पाइप जडान गर्नको लागि पुरानो पाइप निकालेर पुनः प्लास्टर गर्नुपर्ने भएकोले दुई पुरुष र एक महिला कामदार खटिएका थिए । बिदाको सदुपयोग गर्दै घरबेटीसँगै म पनि उक्लिएँ । जेठ मासको टन्टलापुर घाम ! महिला श्रमिक पातलो पारदर्शी सलले अनुहार ढाकेर छतको पत्र उप्काउँदै थिइन् । पुरुषकर्मीहरूले पनि फेटा बाँधेर नाकमुख छोपेका थिए । गिट्टीका टुक्रा र बालुवा उडेर कौसी धुलाम्य थियो । सानाठुला ढुङ्गाका टुक्राहरू यत्रतत्र उछिट्टिरहेका थिए । म नाक थुन्दै र आँखा जोगाउँदै हेर्दै थिएँ । पल्लो कुनामा एउटी ५/६ वर्षकी बच्चीलाई थोत्रो छाताले छेकेर बोरामा सुताइएको देखेँ । ती महिलाकर्मीले बच्चा हेर्ने कोही नभएकोले साथै लिएर आएकी रहिछन् । स्कुल जान थालेकी भए पनि छुट्टी हुनासाथ उसलाई लिन जान तिनले पाउन्नथिन् । कता कता सारै नमिठो लाग्यो -अर्काको निर्माण गरिदिने मजदुरको नियति देखेर !

अनायासै पल्लो घरको कौसीमा आँखा परे । घर मालिक्नी र उनकी सेविका मिलेर सानो सेतो छाउरोलाई नुहाइदिँदै थिए । तल गल्लीमा हल्ला सुनियो, जुलुस रहेछ । नजिकिदै गएको जुलुसको ठुलो, रातो ब्यानरमा नजर ठोक्किए । सारा मजदुर, उद्योगपति, हरेक जाति, वर्ग, लिङ्ग तथा धर्म समान भएको नारा जोडतोडले चर्किँदै थियो । जुलुस गइसकेपछि फेरि एकपटक पल्लो घरको कौसीमा हेरेँ । सेतो छाउरो नुहाइसकेर टाउको र जिउ झट्कार्दै मालिक्नीलाई शीतल मनोरञ्जन प्रदान गर्दै थियो । यता हेरेँ, बच्ची औँलो चुसिरहेकी थिई । धुलो र ढुङ्गाबाट बचाउन उसकी आमाले ओढाइदिएको छाता ढलपल ढलपल गर्दै थियो !

# प्रश्नपत्र जिन्दगीको कवितासङ्ग्रह पढेपछि

❖ **अरुणबहादुर खत्री "नदी"**




कवि थीरलोचन श्रेष्ठको प्रश्नपत्र जिन्दगीको नामक कवितासङ्ग्रह २०७३ सालमा ऐश्वर्य प्रकाशन प्रा.लि.द्वारा पहिलो कृतिको रूपमा प्रकाशित भएको छ। यस कृतिभित्र कविद्वारा लेखिएका मानिस तिम्रो धर्म के, ओ प्रियतमा, र, फगत खरानी, जुनेली आकाशमा तैरिँदा, विदेशबाट देश हेर्दा, हुटहुटीलगायत विभिन्न शीर्षकका ५१ वटा कविताहरू समावेश छन्।

खै कवि पो भइन्छ कि ? शीर्षकको कविताभित्र खै कवि पो भइन्छ कि ? कवितैकविताको सिरानी, दायाँ बायाँ कविताकै पहाड कविताकै चिर्कटो भनिएको छ। तिमीलाई मैले भुल्ने र मलाई सासले भुल्ने समय एउटै हुँदो रहेछ। मौका बनेर कति तार्‍यौ होला, सगरमाथा बिलायौ होला, कति हिमाल उठायौ होला निशाचरी शीर्षकको कवितामा लेखिएको छ। सपना बुन्न र उद्देश्य चिन्न न कसैले सिकायो न आफैँ सिक्यो रामे यसै खस्कियो उसै खस्कियो जसरी खस्किएथे पुर्खा ! रामे फसेछ शीर्षकको कविताभित्र लेखिएको छ। उनका कविताहरू प्रेमका विविध रूप लिएर विस्तारित भएका देखिन्छन्। कतै अग्लिएर हिमालय भएका छन्। कतै समुद्र मातृप्रेम र देशप्रेमका सन्दर्भमा थीरलोचनले कविता लेखेका रहेछन्। कवि थीरलोचनका कविताहरू भावनात्मक मात्र छैनन्, जीवन र जगत्को वास्तविक छवि चित्राङ्कनमा जति सक्षम छन् त्यति नै प्रयोगका दृष्टिले पनि बेजोड र सशक्त छन्। कवि थीरलोचनको हृदय भावुक छ। उनलाई राष्ट्रको अगाध माया छ। त्यसैले त उनी भावनामा र कर्मशीलतामा नेपाललाई देख्ने गर्छन्। राष्ट्रका अङ्गसित समाहित हुनपुग्दछन् :

पल पल हर्षाश्रु खसाइरहे
साक्षात् देवकोटा आएछन्
सालिक बनेका नेपाली साहित्य सम्झेर।

सरकार ! तिमी मर्दा मलामी चाहिन्छ भने तिमीले बोलेका गरेका कुकर्म जलाउन दागबत्ती चाहिन्छ भने अझै समय छ सरकार। मलामी शीर्षकको कवितामा कविले लेखेका छन्। उनका कविताहरूमा युवाचेतना र भावनाजनित तरङ्गहरू भेटिन्छन्। उनका प्रायःजसो कविताहरूमा सम्बोधित पात्र भेटिन्छन् जो तिमी र तिम्रो जस्तो शब्दले सम्बोधनको परिवेशभित्र पार्छन्। माकुरा बनाऊ, जो बनाउने छ सुरक्षा कवच ! गधा बनाऊ जसले बेच्ने छ श्रम पसिना जनबोली शीर्षकको कवितामा लेखिएको छ। सुरिलो बोली, मिठास भरिएको मुस्कान, गाग्री

बोकी हिँड्दा ढल्किएको लचकता यसै कसै तिम्रो फ्यान भएँ म, तिमी मलाई यस्तै लाग्यो शीर्षकको कवितामा कवि लेख्दछन् । कवि थीरलोचनले साठीको दशकदेखि कविता लेख्नथालेका रहेछन् । कविताका साथै गीत र गजलमा पनि उनी कलम चलाउँछन् :

*स्मृतिका पानामा सजाउन हैन*
*वर्तमानका पलहरूमा जन्मदिनलाई*
*उपहार सम्झेर प्रकृतिको लीलालाई*
*कोटि कोटि प्रणाम अर्पण गर्दछु ।*

ढल्किदै गएको साँझ, त्यही साँझको आँडमा पिउँदै छन् जनताको रगत गोधूलि साँझ शीर्षकको कवितामा लेखिएको छ । दिन दुखेकै थियो रात अलिक शान्त थियो आज कठै रात झनै बेसी दुख्यो, खिल पल्टेको देश मेरो उनको कवितामा उल्लेख गरिएको छ । अरुण र मान्छे शीर्षकको कवितामा अरुण तिमीले तारिरह्यौ, यात्री पुरयायौ गन्तव्यसम्म जितायौ, इनाम दिलायौ नाम कविले लेखेका छन् । कविले सरल र सहज भावमा सबैले बुझ्नेगरी स्वच्छन्दतावाद र मानवतावादका अन्तर्भावहरूको संवेदनशीलतालाई मिठासपूर्ण संयोजनमा यस कवितासङ्ग्रहमा प्रस्तुत गरेका छन् :


**'अविच्छिन्न प्रकाशित भइरहेको साहित्यिक पत्रिका**

**शब्द-संयोजन**

**मासिक'**

**पढ्नुहोस् ।**


*म रुपियाँमा खेल्छु*
*हुँदै नभए उपियाँमा खेल्छु*
*तिमी खोकामा खेल्छौ*
*हुँदै नभए भोकामा खेल्छौ*

कवितामा शब्दको साधना र विम्बमय अभिव्यक्तिको कलाले अझै उचाइमा पुग्न खोजिरहेको छ । शिखरयात्राको साधनाले तिव्रता पाओस् र उनको कवितालेखन अगाडि बढ्दै जाओस् । आउँदा दिनमा अरू कविताहरू जन्मन सकुन् भन्ने चाहन्छु । मेरो हार्दिक शुभेच्छा ।

## ❑ गजल



### ❖ जनार्दन अधिकारी 'धड्कन'

शासन छैन यो देशमा सुशासन अझै पर
भ्रष्टाचार छ उम्रेको पारदर्शी कहाँ छ र ?

हिजोसम्म लिने गर्थे राखी हात तलै गरी
आज हाकी लिने गर्छन् फिँजाएर थलैभरि ।

देशलाई सुताएर आफू जागा सधैँभरि
देश चुसी धनी बन्छन् मोटाएर किरासरि ।

सन्तोष छैन लौ आज जति पैसा भए पनि
छैन चिन्ता कसैको यो जो लौ जहाँ गए पनि !

रोजगारी अभावैले युवा गए विदेशमा
हुँदै छ बृद्धको देश अब एकै निमेषमा ।

समय खेर जाँदै छ सोच्दैनौ त अझै पनि
गड्ने छौँ भासिएरै त्यो माग्नु छैन गुहार नि ।

*नैकाप, काठमाडौँ*

# देविका तिमिल्सिनाको कथाकारिताबारे परिचर्चा

नेपाल वाङ्मय परिषद्को आयोजनामा हालै राजधानीमा कथाकार देविका तिमिल्सिनाको कथाकारिता र उनको नवीनतम कृति 'पृथ्वी आफ्नै अक्षमा घुमिरहेछ' माथि परिचर्चा कार्यक्रम सम्पन्न भएको छ। कथाकार तिमिल्सिनाको कथाकृतिमाथि आरएम डङ्गोल र डा.शान्तिमाया गिरीले आफ्ना अभिमत राखे भने पुरुषोतम सुवेदीले कथाकार तिमिल्सिनाको व्यक्तित्व एवम् उनको कथायात्राका बारेमा चर्चा गरेका थिए । कार्यक्रममा आख्यानकार नारायण ढकाल, इस्माली, गोपाल अश्क, पवन आलोकले लेखकलाई शुभकामना दिनुका साथै समकालीन नेपाली कथा लेखनका प्रवृत्तिका बारेमा चर्चा गरे ।

कृतिमाथि समीक्षाका क्रममा समालोचक डा. शान्तिमाया गिरीले तिमिल्सिनाका कथामा निम्नवर्गीय पात्रको जीवनका साथै अभिघातको प्रयोग भएको विचार व्यक्त गरिन् । उनले अभिघातका सिद्धान्तअनुसार यस कृतिमा हिंसात्मक गतिविधिको समर्थन भएको एवम् फरक विचारप्रति असहिष्णु भएकोतर्फ सङ्केत गरिन् । अर्का समीक्षक आर.एम.डङ्गोलले यो कृतिमा नेपालको राजनीतिक आन्दोलनमा पञ्चायतकालदेखि वर्तमानसम्मको समय आएको र वर्गीय पक्षधरतासहित आएकोले प्रगतिशील धारको प्रतिनिधित्व गरेको विचार राखे। डङ्गोलले तिमिल्सिनाका कतिपय कथामा आलोचनात्मक यथार्थवादसमेत आएको विचार व्यक्त गरे। समीक्षक पुरुषोतम सुवेदीले तिमिल्सिना नेपालको वाम आन्दोलनमा सशरीर सङ्घर्षको मैदानका साथै लेखनमा पनि सशक्तरूपमा आएको कुरा राखे । उनले तिमिल्सिनाका कथामा विचारको पक्ष सशक्तरूपमा आएको र उनी जनपक्षधर स्रष्टा भएको विचार व्यक्त गरे ।

सो परिचर्चा कार्यक्रम नेपाल वाङ्मय परिषद्का अध्यक्ष डा.पुष्करराज भट्टको अध्यक्षता एवम् प्रगतिशील लेखक सङ्घका अध्यक्ष तथा प्राज्ञ मातृका पोखरेलको प्रमुख आतिथ्यमा सम्पन्न भएको थियो ।

# अविरल जनसाहित्य यात्रा-४७ सम्पन्न

जेठ ११/जनसांस्कृतिक महासङ्घको संयोजन र जनसाहित्यिक मञ्च नेपालको व्यवस्थापनमा जनसांस्कृतिक महासङ्घको सभाकक्ष, बागबजारमा 'अविरल जनसाहित्य यात्रा'को ४७ औँ शृङ्खला सम्पन्न गरियो । वरिष्ठ दार्शनिक, चिन्तक गोपिरमण उपाध्यायले ' मार्क्सवादी दर्शन र समकालीन नेपाली संस्कृति' विषयमा मल्टिमिडियाका माध्यमबाट विशद चर्चा गर्नुभयो ।




उक्त समारोहको संयोजन गर्नुहेने डा. भागवत आचार्यले योपटक वरिष्ठ चिन्तक, सौन्दर्यशास्त्री गोपिरमण उपाध्यायबाट ' मार्क्सवादी दर्शन र समकालीन नेपाली संस्कृति' विषयमा केन्द्रित रही प्रशिक्षणमूलक पनि र अन्तरक्रियामूलक पनि विशद परिचर्चा गर्ने उद्देश्यले यो विशेष समारोहको आयोजना गरिएको जानकारी दिनुभयो। साथै डा.भागवत आचार्यले गोपिरमण उपाध्यायको व्यक्तित्वका बारेमा समेत सङ्क्षिप्त प्रकाश पार्नुभयो ।

समारोहमा गोपिरमण उपाध्यायले मल्टिमिडियाका माध्यमबाट उल्लेखित विषयमा करिब डेढ घण्टा लगाएर विषयवस्तुलाई प्रकाश पार्नुभएको थियो भने उपस्थित विद्वान व्यक्तित्वबाट अन्तरक्रियासमेत भएको थियो ।

# साहित्य सन्ध्याको ३८४ औँ शृङ्खला सम्पन्न

जेठ ५/ सांस्कृतिक संस्थान, मदन भण्डारी कला-साहित्य प्रतिष्ठान र साहित्य सन्ध्याको संयुक्त आयोजनामा राष्ट्रिय नाचघरको सभाकक्षमा 'समृद्धिका लागि साहित्य' विषयक अवधारणापत्र प्रस्तुत गर्नुका साथै विशेष कविगोष्ठी गरी साहित्य सन्ध्याको ३८४ औँ शृङ्खला सम्पन्न भयो । डा.विजय सुब्बाले अध्यक्षतामा र कार्यक्रमको सञ्चालन डा.विन्दु शर्माले गर्नुभएको थियो । उक्त विशेष समारोहका प्रमुख अतिथि संस्कृति मन्त्री माननीय रवीन्द्र अधिकारी हुनुहुन्थ्यो भने अतिथिहरूमा मदन भण्डारी फाउन्डेसनका देवराज घिमिरे, नेपाल प्रज्ञाप्रतिष्ठानका सदस्य-सचिव प्रा.डा.जीवेन्द्र देव गिरी, सांस्कृतिक संस्थानका महाप्रबन्धक राजेश थापा, प्रगतिशील लेखक सङ्घका अध्यक्ष प्राज्ञ मातृका पोखरेल, साहित्य सन्ध्याका अध्यक्ष राम विनय आदि हुनुहुन्थ्यो ।




उक्त विशेष गोष्ठीमा आमन्त्रित कविहरू डा.रामप्रसाद ज्ञवाली, कणाद महर्षि, उमेश उपाध्याय, विधान आचार्य, सुलोचना मानन्धर, आर.एम.डङ्गोल, लक्ष्मी माली, धीरेन्द्र प्रेमर्षि, रमेश शुभेच्छु, अनिता लामा र विना थिङले समृद्धिसँग सम्बन्धित आआफ्ना कविता वाचन गर्नुभएको थियो ।

प्रमुख अतिथि माननीय मन्त्री रवीन्द्र अधिकारीले मुलुकको समृद्धि कला, साहित्य र संस्कृतिको विकासविना हुनु सम्भव छैन भन्ने धारणा राख्नुभयो । मदन भण्डारी फाउन्डेसनका सदस्य देवराज घिमिरेले समसामयिक विषयमा फाउन्डेसनले बहसको प्रारम्भ गरेको र त्यसको थालनीका रूपमा यो विशिष्ट समारोहको आयोजना गरिएको जानकारी दिनुभयो भने सभाध्यक्ष डा.विजय सुब्बाले यो वर्षभरि नै मदन भण्डारी कला साहित्य प्रतिष्ठानले समृद्धिका लागि साहित्य विषयमा विभिन्न कार्यक्रम गरिरहने जानकारी दिनुभयो ।

# रिमालको 'बारपाक' कम्पकाव्य सार्वजनिक

काठमाडौँ । श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री गोकर्ण विष्टले राष्ट्रिय समाचार समितिका वरिष्ठ कार्यकारी सम्पादक श्याम रिमालले लेख्नुभएको कम्पकाव्य 'बारपाक' हालै सार्वजनिक गर्नुभएको छ ।

'त्रिशूली प्रवाह' साप्ताहिक नुवाकोटद्वारा प्रकाशित कृतिमा राहतमा भएको अनियमितता, राजधानीका सम्पदामा पुगेको क्ष्यति, भूकम्पले ल्याएको नयाँ अवसर जस्ता विषयमा लेखिएका २१ वटा छोटा छोटा कविता समाविष्ट छन् ।



प्रेस चौतारी नेपाल रासस पत्रकारिता सम्मान तथा पुरस्कार वितरण एवम् काव्य विमोचन समारोहमा उहाँले रिमालको कृति भविष्यका पुस्ताका लागि अध्ययनको दस्तावेज बन्ने बताउनुभयो।

कार्यक्रममा कृतिमाथि टिप्पणी गर्दै दीपेन्द्र अधिकारीले प्रकृतिले विनाश गरेको कुरालाई लेखकले सास्कृतिक विम्ब प्रयोग गरी मिठासपूर्णरूपमा कविता र हाइकुमार्फत व्यक्त गरेको बताउँदै साहित्यकार जति पीडामा हुन्छ त्यति नै बढी सशक्त भएर लेख्ने गर्छन् भन्नुभयो। साहित्यकार रामकुमार पाँडेले लेखकले भूकम्पमा आफूले देखेभोगेका कुरालाई कवितामार्फत प्रस्तुत गरेकाले कृतिलाई दृश्य साहित्यको संज्ञा दिनुभयो।

कार्यक्रममा राससका अध्यक्ष कुलचन्द्र वाग्लेले बारपाक कृति सानो भए पनि यसले दिने सन्देश ठुलो भएको बताउनुभयो। राससका महाप्रबन्धक ओपेन्द्र शर्माले रिमालको कृतिले समाज परिवर्तन गर्न सहयोग पुऱ्याउने बताउनुभयो । नायब महाप्रबन्धक सुरेन्द्र नेपालीले रिमालको कृतिबाट सरल भाषामा भूकम्पलाई बुझ्न सहयोग मिल्ने बताउनुभयो। प्रेस चौतारी नेपालका अध्यक्ष गणेश बस्नेत र प्रेस सेन्टर नेपालका अध्यक्ष महेश्वर दाहालले नेपाली समाज भूकम्पपछि कता जाँदै छ भन्ने सन्देश कृतिले दिएको उल्लेख गर्नुभयो।




# बजारमा कृति

**पुस्तक : स्वप्नदृष्टि**

**विधा : यात्रा–महाकाव्य**

**लेखक: रामप्रसाद ज्ञवाली**

**प्रकाशक : ऐरावती प्रकाशन प्रा.लि.**

**मूल्य : सामान्य गाता रु.३३५।–**

**कडा गाता रु.५२५।–**

❑ अनुभूति



# स्रष्टाले मुलुकको शान्ति र समृद्धिको पक्षमा सिर्जनारत रहनुपर्दछ

❖ गङ्गाप्रसाद उप्रेती

आज लोकार्पित कवितासङ्ग्रहका कवि तथा उपस्थित सम्पूर्णलाई नववर्षको हार्दिक शुभकामना । कानुनको क्षेत्रमा ज्यादै महत्त्वपूर्ण योगदान गर्नुभएका डा.भरत कार्कीको अन्तस्करणको कविव्यक्तित्व यो सङ्ग्रहका माध्यमबाट उजागर भएको छ र यो अवसर आफूलाई प्राप्त भएकोमा धन्यवाद दिन्छु । स्रष्टाको सिर्जना पाठकसामु नपुग्दासम्म त्यसले पूर्णता प्राप्त नगर्ने हुँदा आजको यो समारोह प्रकाशक, आयोजक र स्रष्टाको त्रिवेणी बन्नपुगेको छ । स्रष्टा कानुनका विज्ञ भएकाले अपरिचित जस्ता लागेका भए पनि स्रष्टाको अन्तरमनको संवेदनशीलतालाई २०७२ को भूकम्पले, त्यसपछि निर्मित संविधानले उजागर गरिदियो र कविताकृतिका रूपमा बाहिर आयो ।

२०३० सालमा राजबन्दी भएर म केन्द्रीय कारागारमा रहेका वेला कवि कार्की मेरो एम.ए.को परीक्षा लिन आउँदा परिचय भयो । २०३२ मा जेलबाट छुटेर राजविराजमा पढाउँनजाँदा उहाँ पनि राजनीतिशास्त्रको शिक्षक भएर त्यहीँ आउनुभयो र फेरि भेट भयो । त्यहीँ ल कलेज खुल्यो, त्यसैमा हामी पढाउनथाल्यौँ । केशवप्रसाद उपाध्यायसहित नेपाली भाषा बोल्ने हामी तीन जना भयौँ । न्यायाधिस चूडामणि अधिकारी, कृषि विकास बैङ्कका अनिरुद्ध तिम्सिना, पत्रकार शिशिर देवकोटा मिलेर नेपाली भाषा र साहित्यको उत्थान गर्ने उद्देश्यले शनिबार पारेर साहित्यगोष्ठी गर्नथाल्यौँ । हाम्रो यो अभियानमा विद्यार्थीसमेत सामेल भए । यो भाषा बचाउ अभियान विस्तारै निरङ्कुशताविरोधी विचारसम्प्रेषणको थलोसमेत बन्दै गयो । कार्कीजी ३४।३५ सालतिर कानुन सङ्कायमा जानुभयो र म काठमाडौँ सरेर आएँ । त्यो अभियान आज संस्थागतरूपमा साहित्य सन्ध्या बनेर नेपाली साहित्यको इतिहासमा गरिमामय संस्थाको रूपमा विकास भएको पाउँदा मलाई अत्यन्त गौरवबोध भइरहेको छ । त्यही राजविराजको वातावरणले कार्कीजीलाई कवि बनाएको छ । उहाँको अन्तस्करणमा सुषुप्त कविचेतनालाई भूकम्प र नाकाबन्दीको पीडाले जगाइदिएको र स्वाभिमान उजागर गर्ने कार्य भएकाले उहाँको साहित्यिक यात्रा सुरु भएको हो । उहाँ राम्रा कथा पनि लेख्नुहुन्छ र छिटै प्रकाशन पनि होला ।

मानिसले भोगेको पीडाले पनि साहित्यसिर्जना गराउँछ, त्यसतर्फ प्रेरित गर्दछ । सक्रियताले उत्प्रेरणा प्रदान गर्दछ, ऊर्जा प्रदान गर्दछ । कविताका बारेमा डा.नेत्र एटमले बोलिसक्नुभएको छ । यी कविताले समसामयिक सन्दर्भलाई टिपेका छन् । आजको यो विशेष समारोह आयोजना गर्ने साहित्य सन्ध्यालाई इतिहासको जब्बर स्थानसम्म पुर्‍याउने, अभियान हाँकिरहने साथीहरूले महत्त्वपूर्ण योगदान गर्नुभएको छ । यो योगदान ऐतिहासिक, स्तुत्य र सराहनीय छ । विश्वासिलो जनमतका साथ बनेको अहिलेको सरकारले मुलुकको समृद्धिमा योगदान देओस् । हामी स्रष्टाले पनि शान्ति र समृद्धिका पक्षमा वस्तुपरकरूपमा आलोचक भएर सिर्जनारत रहनुपर्दछ । यो गरिमामय समारोहमा यत्ति कुरा राख्नपाउँदा आफूलाई गौरवबोध भएको छ भन्नुभयो ।

*-रमेश पोखरेल (२०७५।१।१ मा 'महाँभूकम्पको संविधानयात्रा' कवितासङ्ग्रहको लोकार्पणपछि व्यक्त मन्तव्यमा आधारित)*